सम्वृद्ध शिवराजको आधार गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी, व्यवसायिक,
समावेशी, निःशुल्क तथा अनिवार्य शिक्षा पहिलो पूर्वधार



# शिवराज नगरपालिकाको

# नगर शिक्षा योजना



## (Municipal Education Plan)

## २०८२/०८३ देखि २०८६/०८७

मिति २०८२।०३।०८ गतेको नगर कार्यपालिकाको बैठकबाट स्विकृत








**शिवराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चन्द्रौटा, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

**असार, २०८२**

समृद्ध शिवराजको आधार गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी, व्यवसायिक, समावेशी, नि:शुल्क तथा अनिवार्य शिक्षा पहिलो पूर्वधार

# शिवराज नगरपालिकाको

# नगर शिक्षा योजना

## (Municipal Education Plan)

२०८२/०८३-२०८६/०८७

मिति २०८२।०३।०८ गतेको नगर कार्यापालिकाको बैठकबाट स्विकृत

**शिजराज नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**चन्द्रौटा, कपिलवस्तु**

**लुम्बिनी प्रदेश, नेपाल**

**असार, २०८**

प्रकाशक : शिवराज नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प्रकाशन प्रति :

सर्वाधिकार : प्रकाशकमा

मुद्रण :

**सल्लाहकार समिति**

प्रमुख : श्री अजय थापा, शिवराज नगरपालिका

उप प्रमुख : श्री शिव कुमारी चौधरी ,शिवराज नगरपालिका

**शिक्षा योजना निर्माण कार्यदल**

संयोजकः श्री बाबुराम पौडेल

सदस्यः श्री पूर्णबहादुर विश्वकर्मा

सदस्यः श्री दिनेश कुमार चौधरी

सदस्यः श्री देवीराम रावत क्षेत्री

सदस्यः श्री हेमराज शर्मा

सदस्यः श्री नामदेव खनाल

सदस्यः श्री कमलप्रसाद पौडेल

**सम्पादन मण्डल**

संयोजकः श्री पूर्णबहादुर विश्वकर्मा

सदस्यः श्री हेमराज शर्मा

सदस्यः श्री हेमराज थारु

प्राविधिक सहयोगः कालिका स्वावलम्बन सामाजिक केन्द्र, तौलिहवा, कपिलवस्तु

## शुभकामना मन्तव्य

शिक्षाले जीवन निर्वाह गर्न सहयोग गर्न सक्नुपर्छ । आदर्श, नैतिकवान्, चारित्रवान् र सिर्जनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । शिक्षा देश विकास र समृद्धिको मूल आधार हो भने मानव जीवनको अपरिहार्य आवश्यकता हो । यसर्थ न्यूनतम  रूपमा आधारभूत तहको शिक्षा प्राप्त गर्नु मानव अधिकारको रूपमा लिइएको छ भने नेपालको संविधान २०७२ ले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी शिवराज नगरपालिकाको शिक्षाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप जस्ता पक्षहरू यस शिक्षा योजनाले निर्धारण गरेकोमा मलाई खुशी लागेको छ । यस ५ वर्षे आवधिक शिक्षा योजनाको कार्यान्वयनबाट शैक्षिक समस्याहरूलाई समाधानमा कोसे ढुङ्गा हुने अपेक्षा लिइएको छ। यसका लागि आवश्यक पर्ने विद्यालयको भौतिक पूर्वाधार विकास तथा सूचना प्रविधिको न्यूनतम सुविधा, अभिभावकहरूको सकारात्मक सहयोग तथा शिक्षकहरूको तालिम व्यवस्थापन, शिक्षकहरूमा उत्प्रेरणा र आत्मबल विकास, शैक्षणिक सामग्री उपलब्धता, विद्यालय प्रशासन तथा व्यवस्थापनमा सुधार, अभिभावक क्षमता विकास र समुदाय परिचालन जस्ता शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्ने आशा लिएको छु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारमा रहेका शिक्षाका २३ ओटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको ५ वर्षे योजना, शिक्षा नीति २०७६, आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । गुणस्तरीय विद्यालय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा लिएर उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराउनु पर्ने चुनौती पनि हाम्रो सामु रहेको छ। यी चुनौतीहरूलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुऱ्याउने छ । शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकीकृत रूपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु । योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरू, शिक्षाप्रेमी, बुद्धिजीवी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक संघ संस्थाका पदाधिकारीहरू र शिक्षाका राष्ट्रसेवक कर्मचारीहरूको निरन्तर परिश्रम र लगनशीलताले महत्त्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक, आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु ।

अन्तमा यो ५ वर्षे (२०८२/८३-२०८६/८७) आवधिक शिक्षा योजना तयार गर्नु आफैँमा चुनौतीपूर्ण कार्य हो । स्रोत पहिचान एवम् व्यवस्थापनको काम समेत चुनौतीपूर्ण रहेको छ । योजना कार्यान्वयनमा सरोकारवालाको अपनत्व हुने अपेक्षा लिएको छु । अन्तमा यस आवधिक शिक्षा क्षेत्रको योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

अजय थापा
नगर प्रमुख

## शुभकामना मन्तव्य

बालबालिकामा रहेको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्ने गराउने वातावरण घर, परिवार र विद्यालयमा सिर्जना गर्न सक्नु हामी सबैको कर्तव्य हो । शिक्षाको विकास बिना नगरपालिकाको विकासको परिकल्पना पनि गर्न सकिँदैन । मानवीय सर्वाङ्गीण विकासका लागि शिक्षा अपरिहार्य हो। यस महत्त्वपूर्ण विषयवस्तुलाई आत्मसात् गर्दै वर्तमान ऐन, कानुन, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, शिक्षा क्षेत्र योजना तथा विभिन्न ऐन, कानुनको परिधि एवम् नगरपालिकाले शिक्षासम्बन्धी अवलम्बन गरिएका नीति, कार्यक्रम तथा बजेटको प्रतिबद्धतासमेतलाई समेटेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग छलफल गरी निर्माण गरिएको यो शिक्षा योजना नगरपालिकाको समग्र शैक्षिक विकासका लागि महत्त्वपूर्ण दस्तावेज हुनेछ।जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले जनतासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने कुराहरू लगायत आधारभूत आवश्यकताहरूको सम्बोधन गर्ने कर्तव्य स्थानीय तहको पनि हो। शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, व्यापार, कृषि, पशु लगायतका विषयमा प्रत्यक्ष र परोक्ष रूपमा स्थानीय सरकार र जनताको सम्बन्ध रहेको हुन्छ भने जनजीविका र रोजगारीका सन्दर्भमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ।

गुणस्तरीय जीवन निर्वाह गर्न शिक्षाले सहयोग गर्न सक्नुपर्छ, त्यसको निम्ति नैतिक शिक्षा, आदर्श, चारित्रवान् र सिर्जनशील एवम् वैज्ञानिक चिन्तन भएको जनशक्ति निर्माण गर्न शिक्षाले सघाउनु पर्छ । गुणस्तरीय शिक्षाका लागि सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा लिएर उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराउनुपर्ने चुनौती पनि हाम्रो सामु रहेको छ। यी चुनौतीहरूलाई समुदाय परिचालन, अभिभावक सक्रियता र सचेतनाका माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुऱ्याउने छ । योजनाको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक, शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरू, शिक्षाप्रेमी, बुद्धिजीवी व्यक्तित्वहरू, समाजसेवीहरू, राजनैतिक दलका पदाधिकारीहरू, सामाजिक संघ संस्थाका पदाधिकारीहरू र राष्ट्रसेवक कर्मचारीहरूको अविछिन्न परिश्रम र लगनशीलताले महत्त्वपूर्ण भूमिका खेल्ने नै छ। हाम्रो शैक्षिक विकासमा यस योजनाले सहयोग पुग्नुका साथै सामाजिक, आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु।

अन्तमा यस पाँच वर्षे (२०८२/८३-२०८६/८७) दीर्घकालीन शिक्षा क्षेत्रको योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

शिवकुमारी चौधरी
उपप्रमुख

## शुभकामना मन्तव्य

शिक्षा प्राप्त गर्नु व्यक्तिको आधारभूत आवश्यकताका साथै मौलिक हकको रुपमा स्थापित हुन आउँछ । लोकतान्त्रिक मूल्य मान्यतामा आधारित रहेर समाजवाद उन्मुख राष्ट्र निर्माणमा शिक्षाको महत्त्वपूर्ण भूमिका हुन आउँछ। व्यक्तिको आनीबानीमा परिवर्तन गरी सामाजिकरण गर्दै राष्ट्र निर्माणमा यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। सबैका लागि शिक्षा सहज एवम् पहुँच र निरन्तरताको सुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ, सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन आवश्यक हुन आउँछ।

शिक्षाले व्यक्ति समाज र राष्ट्रको परिवर्तन गर्ने महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको जिम्मेवारी हुन आउँछ। शिक्षाका समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, लगानीमा वृद्धि, शैक्षिक सुधारका कार्यक्रमहरूको छनौट र कार्यान्वयन गर्नु जरुरी हुन आउँछ। शिक्षाका राष्ट्रिय, तहगत उद्देश्यहरू पूरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति लिई कार्यान्वयन गर्नु जरुरी पर्दछ।

नगरपालिकाको शिक्षा नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि यो योजना आफैँमा पथ प्रर्दशकको एउटा दस्तावेज भएको हुनाले यसका लक्ष्य, उद्देश्य र कार्यक्रमहरू केही बढी महत्त्वाकांक्षी पनि हुन सक्छन् भने कतिपय कार्यक्रम छुटेका र दोहोरिएका पनि हुन सक्छन् । यसर्थ यसको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वर्ष यसै योजनाका आधारमा वार्षिक कार्यक्रम कार्यान्वयन रणनीतिक योजना निर्माण गर्नु आवश्यक हुन्छ। तथापि शिवराज नगरपालिकाले नगरक्षेत्र भित्रका शैक्षिक विकास गरी यसलाई गन्तव्यको थलोको रूपमा विकास गर्न शिक्षा योजना कार्यान्वयनमा ल्याई शिक्षाका लक्ष्य एवम् उद्देश्यहरू हासिल हुने अपेक्षा लिइएको छ । त्यसका लागि योजना निर्माण टोलीले विशेष ध्यान दिएको महसुस गरेको छु। यो ५ वर्षे शिक्षा योजना कार्यान्वयन गर्नका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, जनप्रतिनिधि, लगायत सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहने अपेक्षा लिएको छु।

अन्तमा शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरूलाई एकीकृत रूपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्दछु।

धन्यवाद !

**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

# Table of Contents


परिच्छेद १: परिचय ........ १

१.१.१ परिचय........ १

१.१.६ शैक्षिक अवस्थाको विश्लेषण ........ ६

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ १२

परिच्छेद २ ........ १७

दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ १७

२.२ दूरदृष्टि (Vision) ........ २०

२.३ ध्येय (Mission) ........ २०

२.४ उद्देश्यहरू (Objectives) ........ २०

२.५ रणनीतिहरू र कार्यनीतिहरु ........ २१

२.७ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण........ ३२

परिच्छेद ३........ ३४

शिक्षाका मुख्य उपक्षेत्र ........ ३४

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ ३४

३.२ आधारभूत शिक्षा ........ ४३

३.३ माध्यमिक शिक्षा ........ ५०

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ५७

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ६२

परिच्छेद चार ........ ६७

अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ६७

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ६७

४.२ शिक्षक व्यवस्थापन र विकास ........ ७२

४.३ शैक्षिक समता र समावेशीकरण ........ ७५

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ७८

४.५ विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशिलता........ ८७

४.६ विद्यालय भौतिक पुर्वाधार विकास ........ ९१

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ९६

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन........ १०४

परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन ........ ११६

६.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया ........ ११९

परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन........ १२०

# कार्यकारी सारांश

नेपालको संविधानले शिक्षालाई मौलिक हक र राज्यको निर्देशक सिद्धान्तमा नागरिकको आधारभूत आवश्यकताको रूपमा प्रत्याभूत गरेको छ । नागरिकको सहज पहुँचमा शिक्षा प्रदान गर्नु राज्यको सामाजिक दायित्व हो भने नागरिकको नैसर्गिक अधिकार हो । आधारभूत शिक्षा प्रदान गर्न राज्यका तर्फबाट समय सापेक्ष शैक्षिक नीति तथा कार्यक्रमहरू जारी भई कार्यान्वयन भइरहेका छन् । यद्यपि ती शैक्षिक नीति तथा कार्यक्रम लागु गरी कार्यान्वयन गर्ने सन्दर्भमा देश सङ्घीयता गएसँगै विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको एकल अधिकार क्षेत्र र संघ, प्रदेश सरकारको साझा अधिकार क्षेत्रभित्र पर्ने भएकोले तीनै तहका सरकार बिच आपसी सहअस्तित्व, समन्वय र सहकार्यमा शैक्षिक क्षेत्रको विकास र सुधार गर्न आवश्यक छ र हुन्छ पनि । सोहीबमोजिम विगतदेखि अविछिन्न रूपमा विषयगत सम्बन्धित निकायहरूबाट स्रोत र साधनको विनियोजन भई कार्यान्वयनका लागि प्रयास भइरहेका छन् । तथापि पालिका विशेषको सिकाइ आवश्यकता, विद्यमान् अवसर र सम्भावना, समस्या र चुनौतीको आधारमा शिक्षा नीति तथा कार्यक्रमहरू लागु गर्नुपर्ने हुन्छ । सोही बमोजिम हिजोको शिक्षा, आजको इच्छा र भोलिको अपेक्षालाई विश्लेषण गर्दै " सत्य सूचना तथा तथ्याङ्क साथमा, वास्तविक आवश्यकतामा आधारित योजना हातमा " र "कार्यान्वयन योग्य योजना साथमा, सफलता हातमा" भन्ने सन्देशलाई कार्यरूप दिन शिवराज नगरपालिकाले आर्थिक २०८२।०८३ देखि २०८६।०८७ को लागि पहिलो पाँच वर्षे शिक्षा योजना निर्माण गर्ने सोच राखी शिक्षा योजना निर्माणका लागि प्राविधिक कार्यदल गठन गरी आवश्यकतानुसार शिक्षा सरोकारवालाहरूसँगको आपसी अन्तरक्रिया र छलफलबाट उक्त योजना निर्माण गरी यहाँहरू समक्ष प्रस्तुत भएको छ । शिक्षा योजना निर्माणका क्रममा पालिकाका नेतृत्व, कार्यपालिका पदाधिकारी, शिक्षा समितिका पदाधिकारी र शिक्षा, युवा तथा खेलकुद शाखासँगको नियमित सम्पर्क र समन्वयमा नगरपालिकाका प्रमुख सरोकारवालाहरूबाट उपलब्ध प्रेरणा, आवश्यक स्रोत र सूचना तथा तथ्याङ्क, विद्यालय शिक्षाको विकास र गुणस्तर सुधार केन्द्रित सुझाव र विज्ञको प्राविधिक सल्लाहका आधारमा योजना निर्माण गरिएको हो । यसको अतिरिक्त समसामयिक शैक्षिक नीति तथा कार्यक्रम, संघ प्रदेश र स्थानीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रमा गरेको लगानी, विगतको अनुभव र वर्तमानको आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर योजना निर्माण गरिएको छ ।

यस योजनालाई ७ वटा परिच्छेदमा लिपिबद्ध गरिएको छ । जसमध्ये परिच्छेद एक परिचय, परिच्छेद दुई: दूरदृष्टि लक्ष्य उद्देश्य रणनीति वा कार्यनीति र अपेक्षित उपलब्धि, परिच्छेद तीनः विद्यालय शिक्षा क्षेत्रका उपक्षेत्र, परिच्छेद चारः शिक्षा क्षेत्रसँग अन्तरसम्बन्धित विषयक्षेत्र, परिच्छेद पाँचः सुशासन र व्यवस्थापन, परिच्छेद छः वित्तीय लगानी र स्रोतको व्यवस्थापन र परिच्छेद सातः अनुगमन तथा मूल्याङ्कन पक्षलाई समेटिएको छ । परिचय, वर्तमान अवस्था, अवसर, समस्या र चुनौती, उद्देश्य, रणनीति एवम् कार्यनीति र उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा बजेटको खाकामा सबै अवयवहरूलाई प्रस्तुत गरिएको छ । साथै ५ वर्षे शिक्षा योजनामा प्रस्तावित कुल बजेट १अर्ब ४९ करोड ५५ लाख ८७ हजार मध्ये वाह्यस्रोत तर्फ १ अर्ब ११ करोड ४० हजार (७४.२२%) र आन्तरिक स्रोत तर्फ ३८ करोड ५५ लाख ४७ हजार (२५.७८ %) स्रोत आंकलन गरिएको छ। उक्त योजनामा विना बजेट तर्फ ४२ वटा र न्यून एवम् आवश्यक बजेट लाग्ने २०१ वटा समेत जम्मा २४३ वटा क्रियाकलाप प्रस्तावित गरिएको छ। उक्त क्रियाकलापहरू आन्तरिक स्रोत तर्फ १७४ वटा र वाह्य स्रोत तर्फ ६९ वटा क्रियाकलापहरू रहेका छन्। ती २४३ वटा क्रियाकलापहरू योजनामा रहेका १६ ओटा क्षेत्रगत अवयव (प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम. पाठ्यपुस्तक सिकाइ सामग्री र मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा र आजीवन सिकाइ, प्राविधिक तथा व्यवसायिक सिप, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमः विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता, विद्यालयमा भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि, शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास, शिक्षा

योजना कार्यान्वयनको प्रबन्ध र अनुगमन तथा मूल्याङ्कन) भित्र प्राथमिकताक्रममा प्रस्तुत गरिएको छ । प्राथमिकता क्रम कायम गर्दा अनिवार्य दायित्व एवम् PMEC (Prioritize Minimum Enabling Conditions) कक्षाकोठा, शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक, छात्रा शौचालय र नवीनतम शैक्षिक सामग्री र विधि जस्ता पक्षलाई आधार लिइएको छ । चालु वर्षको कार्यक्रम तथा बजेटको कार्यान्वयनका लागि कार्ययोजना, योजना निर्माणको समय र बजेटमा समेत सामान्य हेरफेरको सम्भावना रहेसँगै यस योजनाको कार्यान्वयनमा सहजताको लागि पहिलो वर्षमा सञ्चालन गर्ने कार्यक्रम एवम् क्रियाकलाप र स्रोत व्यवस्थापनलाई अलग्गै प्रस्तुत गरिएको छ । संघ प्रदेश सरकारबाट प्राप्त वित्तीय अनुदान सहयोग र विकास साझेदार वा गैरसरकारी संघ संस्थासँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयनमा स्रोत र प्राविधिक सहायताका लागि अपेक्षा समेत गरिएको छ ।

नगरपालिकाको सपना " नारा " लाई विपनामा रूपान्तरित गर्न शिक्षाको विकास पहिलो सर्त हो । शिक्षा आफैँमा विकासको संवाहक हो र समग्र पूर्वाधार विकासको पनि पूर्वाधार हो । त्यसकारण शिक्षाले उच्च प्राथमिकता प्राप्त गरेको प्रमाण आन्तरिक स्रोततर्फको शिक्षा क्षेत्रमा गरेको बजेट विनियोजनले स्पष्ट गरेको छ । अतः विगतमा स्थानीय सरकारले गरेको लगानीको आधारमा आवधिक बजेटमा हुने अनुपातिक वृद्धि हुने तथ्यलाई सुरक्षित राख्दै कार्यक्रम र बजेट प्रस्तावित गरिएको छ । यद्यपि संघ, प्रदेश सरकारबाट प्राप्त स्रोतमा क्रमिक वृद्धिको अपेक्षा र गैरसरकारी निकायसँगको हातमालो कार्यलाई निरन्तरता दिइएको छ । योजनाको सफलता नै त्यसको प्रभावकारी कार्यान्वयन हो । तसर्थ स्थानीय समुदाय, अभिभावक, शिक्षक र विद्यार्थीहरूवाट प्राप्त हुने सहयोग, सहभागिता (तन, मन र धन एवम् श्रम र शक्ति) लाई उच्च स्थान प्रदान गर्दै स्थानीय राजनीतिक नेतृत्व, सामाजिक अभियन्ता र सरकारी निकाय र संस्थागत संरचनाहरूबाट सकारात्मक सहयोग र आवश्यकतानुसार सहजीकरणको अपेक्षा पनि यस योजनाले राखेको छ । अन्तमा योजना निर्माणमा महत्त्वपूर्ण सहयोग गर्नु हुने सबै प्रति आभार प्रकट गर्दछौँ।

धन्यवाद !

# विषय प्रवेश

नेपालको संविधानले शिक्षालाई प्राथमिकता दिदै मौलिक हकको रुपमा भाग ३ को धारा ३१ मा शिक्षाको हक सम्वन्धि व्यवस्था गरिएको छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रहने व्यवस्था गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि, बहिरा तथा बोलाई समस्या भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा आधारभूत तह सम्मको शिक्षा पाउने तथा त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा ,स्वास्थ्य , रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । यसैगरी नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट ,शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरन्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुने छ भनि उल्लेख गरिएको छ । धारा ४० मा दलितको हक अन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस नगरपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहने ठहर गर्दै पाँच वर्षे शिक्षा योजना निर्माण गरेको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयन रहेको अवस्थामा यस नगरपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्वन्धि विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति, २०७६ जारी गरेको छ भने विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सम्वृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार पार्न यस नगरपालिकाले शिक्षा योजना, २०८२ तयार गरेको छ । यसका साथै नगरपालिका अन्तर्गतका शिक्षा सम्वन्धि समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठि बैठकहरु सञ्चालन गरी शिक्षामा सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको छ । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्वन्धि सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार पार्न र समृद्ध नगर निर्माण गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेल्ने छ ।

## क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम

तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशा निर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ ले स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षालाई समावेस गरेको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधा विहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण गरिएको हो ।

### ख) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

क) तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न,

ख) सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,

ग) कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,

घ) साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,

ङ) शिक्षासम्वन्धि राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन,

### ग) शिक्षा योजना निर्माणका आधार

यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

क) नेपालको संविधान

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

घ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६, शिक्षाको सोचपत्र, २०७९

ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्वन्धि ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्वन्धि ऐन, नियमावली

च) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८

छ) शिवराज नगरपालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न बनेको ऐन, २०७९

ज) शिवराज नगर प्रोफाइल, २०८०

झ) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

ञ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ट) विद्यालय शिक्षामा समता रणनीति

ठ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन ,२०७९ र स्थानीय तहको विकास योजना

ड) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

ढ) सोह्रौँ आवधिक योजना

ण) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षा सम्वन्धि कार्यक्रम आदि

**घ) शिक्षा योजना निर्माण प्रक्रिया**

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत विवरणहरुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुयाई प्रभावकारी प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ । यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई अवलम्बन र अनुसरण गरिएको छ ।

१. नगर शिक्षा समितिको मिति २०८१-०४-१६ को बैठकले नगर शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको ९ सदस्यीय निर्माण कार्यदलको गठन ।
२. कार्यदलको मिति २०८१-०४-२४ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड ।
३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरि योजनाको खाका तयार पार्दै योजनाले समेट्ने विषयवस्तु माथि छलफल ।
४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण ।
५. सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा Gap Analysis ।
६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार ।
७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना ।
८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन ।
९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार ।
१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवाला वीच अन्तिम सुझावका लागि प्रस्तुत ।
११. नगर कार्यपालिकाको मिति गतेको बैठकबाट २०८२।०३।०८ स्वीकृत तथा सिफारिस भई मिति २०८२।०३।१० गतेको नगर सभाबाट प्रमाणित ।

**ङ) योजनाको लेखाजोखा**

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनु पर्दछ । योजना कार्यान्वयन गर्नु पूर्व गरिने योजनाको लेखाजोखा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखाजोखा कार्य सम्बन्धित स्थानीय तहले आन्तरिक र बाह्य सम्बन्धित विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य विवरण तोकी सम्पन्न गर्नु पर्दछ । योजनाको लेखाजोखा गर्न तलको तालिकामा दिइएका पक्षहरुको सुक्ष्म विश्लेषण गर्नु पर्दछ ।

**तालिका**

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation ) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्वन्धि प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजना बिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, लक्ष्यअनुरूप योजना बनाइएको छ ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहरुको अन्य पक्षसँग तादम्यता कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या ,जातजाति , पिछडिएक ,भाषिक ,आर्थिकवर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |

| | | |
|---|---|---|
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

**च) योजनाको दस्तावेजको स्वरुपः**

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरू सँगको प्रत्यक्ष सहभागितामा पालिकाका बर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्धेश्यहरु रणनीति र कार्यनीतिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतका रूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । यस नगरपालिकाको आगामी ५ बर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुदा योजनामा समाबेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय, वर्तमान अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको पक्षलाई योजनामा महत्वपूर्ण स्थान दिइएको छ। शिक्षा योजनाको दस्तावेजको स्वरुप तपसिल बमोजिम उल्लेख गरिएको छ।

योजनाको सारांश
परिच्छेद १: परिचय
परिच्छेद २: दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण
परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र
परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र
परिच्छेद ५: सुशासन तथा ब्यवस्थापन
परिच्छेद ६: लगानी र स्रोत ब्यवस्थापन
परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन

# परिच्छेद १: परिचय

## १.१.१ परिचय

वर्तमान नेपालको संविधानअनुसार राज्यको पुनर्संरचना भई एकात्मक राज्य ब्यबस्थाबाट संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेकोछ । राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा यस सम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले शिक्षालगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५वर्षे दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजनाका लक्ष्यहरू र कोभिड १९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १०वर्षे (वि.सं.२०७९ देखि २०८८ सम्म) विद्यालय शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७९ देखि २०८८ सम्म) नेपाल सरकार, शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयद्वारा तयार गरिएको दीर्घकालीन रणनीतिक योजना हो, जसको उद्देश्य विद्यालय शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी, र सुलभ बनाउनु रहेको छ । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरागर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा अनुरूप शिवराज नगरपालिकाले पनि स्थानीयतामा आधारित रहेर यो शिक्षा क्षेत्रको ५ बर्षे योजना निर्माण गरिएको छ ।

## १.१.२ वर्तमान अवस्था

विश्वशान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थलदेखि नजिक रहेको र स्युराज क्षेत्र तथा प्रसिद्द धार्मिक स्थल शिवगढीका नाम बाट नामाकरण गरिएको शिवराज नगरपालिका समथर खेती योग्य भू-बनोट भएको, उद्योग, व्यापार र पर्यटनको प्रचुर सम्भावना रहेको रमणीय शिवराज नगरपालिका कपिलवस्तु जिल्लाको पश्चिम उत्तर भागमा अवस्थित रहेको छ । वि.सं.

२०४६ पछिको राजनीतिक परिवर्तनपछि बनेका साविक ५ गाउँ विकास समितिहरु (विसनपुर, शिवपुर, जवाभारी, चनई, वीरपुर) गाउँ विकास समितिहरूलाई एकिकृत गरी नेपालको संविधान २०७२ अनुसार वि.स. २०७३ सालका संघीय संरचना अनुसार परिवर्तन भई स्थानीय तहको रूपमा शिवराज नगरपालिकाको नामबाटै परिचित छ। महेन्द्र राजमार्ग सडक अन्तर्गत रहेको यो नगरपालिका समुन्द्र सतह देखि करिब ७०० मिटर देखि १००० मिटरको उचाईमा छ। कुल क्षेत्रफल २८४.०८ वर्ग कि.मी रहेको छ। यस नगरपालिकाको सिमाना पूर्वतर्फ बुद्धभुमी नगरपालिका, पश्चिमतर्फ विजयनगर गाउँपालिका, उत्तरतर्फ शितगङ्गा गाउँपालिका र दाङ जिल्ला, र दक्षिणतर्फ कृष्णनगर नगरपालिका र महाराजगञ्ज नगरपालिका रहेको छ। यस नगरपालिकालाई ११ वडामा विभक्त गरी प्रशासनिक विभाजन गरिएको छ। कपिलवस्तु जिल्लाका १० स्थानीय तहहरूमध्ये शिवराज नगरपालिका एक हो। यो नगरपालिका जिल्ला सदरमुकाम तौलिहवा देखि करिव ४० कि.मि. पश्चिममा पर्दछ।। साविकको विरपुर, चनई, विसुनपुर, जवाभारी, लालपुर, थुनिया, र शिवगढी गाविसको पुरै क्षेत्र समेटेर बनेको यो शिवराज नगरपालिका ११ वटा वडामा विभाजित छ। यस नगरपालिकामा राष्ट्रिय जनगणाना २०७८ अनुसार कुल जनसङ्ख्या ८४८१० रहेको छ।

### १.१.३ भौगोलिक विश्लेषण

| विषय | विवरण |
|---|---|
| परिचय | शिवराज नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएको एक नगरपालिका हो। |
| **नेपालको मानचित्रमा शिवराज नगरपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ।** | |
| प्रदेश | लुम्बिनी |
| जिल्ला | कपिलवस्तु |
| नगरपालिका | शिवराज नगरपालिका |
| वडा सङ्ख्या | ११ |
| भौगोलिक अवस्थिति | अक्षांश २७° ३५' देखि २७ ° ४७' र देशान्तर ८३ ° ०४' देखि ८३ ° १५'<br>अक्षांश २७°३४'६" देखि २७°४७'४४" र देशान्तर ८२°४३'५२" देखि ८२°५६'७" |
| क्षेत्रफल | २८४.०७ वर्ग किलोमिटर |
| उचाई | समुद्र समतहको ९४ मिटर देखि ९५४ मिटर उचाई रहेको छ। |
| सिमाना | पूर्वतर्फ बुद्धभुमि नगरपालिका र महाराजगंज नगरपालिका |
| | पश्चिमतर्फ कपिलवस्तुको विजयनगर गाउँपालिका र दाङ जिल्ला |
| | उत्तरतर्फ अर्घाखाँचीको सितगंगा नगरपालिका , |
| | दक्षिणतर्फ कपिलवस्तुको कृष्णनगर नगरपालिका र महाराजगंज नगरपालिका |
| औसत लम्बाइ | पुर्व पश्चिम लम्वाइः २२ कि मि |
| औसत चौडाइ | उत्तर दक्षिण चौडाइः १४ कि मि |
| जलवायु | उष्ण |
| प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकिय स्थलहरु | शिवगढी किल्ला<br>शिवगढी मन्दिर<br>सोनवागढ मन्दिर<br>उमरी मन्दिर र गुफा<br>शिव मन्दिर धानखोला<br>सुरई खोला पिक्निक स्थल<br>सुपादेउराली मन्दिर<br>समयथान मन्दिर |

| | |
|---|---|
| | गुरुकुल मन्दिर<br>स्वर्गद्धारी मन्दिर<br>चनई मस्जिद<br>सौनी मस्जिद<br>स्वर्गद्धारी मन्दिर<br>कणेश्वरी मन्दिर चन्द्रौटा<br>दुर्गा मन्दिर बनकट्टी<br>शिव भाईरल डांडा<br>कालिकाई मन्दिर धर्मनगर<br>दुर्गा मन्दिर चन्दौटा<br>खैरी मस्जिद<br>सिता रामघाट मन्दिर लक्ष्मण घाट<br>थारु संग्रालय |

### १.१.४ धरातलीय अवस्था

अक्षांश २७°३४'६" देखि २७°४७'४४" र देशान्तर ८२°४३'५२" देखि ८२°५६'७" को पूर्वी देशान्तरमा रहेको यो नगरपालिका समुद्री सतहको करिब ७० मिटर देखि १००० मिटरसम्मको उचाइमा अवस्थित छ । यो नगरपालिका जिल्ला सदरमुकामबाट करिब १ घण्टाको बस यात्रामा पुग्न सकिन्छ ।

### १.१.५ जनसङ्ख्याको विवरण

कुनै पनि स्थानको जनसङ्ख्या विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा नगरस्तरमा जनसङ्ख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसङ्ख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाको जनसङ्ख्या ८४८१० रहेको छ जसमध्ये पुरुष ४९.७ प्रतिशत र महिला ५१.३ प्रतिशत रहेका छन् । यस नगरपालिकामा पुरुषको तुलनामा महिला १.६ प्रतिशतले बढी रहेको पाइन्छ । सोही अनुसार लैंगिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरुषको सङ्ख्या ९५.०५ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसङ्ख्या) २९९ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा १६२४१ घरपरिवार रहेका छन् । यस नगरपालिकामा प्रति परिवार औषत ५.२२ जना सदस्य रहेको देखिन्छ ।

**तालिका नं १.१**
**शिवराज नगरपालिकाको जनसँख्या सुचकहरु**

| परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरुष | महिला | परिवारको औषत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धि दर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १६२४१ | ८४८१० | ४१३२८ | ४३४८२ | ४.२९ | ९५.०५ | २.८६ | २९९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**तालिका नं १.२**

**विद्यालय जाने उमेरका बालबालिकाहरुको २०७८ साल देखि २०८७ सम्म हुने प्रक्षेपित जनसङ्ख्या**

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसङ्ख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | १७०३ | १८०२ | १८५३ | १९०६ | १९६१ | २०१७ | २०७५ | २१३४ | २१९५ |
| ४ | १३८५ | १४६५ | १५०७ | १५५० | १५९५ | १६४० | १६८७ | १७३५ | १७८५ |
| ५ | १७८३ | १८८६ | १९४० | १९९६ | २०५३ | २११२ | २१७२ | २२३४ | २२९८ |
| ५-९ | ७९५२ | ८४१३ | ८६५३ | ८९०१ | ९१५६ | ९४१८ | ९६८७ | ९९६४ | १०२४९ |
| १०-१२ | ५०३७ | ५३२९ | ५४८२ | ५६३८ | ५८०० | ५९६६ | ६१३६ | ६३१२ | ६४९२ |
| ५-१२ | १२९८९ | १३७४२ | १४१३५ | १४५३९ | १४९५६ | १५३८४ | १५८२३ | १६२७६ | १६७४१ |
| १३-१४ | २८३४ | २९९९ | ३०८४ | ३१७२ | ३२६३ | ३३५७ | ३४५३ | ३५५१ | ३६५३ |
| १५-१६ | ३३०६ | ३४९८ | ३५९८ | ३७०१ | ३८०७ | ३९१५ | ४०२७ | ४१४३ | ४२६१ |
| १३-१६ | ६१४० | ६४९७ | ६६८२ | ६८७३ | ७०७० | ७२७२ | ७४८० | ७६९४ | ७९१४ |
| ५+ | ५७६७५ | ६१०२१ | ६२७६६ | ६४५६२ | ६६४०८ | ६८३०७ | ७०२६१ | ७२२७० | ७४३३७ |
| १५-२४ | १३०९५ | १३८५५ | १४२५१ | १४६५९ | १५०७८ | १५५०९ | १५९५३ | १६४०९ | १६८७८ |
| १५+ | ४१८५२ | ४४२८० | ४५५४७ | ४६८४९ | ४८१८९ | ४९५६७ | ५०९८५ | ५२४४३ | ५३९४३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८ तथा टुलकिट*

**जातिगत आधारमा जनसङ्ख्या विवरण**

कुल जनसङ्ख्या ८४८१० मध्ये जातजातीको आधारमा सबैभन्दा उच्च जनसङ्ख्या मुस्लिम समुदायको १६.३८ तथा थारु जातीको १६.३३ प्रतिशत रहेको छ । सो पश्चात यस क्षेत्रमा दोस्रो अधिक जनसङ्ख्या पहाडी क्षेत्री/ब्राह्मण तथा मगर समुदायको क्रमश ८.३८ तथा ८.०५ प्रतिशत रहेको छ भने अन्य जातजाति जस्तै क्षेत्री, विश्वकर्मा, यादव, कुर्मी, पासी कहार तथा अन्य जातजातीको पनि उपस्थति रहेको छ जसलाई तल उल्लेखित तालिका बट अझै स्पष्ट रुपमा विश्लेषण गर्न सकिन्छ ।

**तालिका नं १.३**

**विद्यालय जाने उमेरका बालबालिकाहरुको २०७८ साल देखि २०८७ सम्म हुने प्रक्षेपित जनसङ्ख्या**

| जात | पुरुष | महिला | जम्मा | पुरुष % | महिला % | जम्मा % |
|---|---:|---:|---:|---:|---:|---:|
| क्षेत्री | ३०७६ | ३५५६ | ६६३२ | ७.४४३ | ८.१७८ | ७.८२ |
| बाह्मण | ३३८२ | ३७२९ | ७१११ | ८.१८३ | ८.५७६ | ८.३८५ |
| मगर | ३१४१ | ३६८८ | ६८२९ | ७.६ | ८.४८२ | ८.०५२ |
| थारु | ६७४२ | ७१०९ | १३८५१ | १६.३१३ | १६.३४९ | १६.३३२ |
| तामाङ | ६४ | ५६ | १२० | ०.१५५ | ०.१२९ | ०.१४१ |
| नेवार | ६१ | ६९ | १३० | ०.१४८ | ०.१५९ | ०.१५३ |
| विश्वकर्मा | १८५६ | २२७१ | ४१२७ | ४.४९१ | ५.२२३ | ४.८६६ |
| मुसलमान | ६८५० | ७०४५ | १३८९५ | १६.५७५ | १६.२०२ | १६.३८४ |
| यादव | २८१९ | २६७६ | ५४९५ | ६.८२१ | ६.१५४ | ६.४७९ |
| राई | १७ | १६ | ३३ | ०.०४१ | ०.०३७ | ०.०३९ |
| गुरुङ्ग | ९० | १०४ | १९४ | ०.२१८ | ०.२३९ | ०.२२९ |
| परियार | ४०८ | ४५१ | ८५९ | ०.९८७ | १.०३७ | १.०१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ठकुरी | २४० | ३१६ | ५५६ | ०.५८१ | ०.७२७ | ०.६५६ |
| मिजार | २४५ | २७६ | ५२१ | ०.५९३ | ०.६३५ | ०.६१४ |
| तेली | ५३५ | ५३० | १०६५ | १.२९५ | १.२१९ | १.२५६ |
| चमार/ हरिजन/ राम | ४२७ | ४१३ | ८४० | १.०३३ | ०.९५ | ०.९९ |
| कोरी कुशवहा | ३३८ | ३३२ | ६७० | ०.८१८ | ०.७६४ | ०.७९ |
| कुर्मी | ३००२ | २९९३ | ५९९५ | ७.२६४ | ६.८८३ | ७.०६९ |
| सन्यासी/ दसनामी | ३२४ | ३४० | ६६४ | ०.७८४ | ०.७८२ | ०.७८३ |
| दुशद/ पाश्वान/ पासी | १२६५ | १२३८ | २५०३ | ३.०६१ | २.८४७ | २.९५१ |
| मल्लाह | २३ | १९ | ४२ | ०.०५६ | ०.०४४ | ०.०५ |
| केवट | ५२१ | ४८३ | १००४ | १.२६१ | १.१११ | १.१८४ |
| कथावनियाँ | १७९ | १७१ | ३५० | ०.४३३ | ०.३९३ | ०.४१३ |
| ब्राहण तराई | ५८९ | ५६६ | ११५५ | १.४२५ | १.३०२ | १.३६२ |
| कल्वार | १५० | १६० | ३१० | ०.३६३ | ०.३६८ | ०.३६६ |
| कानू | १६ | २१ | ३७ | ०.०३९ | ०.०४८ | ०.०४४ |
| कुमहाल | १०२ | १४३ | २४५ | ०.२४७ | ०.३२९ | ०.२८९ |
| घर्ती/ भुजेल | २४ | ३२ | ५६ | ०.०५८ | ०.०७४ | ०.०६६ |
| हजाम/ ठाकुर | ३३९ | ३३३ | ६७२ | ०.८२ | ०.७६६ | ०.७९२ |
| धोबी | ३१५ | ३११ | ६२६ | ०.७६२ | ०.७१५ | ०.७३८ |
| तत्मा/ तत्वा | ११ | ४ | १५ | ०.०२७ | ०.००९ | ०.०१८ |
| लोहार | २७३ | २७४ | ५४७ | ०.६६१ | ०.६३ | ०.६४५ |
| हल्वाई | २९ | ३२ | ६१ | ०.०७ | ०.०७४ | ०.०७२ |
| बरई | १७७ | १७५ | ३५२ | ०.४२८ | ०.४०२ | ०.४१५ |
| नुनिया | ३०७ | २८७ | ५९४ | ०.७४३ | ०.६६ | ०.७ |
| सोनार | १६२ | १८८ | ३५० | ०.३९२ | ०.४३२ | ०.४१३ |
| कुमहार | १०० | ११२ | २१२ | ०.२४२ | ०.२५८ | ०.२५ |
| सुनुवार | ३० | ३८ | ६८ | ०.०७३ | ०.०८७ | ०.०८ |
| कहाँर | ४७३ | ४८३ | ९५६ | १.१४५ | १.१११ | १.१२७ |
| मारवाडी | ९ | ८ | १७ | ०.०२२ | ०.०१८ | ०.०२ |
| कायस्था | १३ | २१ | ३४ | ०.०३१ | ०.०४८ | ०.०४ |
| राजपुत | ८९ | ८२ | १७१ | ०.२१५ | ०.१८९ | ०.२०२ |
| ओराओन/ कुदुख | २०९ | १७८ | ३८७ | ०.५०६ | ०.४०९ | ०.४५६ |
| लोध | ६ | ५ | ११ | ०.०१५ | ०.०११ | ०.०१३ |
| बाधी | ४१२ | ४२८ | ८४० | ०.९९७ | ०.९८४ | ०.९९ |
| गदेरी/ भेडियार | २८९ | २७९ | ५६८ | ०.६९९ | ०.६४२ | ०.६७ |
| धुनिया | १४० | १२२ | २६२ | ०.३३९ | ०.२८१ | ०.३०९ |
| पहरी | ८ | ८ | १६ | ०.०१९ | ०.०१८ | ०.०१९ |
| कोरी | ७२७ | ६८८ | १४१५ | १.७५९ | १.५८२ | १.६६८ |
| राजभार | ६५ | ६२ | १२७ | ०.१५७ | ०.१४३ | ०.१५ |
| गाइने | २ | ९ | ११ | ०.००५ | ०.०२१ | ०.०१३ |
| लेप्चा | ५ | ७ | १२ | ०.०१२ | ०.०१६ | ०.०१४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नटुवा | १० | ८ | १८ | ०.०२४ | ०.०१८ | ०.०२१ |
| धन्डी | ५७ | ४४ | १०१ | ०.१३८ | ०.१०१ | ०.११९ |
| बानियाँ | २७६ | २६१ | ५३७ | ०.६६८ | ०.६ | ०.६३३ |
| कथिक | १९ | १२ | ३१ | ०.०४६ | ०.०२८ | ०.०३७ |
| अन्य | ३६ | ३४ | ७० | ०.०८७ | ०.०७८ | ०.०८३ |
| विदेशी | २२१ | १६२ | ३८३ | ०.५३५ | ०.३७३ | ०.४५२ |
| नखुलाएको | ९ | ८ | १७ | ०.०२२ | ०.०१८ | ०.०२ |
| | ४१३२८ | ४३४८२ | ८४८१० | १००. | १००. | १००. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

**तालिका नं १.४**
**अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण**

| अपाङ्गताको प्रकार | महिला | पुरुष | कुल | कुल जनसङ्ख्यामा प्रतिशत |
|---|---|---|---|---|
| शारीरिक अपाङ्गता | २५१ | ३८२ | ६३३ | ३९.८६ |
| न्यून दृष्टियुक्त | १०५ | ९८ | २०३ | १२.७८ |
| दृष्टिविहीन | ४० | ५४ | ९४ | ५.९२ |
| बहिरोपन | ६३ | ४५ | १०८ | ६.८० |
| मनोसामाजिक अपाङ्गता | ४५ | ५४ | ९९ | ६.२३ |
| न्यून श्रवणशक्ति | १८ | १६ | ३४ | २.१४ |
| बहिरोपन एवं दृष्टिविहीन | ४३ | ६७ | ११० | ६.९३ |
| मानसिक वा मनोसामाजिक | ३६ | ४७ | ८३ | ५.२३ |
| बौद्धिक अपाङ्गता | १९ | ३२ | ५१ | ३.२१ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ८ | ८ | १६ | १.०१ |
| अटिजम् | ७ | ८ | १५ | ०.९४ |
| बहुअपाङ्गता | ६० | ८२ | १४२ | ८.९४ |
| जम्मा | ६९५ | ८९३ | १५८८ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथि उल्लेखित तालिका नं १.४ मा अपाङ्गता भएका व्यक्तिहरुको आधारमा जनसङ्ख्याको वितरणलाई प्रस्तुत गरिएको छ । यस नगरपालिकामा अपाङ्गताको भएका व्यक्तिहरुको प्रकारलाई विश्लेषण गर्ने हो भने सबै भन्दा धेरै शारीरिक अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् जुन कुल अपाङ्गता भएको सङ्ख्याको झण्डै ४० प्रतिशत रहेका छन् भने सो पश्चात क्रमिक रुपमा न्यून दृष्टिविहिन, बहुअपाङ्गता, बहिरोपन, मनोसामाजिक अपाङ्गता तथा अन्य किसिमका अपाङ्गता रहेका छन् ।

## १.१.६ शैक्षिक अवस्थाको विश्लेषण

शिवराज नगरपालिकाको शैक्षिक अवस्था हेर्दा यहाँको कुल जनसङ्ख्या मध्ये राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ७२.७ प्रतिशत जनसङ्ख्या साक्षर रहेको छ । कुल साक्षर जनसङ्ख्या मध्ये ८०.१ प्रतिशत पुरूष र ६५.७ प्रतिशत

महिला रहेको छ  भने अझै २६.७ प्रतिशत जनसङ्ख्या पढ्न र लेख्न नसक्ने र ०.६ प्रतिशत जनसङ्ख्या पढ्न मात्र सक्ने लेख्न नसक्ने अवस्थामा रहेको छ । साक्षर नागरिक बिना शिक्षित साथै सवृद्ध समाजको परिकल्पना समेत गर्ने सकिदैन । पुरूषको भन्दा महिलाको साक्षरताको अवस्था १५.४ प्रतिशत कम हुनु भनेको नगरपालिकाले लिएको नगर विकासको लागि ठुलो चुनौती हो । शिक्षा मार्फत साक्षरतालाई सम्बोधन नगर्ने हो भने १६औं योजनाले लिएको जुन ९९ प्रतिशत साक्षर बनाउन लक्ष्य छ, सो प्राप्तिमा नगरपालिका गर्नु पर्ने सहयोगमा नै प्रश्न चिन्ह लाग्ने देखिन्छ भने नगर विकास मै न्यून साक्षरता ठुलो चुनौतीको रूपमा रहने छ । नगरपालिकाले जुन पूर्ण नि:शुल्क शिक्षाको सुरूवात गरी कार्यान्वयन गर्दै आईरहेको छ । यसको पूर्ण सफलताको लागि पनि साक्षरताको दरमा अभिवृद्धि गर्न अति आवश्यक रहेको छ । जसका लागि नगरपालिकाले साक्षरताको वास्तविक अवस्था पहिचान गरी आवश्यक नीतिको व्यवस्थापन गरी आवश्यक वडामा सामुदायिक सिकाइ केन्द्रको प्रभावकारी व्यवस्थापन गरी अनौपचारिक वैकल्पिक शिक्षामार्फत सिप विकास साक्षरता अभिवृद्धि कार्यक्रमलाई शिक्षाको वैकल्पिक मूलधारको रूपमा विकास गरेर जानु पर्ने देखिन्छ ।

प्रस्तुत सन्दर्भमा शिवराज नगरपालिकाभित्र रहेका शिक्षाक्षेत्रका सँरचना, विद्यालयहरुको विवरण, शिक्षक तथा विद्यार्थीहरुको विवरण तथा अन्य शिक्षा सँग सम्बन्धित रहेर यस नगरपालिकाको वास्तविक चित्रण तल उल्लेखित विभिन्न तालिकाहरु मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका नं १.५**

**शिक्षक विवरण**

| क्र.स. | तह | राहत | स्विकृत | प्रशिक्षक | सहायक प्रशिक्षक | जम्मा | नगर स्वयंसेवक शिक्षक | शिक्षण सहयोग अनुदान/वार्षिक एकमुष्ठ अनुदान |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकास | ० | ६२ | ० | ० | ० | ९ | ९ |
| २ | प्राथमिक | ५८ | ११४ | ० | ० | १७२ | ३३ | १८ |
| ३ | निम्न माध्यमिक | १३ | १२ | ० | ४ | २९ | ६५ | १२ |
| ४ | माध्यिमक | ९ | १५ | ४ | ० | २८ | ३५ | १५ |
| ५ | साविक उ.मा. (११-१२) | ६ | ४ | ८ | ० | १८ | ६० | ० |
| **जम्मा** | | **८६** | **१४५** | **१२** | **४** | **२४७** | **२०२** | **५४** |

*स्रोतः IEMIS, २०८१*

**तालिका नं १.६**

**सामुदायिक तथा संस्थागत  विद्यालयहरुको विवरण**

| क्र.स. | विद्यालय | बालविकास | १-५ | १-८ | ९-१० | ११-१२ |
|---|---|---|---|---|---|---|
| १. | सामुदायिक | ८० | ३३ | १० | ४ | ७ |
| २. | संस्थागत | २६ | १० | ६ | ४ | १ |
| **जम्मा** | | **१०६** | **४३** | **१६** | **८** | **८** |

*स्रोतः IEMIS, २०८१*

तालिका १.६ अनुरुप यस शिवराज नगरपालिकामा जम्मा १०६ बालविकास केन्द्रहरु रहेका छन् । जस मध्ये सामुदायिक बालविकास केन्द्र ८० वटा रहेका छन् भने संस्थागत  तर्फ २६ वटा बालविकास केन्द्रहरु रहेका छन् । त्यसै गरि कक्षा १-५ सञ्चालित जम्मा ४३ वटा विद्यालयहरु रहेका छन् भने सामुदायिक तर्फ ३३ तथा संस्थागत  तर्फ १० वटा विद्यालयहरु रहेका छन् । आधारभूत तह कक्षा १-८ सञ्चालित जम्मा १६ विद्यालयहरु रहेका छन् भने सामुदायिक तर्फ ११ तथा संस्थागत  तर्फ ६ वटा विद्यालयहरु रहेका छन् । सोही सन्दर्भमा माध्यमिक तह कक्षा ९-१० सञ्चालित जम्मा विद्यालय सङ्ख्या ८ रहेको छ भने भने सामुदायिक तर्फ ४ तथा संस्थागत  तर्फ ४ वटा विद्यालयहरु छन् । त्यसैगरि माध्यमिक तह कक्षा ११-१२ सञ्चालित जम्मा विद्यालय सङ्ख्या ८ रहेको छ भने भने सामुदायिक तर्फ ७ तथा संस्थागत  तर्फ १ वटा विद्यालयहरु रहेका छन् ।

**तालिका नं १.७**

**तहगत रुपमा वि.स. २०८० बमोजिम बालबालिकाहरुको सिकाइ उपलब्धिको विवरण**

| क्र.सं. | सूचक | सिकाइ उपलब्धि प्रतिशत |
|---|---|---|
| १ | कक्षा १ देखि ५ | ५३.७६ |
| २ | कक्षा ६ देखि ८ | ५१.४१ |
| ३ | कक्षा १ देखि ८ | ५२.८८ |
| ४ | कक्षा ९ देखि १० | ५४.६४ |
| ५ | कक्षा ११ देखि १२ | ५४.१७ |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, शिवराज नगरपालिका*

**तालिका नं १.८**

**सामुदायिक तथा संस्थागत विद्यालयमा रहेका जम्मा बालबालिकाहरुको विवरण**

| विवरण | | प्रारम्भिक बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| जम्मा विद्यार्थी | छात्रा | २०५८ | ६३६८ | २७०९ | १३२९ | ११८४ | १३६४८ |
| | छात्र | २७४५ | ७१९२ | ३२७७ | १४६२ | १२४८ | १५९२४ |
| | जम्मा | ४८०३ | १३५६० | ५९८६ | २७९१ | २४३२ | २९५७२ |
| सामुदायिक | छात्रा | १२९८ | ४९६९ | २३१५ | १२०३ | ११६४ | १०९४९ |
| | छात्र | १४४८ | ४९१८ | २५६१ | १२९७ | १२१८ | ११४४२ |
| | जम्मा | २७४६ | ९८८७ | ४८७६ | २५०० | २३८२ | २२३९१ |
| संस्थागत | छात्रा | ७६० | १३९९ | ३९४ | १२६ | २० | २६९९ |
| | छात्र | १२९७ | २२७४ | ७१६ | १६५ | ३० | ४४८२ |
| | जम्मा | २०५७ | ३६७३ | १११० | २९१ | ५० | ७१८१ |

*स्रोतः IEMIS, २०८१*

**तालिका नं १.९**

**वडागत रुपमा रहेका सामुदायिक विद्यालयहरुको विवरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|
| १. | ३ | १ | १ | २ | ० | १ | १ |
| २. | २ | १ | १ | १ | १ | ० | ० |
| ३. | २ | १ | २ | ० | १ | ० | ० |
| ४. | २ | १ | २ | ० | ० | १ | ० |
| ५. | २ | १ | १ | १ | ० | १ | ० |
| ६. | २ | १ | १ | १ | ० | १ | ० |
| ७. | २ | ० | २ | ० | ० | ० | ० |
| ८. | ४ | २ | ४ | ० | १ | १ | १ |

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|
| ९. | ३ | २ | १ | २ | १ | १ | ० |
| १०. | ३ | ० | २ | १ | ० | ० | ० |
| ११. | ३ | १ | २ | १ | ० | १ | ० |
| जम्मा | २८ | ११ | १९ | ९ | ४ | ७ | २ |

*स्रोतः IEMIS, २०८१*

**तालिका नं १.१०**

**वडागत रुपमा रहेका संस्थागत  विद्यालयहरुको विवरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|
| १. | ३ | १ | २ | १ | १ | ० | ० |
| २. | १ | ० | १ | ० | ० | ० | ० |
| ३. | २ | १ | १ | १ | १ | ० | ० |
| ४. | १ | १ | २ | ० | ० | १ | ० |
| ५. | ३ | ३ | १ | २ | २ | १ | ० |
| ६. | २ | ० | २ | ० | ० | ० | ० |
| ७. | ३ | ० | २ | १ | ० | ० | ० |
| ८. | २ | ० | २ | ० | ० | ० | ० |
| ९. | १ | ० | १ | ० | ० | ० | ० |
| १०. | ० | ० | ० | ० | ० | ० | ० |
| ११. | ० | ० | ३ | ० | ० | ० | ० |
| जम्मा | १८ | ६ | १५ | ५ | ४ | १ | ० |

*स्रोतः IEMIS, २०८१*

**तालिका नं १.११**

**वडागत रुपमा रहेका धार्मिक विद्यालयहरुको विवरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १. | ० | ० | ० | ० | ० | ० | ० |
| २. | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | २ | ० | २ | ० | ० | ० | ० |
| ४. | ४ | ० | ४ | ० | ० | ० | ० |
| ५. | ७ | ० | ७ | ० | ० | ० | ० |
| ६. | १ | ० | १ | ० | ० | ० | ० |
| ७. | २ | ० | २ | ० | ० | ० | ० |
| ८. | ३ | ० | ३ | ० | ० | ० | ० |
| ९. | ० | ० | ० | ० | ० | ० | ० |
| १०. | ३ | ० | ३ | ० | ० | ० | ० |
| ११. | १ | ० | १ | ० | ० | ० | ० |
| जम्मा | २३ | ० | २३ | ० | ० | ० | ० |

स्रोतः IEMIS , 2081

## तालिका नं १.१२

## विद्यालय गईरहेका र वाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरुको विवरण

| Age and लिङ्ग | जम्मा | School Attendance Status | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Currently Attending | | | | | | Currently Not Attending | | | | | | | Attendance not stated | | | | | |
| | | | | | | | | Ever Attended | | | | | | Never Attended | | | | | | |
| | | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६-८) | Upper secondary (९-१०) | Other | Level not stated | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६-८) | Upper secondary (९-१०) | Other | Level not stated | | Early childhood education (०) | Primary education (१-५) | Lower secondary (६-८) | Upper secondary (९-१०) | Other | Level not stated |
| All Ages | २७४६५ | २९८९ | ८७८३ | ५४४० | ३००२ | ११ | ५० | ३९ | १४८५ | २३०६ | २६४७ | ४१ | २२ | ६२३ | ० | ५ | १ | ० | ० | २१ |
| ५ Year | १६०९ | १५१० | ० | ० | ० | ० | २ | १० | ० | ० | ० | ० | १ | ७७ | ० | ० | ० | ० | ० | ९ |
| ६ Year | १६७९ | ८९२ | ७३६ | ० | ० | ० | ३ | ५ | ८ | ० | ० | ० | ० | ३२ | ० | ० | ० | ० | ० | ३ |
| ७ Year | १६३६ | ४१२ | ११८७ | ० | ० | ० | ५ | ४ | १२ | ० | ० | १ | ० | १३ | ० | ० | ० | ० | ० | २ |
| ८ Year | १६५० | १२६ | १४७८ | ० | ० | १ | ६ | १ | २२ | ० | ० | ० | १ | ११ | ० | १ | ० | ० | ० | ३ |
| ९ Year | १६२७ | २६ | १५४८ | ० | ० | १ | ४ | ० | २९ | ० | ० | १ | २ | १६ | ० | ० | ० | ० | ० | ० |
| १० Year | १७२१ | ८ | १५१२ | ० | ० | १ | ३ | ४ | १७१ | ० | ० | ० | १ | २१ | ० | ० | ० | ० | ० | ० |
| ११ Year | १५१८ | ५ | १०८१ | ३४२ | ० | ० | ५ | १ | ६४ | ६ | ० | ० | १ | १३ | ० | ० | ० | ० | ० | ० |
| १२ Year | १७९१ | ३ | ७३२ | ९८७ | ० | १ | १ | १ | ३० | १६ | ० | १ | ० | १९ | ० | ० | ० | ० | ० | ० |
| १३ Year | १७८१ | २ | २६६ | १४५१ | ० | १ | २ | २ | २२ | २१ | ० | ० | १ | १३ | ० | ० | ० | ० | ० | ० |
| १४ Year | १८१३ | ३ | १३४ | १२२४ | ३५८ | ० | ६ | १ | ३५ | २९ | ४ | ० | १ | १७ | ० | १ | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ Year | १७७५ | ० | ३५ | ८४२ | ७३६ | ० | ५ | ३ | ५३ | ६५ | १६ | १ | १ | १५ | ० | ० | ० | ० | ० | ३ |
| १६ Year | १३३४ | २ | २२ | ३२२ | ७८५ | ० | १ | १ | ५५ | ९१ | ३५ | ० | १ | १८ | ० | ० | १ | ० | ० | ० |
| १७ Year | ८९३ | ० | १६ | १३५ | ४८७ | ० | ३ | ० | ४९ | १०५ | ७९ | ३ | ० | १४ | ० | २ | ० | ० | ० | ० |
| १८ Year | ८७४ | ० | १९ | ९० | २९८ | ० | १ | १ | ९४ | १९६ | १४९ | १ | १ | २४ | ० | ० | ० | ० | ० | ० |
| १९ Year | ६८९ | ० | १६ | ४७ | १४० | ० | ० | १ | ८७ | १९० | १८४ | २ | १ | २० | ० | ० | ० | ० | ० | १ |
| २० Year | ७९८ | ० | १ | ० | ७१ | १ | ० | ० | ११८ | २८४ | २७४ | ३ | ० | ४५ | ० | १ | ० | ० | ० | ० |
| २१ Year | ६८१ | ० | ० | ० | ५० | १ | ० | ० | ८३ | २१४ | २९० | ८ | १ | ३४ | ० | ० | ० | ० | ० | ० |
| २२ Year | ८५८ | ० | ० | ० | २८ | १ | १ | १ | १२२ | २८३ | ३७३ | ७ | ३ | ३९ | ० | ० | ० | ० | ० | ० |
| २३ Year | ८२० | ० | ० | ० | १५ | २ | २ | १ | १२५ | २५३ | ३७७ | ५ | ० | ४० | ० | ० | ० | ० | ० | ० |
| २४ Year | ८६२ | ० | ० | ० | १९ | १ | ० | १ | ११५ | २५४ | ४०६ | ४ | ३ | ५९ | ० | ० | ० | ० | ० | ० |
| २५ Year | १०५६ | ० | ० | ० | १५ | ० | ० | १ | १९१ | २९९ | ४६० | ४ | ३ | ८३ | ० | ० | ० | ० | ० | ० |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, शिवराज नगरपालिक*

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

**क) शैक्षिक समस्याहरू**

यस नगरपालिकाकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र नगरपालिकाले अनुभूति र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्:-

१. आधारभूत विद्यालय उमेर समूहका बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु।
२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु।
३. शैक्षिक सुशासन कायम हुन नसक्नु उच्चशिक्षा प्रतिस्पर्धी उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु।
४. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु
५. सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता उत्तरदायित्व र उत्प्रेरणा कमी जसले गर्दा शिक्षण पेशा रोजाइको पेशा हुन सकेको छैन।
६. विद्यालयको भौतिक अबस्था सन्तोषजनक छ। यद्यपि विद्यालयहरू विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तारमा ध्यान दिनु।
७. विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ। शिक्षकले कक्षा कोठामा बिताउने समय कम रहेको छ। राम्रो शिक्षकलाई पुरस्कृत र अनुशासनहीन तथा आचारसंहिता विपरीत कार्य गर्ने शिक्षकलाई दण्ड हुन नसक्नु।
८. विज्ञान, अङ्ग्रेजी र गणित विषयका शिक्षकहरूको अझै पनि नगरपालिकामा अभाव रहनु। प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षक समेत अभाव हुनु ,
९. शिक्षकहरूको पेशागत विकास तालिम प्रसस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु।
१०. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु।
११. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु।
१२. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु।
१३. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायता कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु।
१४. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको कक्षाकोठामा सही ढंगले प्रयोग हुन नसक्दा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको।
१५. विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोके बमोजिम आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नु पर्नेमा निरन्तर मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण प्राय: शुन्य हुनु।
१६. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु।
१७. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी हुनु।
१८. संघीय शिक्षा ऐन जारी नहुनु।

**ख) शैक्षिक समस्याका कारणहरूः**

१. अभिभावकले उपयुक्त उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा नपठाउनु, पालिकाका ५ देखि १२ वर्ष उमेर समूहका अधिकांश बालबालिका विद्यालयमा रहेको तर केही विद्याथी माथिल्लो कक्षा (कक्षा ६–८) मा पुगेर विद्यालय छोड्ने गरेको पाईएको छ।

२. विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन । अभिभावकहरु दैनिक ज्यालादारी काम गर्न जाने र अभिभावक काममा गएपछि अभिभावकले विद्यालय पठाउदा समेत केहि बालबालिकाहरु विद्यालय नगई घरमा नै बस्ने गरेको देखिएको छ ।
३. स्थानीय आवश्यकता र प्राथमिकतासँग मेल नखाने शिक्षा नीति र कार्यान्वयनका कारण सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन सकेको छैन ।
४. सामुदायिक विद्यालयका सिकाइ उपलब्धि सुधारोन्मुख रहेकोले सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढ्दो क्रममा छन, संस्थागत विद्यालय भन्दा कतिपय सामुदायिक विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्ने गरेका छन ।
५. शिक्षकलाई शैक्षिक पेसागत विकासका अवसरहरू कम प्रदान गरिनु, उत्प्रेरणाका लागि कम सेवा सुविधा तथा शिक्षकलाई पुरस्कार र दण्डको ब्यवस्था नहुनु पनि हो ।
६. पूवाधारको विकासलाई मात्र समुदाय तथा विद्यालय ब्यवस्थापन पक्षले चासोका रूपमा लिनु पूर्वाधारको विकासलाई विकासको रूपमा लिएपनि गुणस्तरको विकासलाई चासो दिएको पाइदैन ।
७. शिक्षण पेसाप्रति कम उत्प्रेरणा र शिक्षकहरू विद्यार्थीको सिकाइप्रति जिम्मेवार नहुनाले विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ ।
८. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु ।
९. संघ सरकारले विज्ञान, अङ्ग्रेजी र गणित विषयका कम दरबन्दी उपलब्ध गराउनु, संघीय शिक्षण सिकाइ अनुदान कम हुनु ।
१०. निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षक उत्प्रेरणको कमीले शिक्षकहरूको पेशागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षाकोठा शिक्षणमा कम प्रयोग हुन सकेको छैन ।
११. पारिवारिक आर्थिक अवस्था, सबै विद्यार्थीले प्रविधिको प्रयोग गर्न नसक्नु, वैकल्पिक सिकाइ विधिको कम प्रयोगका कारणले कोभिड १९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरु कम भएकाले विद्यार्थीको सिकाइमा क्षती हुन पुगेको छ ।
१२. शिक्षक विद्यार्थी निर्मित सिकाइ सामाग्रीलाई प्राथमिकता नदिईनु, बजारमा पाईने शैक्षिक सामाग्री खरिद गर्न श्रोतको अभाव, शैक्षिक सामाग्री खरिदका लागि ३ वटै तहबाट बजेटको ब्यवस्था नहुनुले विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन सकेको छैन ।
१३. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गरि शिक्षण गर्न विद्यालयसँग स्रोतको अभाव छ उपलब्ध स्रोतको प्रयोग गर्न पनि शिक्षकलाई प्रविधिमैत्री तालिम सञ्चालन गर्न नसक्दा शिक्षकहरुमा प्राविधिक ज्ञानको कमी छ ।
१४. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने भएपनि भौतिक पूर्वाधार विकास र शिक्षक ब्यवस्थापनमा बढी जिम्मेवार भएपनि गुणस्तर सुधारका योजनामा काम गर्ने क्षमता नहुनु ।
१५. पालिका तहमा अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण तथा शिक्षक सहायताका कार्यका लागि मानवश्रोतको अवस्था कम रहेको, विज्ञ समुहलाई निरन्तर परिचालनका लागि श्रोतको अभाव भएका कारणले विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन सकिरहेको छैन ।
१६. शिक्षण सिकाइका क्रममा शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको तालमेल, शिक्षक निर्देशिकालाई कम अनुशरण र शिक्षकको शिक्षण तयारी कम भएकाले कक्षाकोठामा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।
१७. परीक्षा केन्द्रित शिक्षण प्रणालीको निरन्तरता, अभिभावकलाई परीक्षा प्रणलीको चाहाना तथा कक्षाकोठामा आधारित मूल्याङ्कन र उपचारात्मक शिक्षणको प्रयोग कम भएका कारण निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।
१८. उपचारात्मक शिक्षण विधिको कम प्रयोगका कारणले शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरु जिम्मेवार नहुदा शैक्षिक उपलब्धि कमजोर हुनु, शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न सकिएको छैन ।

१९. विषयगत दरवन्दी अभावका कारणले प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने जिम्मेवारी भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी देखिएको छ ।

२०. संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नितीगत र कानुनी अन्योलतामा कायम भई कार्यमा अन्यौलता र अप्रभावकारीता देखिएको छ ।

**ग) शैक्षिक चुनौतीहरू**

१. न्युन शिक्षक दरबन्दीबाट विद्यालय सञ्चालन गर्नु,

२. उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु,

३. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु ,

४. शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु,

५. शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु,

६. कक्षा छाड्ने दर शुन्यमा झार्नु अपेक्षित सिकाइ उपलब्धि प्राप्ती, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु ,

७. सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु

८. सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवाला हरूबिच अपनत्व सिर्जना गर्नु ,

९. सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु,

१०. शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु ,शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु ,

११. सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नुपनि शिक्षा क्षेत्रका चुनौतिहरू हुन ।

१२. नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने,

१३. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन

१४. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निसुल्क एवं माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्न

१५. सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढंगले प्रयोग गर्न,

१६. विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका प्रस्थिति प्रति उत्थानशील बनाउन,

१७. बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गर्न,

१८. बालबालिकाशरूको पोषण विद्यालय दिवा खाजालगायत सरसफाई तथा स्वच्छता आधारभुत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्न,

१९. गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन,

२०. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त गरि समावेशी र समतामूलक वातावरण सिर्जना गर्न,

२१. साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइ को अवसरमा वृद्धि गर्न

२२. विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्न

## १३. शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

शिवराज नगरपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्यमुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ । सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र SWOT analysis र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ । सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ । नगरपालिका क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रका सबल पक्षहरू, समस्याहरू, समस्याका कारणहरू, चुनौतीहरू माथि छलफल गरी निम्न अवसरहरुलाई प्रस्तुत गरिएको छ ।

शिवराज नगरपालिकाको शिक्षा क्षेत्रको SWOT analysis गरी हेर्दा शिवराज नगरपालिकाले बिभिन्न चुनौतिहरुको सामना गर्दै आएको भएता पनि नगरपालिकाको अथक प्रयासका कारणले गर्दा नगरपालिकामा निःशुल्क शिक्षा लागु भएको छ। यो नगरपालिकाको सबैभन्दा सबल पक्ष हो साथै तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु अर्को सबल पक्ष हो। शिक्षक दरबन्दीमा कमि हुनु, भैतिक पुर्वाधार अपुग हुनु, सूचना- संचार प्रविधिको सबै विद्यालयमा पहुँच नहुनु जस्ता अनेक समस्याहरु नगरपालिकाको शिक्षा क्षेत्रका लागि दुर्वल पक्षहरु हुन्।

**सबल पक्षहरू:**

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा पूर्ण रुपमा कार्यान्वयनमा रहेको ।
- सबै वडाहरुमा जनसङ्ख्याको आधारमा आवश्यक विद्यालयहरु रहेको ।
- सबै बालबालिकाहरुको पहुँच विद्यालयसम्म सुनिश्चित रहेको ।
- जिल्लाको सिकाइ उपलब्धि भन्दा नगरको सिकाइ उपलब्धि उच्च रहेको ।
- प्राविधिक शिक्षा प्राप्तिका लागि पालिका भित्र ३ वटा प्राविधिक शिक्षालय रहेको ।
- सबै विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वधार रहेको ।
- स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयन भएको ।
- सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन ।
- सबै विद्यालयहरुमा इन्टरनेटको पहुँच रहेको ।
- नगर पूर्ण साक्षर, आधारभूत तह पूर्ण भर्ना घोषणा भएको ।

**सुधार गर्नु पर्ने पक्षहरू:**

- सवै विद्यालयहरुमा आवश्यकतानुसारका भौतिक संरचनाहरु निर्माण गर्नुपर्ने
- तहगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्नुपर्ने,
- प्राविधिक शिक्षामा लगानी तथा विद्यार्थीको पहुँच बृद्धी गर्नुपर्ने,
- तोकिएको शैक्षिक बर्षमा तह पार गर्नेको सङ्ख्या बृद्धी गर्नुपर्ने,
- शिक्षकहरुलाई समयानुकूल तालिमको व्यवस्था गर्नुपर्ने ।
- विद्यालय सेवा क्षेत्र भित्रका विद्यार्थीहरु अध्ययनका लागि नगर बाहिर जान बाट रोक्ने विकल्पको खोजि गर्नुपर्ने ।
- विद्यालय राजनीतिक प्रभाववाट मुक्त बनाउनु पर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादनमा जोड्नु पर्ने ।
- सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न सबै विद्यालय सक्षम बनाउने ।
- विद्यालय अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास गर्नु पर्ने ।

## १.४ अवसरहरू

१. बालबालिकाहरूको शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरी निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क भएको,
२. शिवराज नगरपालिकाको शिक्षामा लगानी बृद्धि हुनु,
३. आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारभित्र रहनु, विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैंगिक समता सूचकाङ्कहरूमा पर्याप्त सुधार हुनु,
४. समावेशी सहभागितामा वृद्धि हुनु,
५. सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु,
६. माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको अधिकार भएतापनि प्रादेशिक सरकार र संघीय सरकार समेतको उत्तिकै चासो, सहभागिता र जिम्मेबार हुनु,
७. तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु,
८. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले निर्देशन गरे अनुसारको १ देखि ८ कक्षासम्म स्थानीय विषयको पाठ्यक्रम लागु गर्ने तयारी भएको,
९. शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु,
१०. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,

# परिच्छेद २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

योजना हिजोको अनुभवबाट, आजको आवश्यकता पूरा गर्ने र भोलिको सपना हो । यही सपना पूरा गर्न यस परिच्छेदमा अबको पाँच वर्षपछि पुग्न सकिने शिवराज नगरपालिकाको शिक्षाको गन्तव्यलाई अनुमान गर्ने प्रयत्न गरिएको छ । परिच्छेद एकमा उल्लेख अवस्थाको आधारमा यो योजना अवधिभरमा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (vision), ध्येय (Mission), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचकहरू (Key Indicators) शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने बिभिन्न आधारहरूको बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ।

## २.१ स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरू

शिक्षाको विकासमा मुलुकको सामाजिक, सांस्कृतिक, आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्ख्यिक र शासकीय स्वरूपको प्रभाव हुन्छ । शिवराज नगरपालिकाको विविधतालाई सम्बोधन गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरूको अहिलेको आवश्यकता हो । यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने देखिन्छ ।

नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । पालिकाले समतामूलक पहुँचको सुनिश्चितता मार्फत सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवं उत्पादनशील जनशक्ति तयार पार्न शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नुपर्ने हुन्छ ।

### २.१.१ संवैधानिक प्रावधान

**(क) नेपालको संविधानको धारा ३१ मा भएको शिक्षा सम्बन्धी हकः**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**(ख) नेपालको संविधानको धारा ५१ को (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको नीजि क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय, पहुँच योग्य बनाई क्रमश: नि:शुल्क बनाउदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्द्धन गर्ने

**(ग) धारा ३८ महिलाको हकको उपधारा (५):** महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।

**(घ) धारा ३९ बालबालिकाको हकको उपधारा (२):** प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

**(ङ) धारा ४० दलितको हकको उपधारा (२)**: दलित विद्यार्थिलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।

**(च) धारा ४२ सामाजिक न्यायको हक उपधारा (२)**: आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ। उपधारा (५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सवै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका यौद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताकासाथ अवसर पाउने हक हुनेछ।

**(छ) अनुसूची ८** मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा राखिएको छ।

**२.१.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४** दफा ११ उपदफा २ (ज) स्थानीय तहको शिक्षासम्बन्धी काम कर्तव्य र अधिकारः

प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,सामुदायिक संस्थागत गुठी र सहकारी विद्यालय स्थापना अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,गाभिएका वा बन्द गरीएका विद्यालयहरुको सम्पति व्यवस्थापन,नगर तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सम्पतिको अभिलेख संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृत्ति तथा पाठ्यसामाग्रीको वितरण,सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, विद्यालयको नक्साङ्कन अनुमति, स्वीकृति समायोजन तथा नियमन, सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण, मर्मत, सम्भार सञ्चालन र व्यवस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन, नि:शुल्क शिक्षा विद्यार्थी प्रोहत्सान तथा छात्रवृत्ति व्यवस्थापन, ट्युसन कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन, स्थानीय स्तर शैक्षिक ज्ञान सिप तथा प्राविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन, सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको बजेट

व्यवस्थापन विद्यालयको आय, व्ययको लेखा अनुशासन कायम अनुगमन र नियमन, शिक्षण सिकाइ शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २४ योजना बनाई कार्यान्वयन गर्नः**

१. गाउँपालिका तथा नगरपालिकाकले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालीन तथा दिर्धकालिन विकास योजना बनाई लागु गर्नु पर्ने छ ।

२. योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसीमा र प्रक्रियासग अनुकूल हुने गरी सुशासन, वातावरण बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन लैङ्गिक नथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

३. योजना बनाउदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः
   - आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
   - उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
   - जनताको जीवनस्तर आम्दानी र रोजगार बढ्ने,
   - स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
   - स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने,
   - महिला बालबालिका तथा पछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
   - लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
   - दिगो विकास, वातावरणीय संरक्षण तथा संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने,
   - भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,
   - (घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ,
   - (ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्नेछ।

### २.१.३ संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७

(क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)
- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजना तर्जुमा स्थानीय तहले गर्ने छ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा बजेट व्यवस्थापन तथा कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्नेछ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ र नियमावली २०७७

१. अनिवार्य शिक्षा प्रदान गर्नुपर्नेः स्थानीय तह मार्फत राज्यले चार बर्ष पूरा भई तेह्र वर्ष उमेर नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको अनिवार्य शिक्षा प्रदान गर्नुपर्नेछ।

२. चार वर्ष पुरा भएपछि कम्तिमा एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।

३. आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने (दफा १४)
४. माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने (दफा १५)
५. परम्परागत शिक्षा प्रदान गर्न सकिने (दफा १६)
६. प्राविधिक शिक्षासम्बन्धी व्यवस्था (दफा १७)
७. अभिभावक नभएका बालबालिकाका लागि शिक्षा (दफा १८)
८. माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने (दफा २०)
९. पाठ्यपुस्तक नि:शुल्क उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध दिवाखाजाको व्यवस्था मिलाउने व्यवस्था
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकतानुसार (क) सामुदायिक सिकाइ केन्द्र (ख) आधारभूत प्रौढ शिक्षा (ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम ।(नियम ३)
११. आर्थिक भौगोलिक शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ । (नियम ४)
१२. माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुनेः (क) विद्यार्थी भर्ना शुल्क (ख) मासिक पढाइ शुल्क (ग) परीक्षा शुल्क पाठ्यपुस्तक वापतको रकम (नियम ५)
१३. छात्रवृत्ति तथा विशेष व्यवस्थाः (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोत कक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवाखाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदी) । (नियम ६)
१४. जनआन्दोलन सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति द्वन्द्व पिडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताका आधारमा विशेष अवसर प्रदान गर्ने छ

## २.२ दूरदृष्टि (Vision)

सम्मृद्ध शिवराजको सोँच: गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी, व्यावसायिक, समावेशी, नि:शुल्क र अनिवार्य शिक्षामा सबैको पहुँच ।

## २.३ ध्येय (Mission)

गुणस्तरीय, प्रविधिमैत्री, समावेशी, नि:शुल्क र अनिवार्य शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै, जीवनउपयोगी, सिपमुलक, प्राविधिक, साथै व्यवसायिक शिक्षा मार्फत स्वस्थ्य, नैतिकवान, स्वाभिमान, दक्ष जनशक्ति उत्पादन गरि पाँच बर्षमा समृद्ध हरित नगरको रूपमा विकास गर्दे जाने ध्येय लिईएको छ ।

## २.४ उद्देश्यहरू (Objectives)

यस पालिकाको पाँच बर्षे योजनाको ध्येय पूरा गर्न निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छः

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्दै, अनिवार्य र नि:शुल्क शिक्षा प्रदान गर्दै विद्यालय तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु ।
२. विद्यालयको सुरक्षित भौतिक पूर्वाधार, बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री बनाई गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्नु ।
३. विद्यालय तहको सिकाइ उपलब्धि वृद्धि गर्दै शिक्षामा गुणस्तर तथा सान्दर्भिकता सुनिश्चित गर्नु ।
४. विद्यालय प्रवन्ध र व्यवस्थापनलाई सहभागीतामुलक,जवाफदेही,पारदर्शी, उत्थानशील बनाई अनुगमन मूल्याङ्कन पद्धतिलाई सढृद गर्दै विद्यालय सुशासन कायम गर्नु ।
५. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।
६. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै बैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## २.५ रणनीतिहरू र कार्यनीतिहरु

यस योजनाले लिएको उद्देश्य हासिल गर्न देहायका रणानीति र कार्यनीतिहरु अवलम्बन गरिनेछ:

| उद्देश्य १ सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्दै, अनिवार्य र नि:शुल्क शिक्षा प्रदान गर्दै बिद्यालय तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्नु, | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ सबै, बर्ग र क्षेत्रका बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत र निःशुल्क शिक्षामा पहुँच सुनिश्चित गर्ने । | १.१.१ शैक्षिक व्यस्थापन सूचना प्रणाली (EMIS) अद्यावधिक गरी विद्यार्थी भर्नाको अवस्थालाई एकिन गरिने छ ।<br>१.१.२ भौगोलिक दुरी, जनसङ्ख्याको आधारलाई ख्याल गरी बिद्यालयको नक्साङ्कन गरी पुनर्वितरण र समायोजन गरिने छ ।<br>१.१.३ परिवार तथा समुदायको संलग्नताका साथै, सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्दै स्थानीय अनुकूलता सहितका नीतिहरू कार्यान्वयन गरिने छ ।<br>१.१.४ शिक्षण स्रोतहरूको समान वितरण, तालिम प्राप्त शिक्षकहरूको उपलब्धता, र विविधता अनुकूलको सिकाइ वातावरण सिर्जना, प्रविधिमैत्री शिक्षण, अपांगता, जातजाती, लिङ्ग, र आर्थिक अवस्थाका आधारमा सबै बालबालिकालाई समान अवसर प्रदान गरिने छ ।<br>१.१.५ सबै विद्यालयमा प्रारम्भिक पहिचान मार्फत सिकाइ सिमितता भएका विद्यार्थीको अवस्था पहिचान अपाङ्गता प्रोफाइल तथा वैयक्तिक शैक्षिक योजना मार्फत सिकाइ सुनिश्चित गरिनेछ ।<br>१.१.६ विद्यालयमा पहुँचयुक्तताको वातावरण छ कि छैन विश्लेषण गरी पहुँचयुक्त पाठ्यक्रम, पहुँचयुक्त सामग्री, पहुँचयुक्त कक्षाकोठा र पहुँचयुक्त शिक्षण सिकाइ भएको सुनिश्चित गरिने छ। |

| | |
|---|---|
| १.२ अनिवार्य तथा निःशुक आधारभुत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय कार्यढाँचा तथा उत्तरदायी प्रणालीको प्रभावकारिताको प्रवर्धन तथा सदृढीकरण गर्ने । | १.२.१ अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षा नि:शुल्कलाई निरन्तरता दिई दिगो स्रोत व्यवस्थापनको उपायहरू खोजिने छ ।<br>१.२.२. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षा नि:शुल्कलाई निरन्तरता दिनको लागि दिगो स्रोत व्यवस्थापनको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय संघ संस्थाहरुसँग समन्वय गरी कार्यढाँचा तथा उत्तरदायी प्रणालीको प्रभावकारिताको प्रवर्धन तथा सदृढीकरण मार्फत आवश्यक स्रोत व्यवस्थापनका लागि पहल गरिने छ । |
| १.३ नगर क्षेत्र भित्र बिद्यालय बाहिर रहेका सबै बर्ग क्षेत्रका बालबालिकाहरूको अनिवार्य भर्ना सुनिश्चित गरी टिकाउ दर बृद्धि गर्ने । | १.३.१ विद्यार्थीलाई निरन्तर विद्यालय जाने वातावरण सृजना गर्न अभिभावक बैठक गरी अभिभावक चाँसो र सुझावको सुनुवाई गर्ने र अभिभावक शिक्षा सञ्चालन गरिने छ ।<br>१.३.२. विद्यार्थीलाई विद्यालयमा टिकाउनको लागि विभिन्न शैक्षिक, सांस्कृतिक, खेलकुद कार्यक्रममा सहभागी गराइनेछ ।<br>१.३.३. विद्यार्थीलाई टिकाउनको लागि बालक्लब, युवा क्लब, आमा समूह संघसंस्थासँग समन्वय गरिने छ ।<br>१.३.४. विद्यार्थीहरुको लागि मनोवैज्ञानिक सहयोग तथा परामर्श दिइने छ ।<br>१.३.५. विद्यार्थीले बिचैमा कक्षा नछोड्नको लागि छात्रवृति, पुरस्कार तथा प्रोत्साहन गर्ने, पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.३.६. बालविकासदेखि ५ कक्षासम्मका विद्यार्थीहरुलाई दिवा खाजाको साप्ताहिक तालिका निर्माण गरी पोषणयुक्त दिवा खाजाको सूनिश्चित गरिनेछ । |
| १.४ विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था पहिचान र स्तरीकरण गरी विद्यालय, परिवार र समुदायमा आधारित शिक्षण सिकाइ सुधार क्रियाकलाप सञ्चालन गरी गुणस्तर कायम गर्ने । | १.४.१ विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था पहिचान र स्तरीकरण गरी विद्यार्थी सिकाइ प्रोफाइल तयार गरिने छ।<br>१.४.२ विद्यार्थीहरुको Learning Gap आपुरण गर्न सुधारात्मक कक्षा सञ्चालन गरिनेछ ।<br>१.४.३ विद्यार्थीको वास्तविक सिकाइ उपलब्धिको आधारमा सिकाइ उपलब्धि प्रतिवेदन तयार गरी अभिभावक, विषय शिक्षक, विव्यस र शिअसंसँग छलफल गरी कार्ययोजना निर्माण गरिने छ ।<br>१.४.४ परियोजना तथा क्रियाकलापमा आधारित एकिकृत सिकाइ अभ्यासलाई निरन्तर गर्दै सबै अवस्थाका बालवालिकालाई सहभागिता सुनिश्चित गरी व्यवहारकुशल सिप हासिल गराइने |

| | |
|---|---|
| | छ । १.४.५ विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण गर्न उपचारात्मक तथा निदानात्मक मूल्याङ्कन, निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कनलाई पाठ्यक्रमको मूल्याङ्कन मापदण्ड अवलम्बन गरिने छ। १.४.६.विद्यालयको कार्यसम्पादन परीक्षण गर्न नतिजामा आधारित कार्यसम्पादन सूची तयार गरी सोको आधारमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक नतिजा समिक्षा गर्न प्रोत्साहित गरिने छ। १.४.७ सिकाइ उपलब्धि सुधार गरी सुदृढ पद्धति अवलम्बन गर्ने विद्यालयलाई प्रोत्साहन तथा पुरस्कृत गरिने छ। १.४.८ गुणस्तर सुधारका लागि शिक्षक तालिम, आधुनिक शिक्षण विधिहरू, शैक्षिक सामाग्री निर्माण तथा प्रयोग सूनिश्चित गरिने छ। |
| १.५ स्थानीय स्वास्थ्य सम्बद्ध सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | १.५.१ स्थानीय स्वास्थ्य सम्बद्ध सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गर्ने र आधारभूत तहका बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सहयोग गर्न विद्यालयमा पत्रुखाना निषेध गरी स्वस्थकर स्थानीय उत्पादनमा आधारित दिवा खाजाको प्रबन्ध गरिने छ। १.५.२. विद्यार्थीहरुको आधारभूत स्वास्थ्य सूनिश्चित गर्न विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिनेछ। १.५.३. स्वास्थ्यमा सुधार ल्याउन जुकाको औषधी, फोलिक एसिड वितरण, स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ। |

| उद्देश्य २. विद्यालयको सुरक्षित भौतिक पूर्वाधार, बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री बनाई गुणस्तरीय सिकाइ वातावरण निर्माण गर्नु। | |
|---|---|
| रणनीति | कार्यनीति |
| २.१ नगर भित्र रहेको सबै बिद्यालयको भौतिक पूर्वाधार सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, खेलमैत्री, र विविधता अनुकूल बनाउने। | २.१.१. विद्यालयका सबै भवन र संरचनाहरू प्रचलित मापदण्डहरू अनुरुप बनाईनेछ। २.१.२. विद्यालयको सबै भवन तथा संरचनाहरुलाई लैंगिक तथा अपाङ्ग मैत्री बनाइने छ। २.१.३. हरित विद्यालय निर्माण गर्नको लागि विद्यालय परिसरमा वृक्षारोपण, फूलबारी निर्माण गर्दै विद्यार्थीको सहभागीता बढाइ प्राकृतिक वातावरणमा व्यावहारिक अनुभव हासिल गराइने छ। २.१.४. विद्यालयमा विभिन्न खेल गतिविधिको लागि खेल मैदान निर्माण गर्ने र खेल सामग्री उपलब्ध गराइने छ। २.१.५. विद्यालयमा सबै कक्षाकोठा पर्याप्त प्रकाश र हावा, आधुनिक |

| | |
|---|---|
| | शिक्षण उपकरण र सामग्रीहरु भएको सुरक्षित कक्षाकोठा निर्माण तथा सवलीकरण गरिने छ ।<br>२.१.६. प्रत्येक विद्यालयमा अभिभावक भेला, आन्तरिक कार्यक्रम गर्नको लागि बैठक कक्ष तथा सभाहल निर्माण गरिने छ । |
| २.२ बिद्यालयको गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न कक्षाकोठा, शौचालय, खानेपानीको धारा, खेलमैदान, खेल संरचना, सभाहल, पुस्तकालय, फोहोर व्यवस्थापन क्षेत्र, स्वास्थ्य क्षेत्र, सिकाइ बगैँचा, प्रबिधि ल्याव, गणित र बिज्ञान ल्याब निर्माण र सवलीकरण गर्ने । | २.२.१. सबै विद्यालयमा स्वच्छता र पहुँचको लागि विद्यार्थी अनुपातमा सफा र वास सुविधा सहितको अपाङ्गमैत्री र बालमैत्री शौचालय निर्माण र सवलीकरण गरिने छ ।<br>२.२.२. स्वच्छतालाई व्यवस्थापन गर्न छात्रछात्रालाई छुट्टाछुट्टै शौचालयको व्यवस्थापन गरी छात्राहरूलाई सेनेटरी प्याड प्रदान गरिनेछ ।<br>२.२.३ विद्यालयमा उत्पन्न हुने फोहोरलाई छुट्याएर फोहोर विसर्जन गर्न खाल्डोको निमार्ण गरिने छ ।<br>२.२.४. सबै विद्यालयमा विद्यार्थीको अनुपातमा विभिन्न विषयका पुस्तक र डिजिटल सामग्रीको डिजिटाईजेसन गरी इ-लर्निङ्ग सिकाइ वातावरणको प्रबन्ध गरिने छ ।<br>२.२.५. विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा सिकाइ बगैँचा, विज्ञान तथा गणित प्रयोगशाला, प्रविधि ल्याब निर्माण र सवलीकरण गरिने छ । |
| २.३ कक्षाकोठा लाई प्रविधि मैत्री बनाउन ICT Lab र स्मार्ट कक्षाकोठा निर्माण गरी शिक्षकलाई शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गर्न क्षमता विकास गर्ने । | २.३.१. कक्षाकोठा लाई प्रविधि मैत्री बनाउन ICT Lab र स्मार्ट कक्षाकोठा निर्माण गरी शिक्षकलाई शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गर्न क्षमता विकास गरिने छ ।<br>२.३.२. प्राविधिक शिक्षाको प्रबर्धन, विज्ञान र प्रविधिमा अभिप्रेरित शिक्षा दिन प्रविधिमैत्री शिक्षकहरू र अत्याधुनिक स्रोतहरूको व्यवस्थापन गरिने छ ।<br>२.३.३ विपद् महामारी तथा संकटको अवस्थामा प्रविधिको प्रयोग गरी वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ।<br>२.३.४. नगरपालिकामा शिक्षा विकास तथा नवपर्वर्तनलाई जोड दिइने छ । |
| २.४ पाठ्यक्रम पाठ्यसामग्री र सन्दर्भ सामग्रीहरूको व्यवस्था गर्ने । | २.४.१. शिक्षकहरूका लागि शिक्षक निर्देशिका स्रोत सामग्री तथा विद्यार्थी सिकाइका स्वअध्ययन र सन्दर्भ सामग्रीहरु उपलब्ध गराइनेछ ।<br>२.४.२. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधिकरण गरिने छ । |
| २.५ बिद्यालयमा हिंसा, डर, दण्ड तथा विभेदमुक्त बनाई विद्यालय वातावरणलाई सिर्जनात्मक, समावेसी र समतामूलक बनाउने । | २.५.१. बिद्यालयलाई हिंसा, डर, दण्ड तथा विभेदमुक्त बनाउन विद्यालय स्तरीय तथा नगरस्तरीय गुनासो पेटिकाको व्यवस्था गरी प्रभावकारी सुनुवाई संयन्त्र सवलीकरण गरिनेछ ।<br>२.५.२. विद्यालय स्तरीय लैङ्गिक सम्पर्क शिक्षकहरुको क्षमता विकास गरिनेछ । |

| उद्देश्य ३ बिद्यालय तहको सिकाइ उपलब्धि बृद्धि गर्दै शिक्षामा गुणस्तर तथा सान्दर्भिकता सुनिश्चित गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१. विद्यालयलाई शिक्षण सिकाइको अनुसन्धान केन्द्रको रुपमा विकास गरी शिक्षकको पेसागत विकास र पुर्नताजगी गर्न निरन्तर सहयोग गर्ने। | ३.१.१. शिक्षक तथा कर्मचारीलाई नविनतम शिक्षण विधि प्रयोग तथा पेसागत दक्षता अभिवृद्धि गर्न तालिम, गोष्ठी, कार्यशाला सञ्चालन गरिने छ।<br>३.१.२. अनुसन्धान तथा उच्च तहको अध्ययन गर्न चाहने शिक्षकको लागि नगरपालिकासँग कार्य सम्झौता गरी अध्ययन बिदामा पठाइने छ।<br>३.१.३. खोज तथा अन्वेषण गर्न शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहन गर्न तालिम प्रदान गरिने छ।<br>३.१.४. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गरिने छ।<br>३.१.४. विद्यालयमा विश्वव्यापी ढाँचाको (Universal Desing for Learning, UDL) अभ्यासलाई समावेश गर्न शिक्षक तालिम तथा निरन्तर प्राविधिक सहयोगका लागि सहजीकरण गरिनेछ। |
| ३.२.शिक्षण सिकाइलाई शैक्षणिक ज्ञान, नविनतम शैक्षणिक बिधि, सिकाइ सहजीकरण र पेसागत क्षेत्रमा शिक्षकबाट अध्ययन अनुसन्धान तथा असल अभ्यासको सिकाइ आदान प्रदानलाई जोड दिने। | ३.२.१ विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था पहिचान र स्तरीकरण गर्न विद्यालयबाट इमिसमा तथ्याङ्क अद्यावधिक गरी विद्यार्थी सिकाइ प्रोफाइल तयार गरिने छ।<br>३.२.२. शिक्षक र विद्यार्थीलाई नविनतम शैक्षणिक पद्धतीमा पहुँच बढाउन शिक्षकहरूको नियमित अध्ययन समूह, विषयगत शिक्षक समूह र तथा बिज्ञ समूह निर्माण गरी ज्ञानको आदानप्रदान वातावरण निर्माण गरिनेछ।<br>३.२.३. विद्यालयको सबै शिक्षकलाई कार्यमूलक अनुसन्धानमा संलग्न गराइ प्रतिवेदन सङ्कलन गरी प्रतिवेदनको आधारमा असल अभ्यास गर्ने शिक्षकलाई प्रोत्साहन गरिने छ।<br>३.२.४. मेन्टरिङ, नवप्रवेशी शिक्षक तालिमको लागि शिक्षा तालिम केन्द्रसँग समन्वय तथा सहकार्य गरी सञ्चालन गरिने छ।<br>३.२.६. नगर शिक्षकको रूपमा शिक्षक नियुक्ति गर्दा मेधावी व्यक्तिहरू र उच्च योग्यता भएका व्यक्तिहरुलाई प्रवेश गर्ने वातावरण सिर्जना गरिने छ।<br>३.२.७. वडा स्तरीय शिक्षक स्रोत अध्ययन, अनुसन्धानका लागि बिषय बिज्ञ समूह निर्माण गरिने छ।<br>३.२.८. वडा शिक्षा समितिमार्फत बालविकास सिकाइ तथा व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन गर्ने र सिकाइ सुढृढीकरण गर्दै सिकाइ गुणस्तर कायम गरिने छ। |
| ३.३. विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था पहिचान र स्तरीकरण गरी विद्यालय र परिवार स्तरमा सुधारात्मक | ३.४.१. विद्यार्थीको वास्तविक सिकाइ उपलब्धिको आधारमा सिकाइ उपलब्धि प्रतिवेदन तयार गरी अभिभावक, विषय शिक्षक, वि व्यस र शिअसं सँग छलफल गरी कार्ययोजना निर्माण गरिने छ।<br>३.४.२. विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण तथा विद्यालयको |

| | |
|---|---|
| सिकाइ क्रियाकलाप सञ्चालन गर्ने । | कार्यसम्पादन परीक्षण गर्न सुदृढ पद्धति अवलम्बन गर्ने । |
| ३.४. आधुनिक सूचना प्रविधिको प्रयोग सहित नविनतम शिक्षण विधि प्रयोग गर्ने । | ३.४.१ शिक्षण क्रियाकलापमा आधुनिक प्रविधि प्रयोग गर्न सक्ने शैक्षिक जनशक्ति तयार गरी कक्षा कोठा प्रविधिमैत्री बनाई स्मार्ट कक्षा मार्फत सिकाइ गरिने छ ।<br>३.४.२ विद्यार्थी र शिक्षकलाई विभिन्न शैक्षिक पोर्टलहरू, ई-पुस्तकालय, प्रयोग गरी विश्व परिवेश सुहाउँदो नविनतम सिकाइ हासिल गर्न सक्ने जनशक्ति तयार गरिने छ। |
| ३.५. शिक्षकको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण गर्ने । | ३.५.१ शिक्षकको पेसागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिकास्तरमा विज्ञ समुह, साथी समुह, रोस्टर समुह गठन गरी परिचालन गरिने छ ।<br>३.५.२. विद्यालय सुपरीवेक्षणलाई शिक्षकको पेसागत विकासमा सघाउ पुर्याउन कक्षा अवलोकन पश्चात पृष्ठपोषण दिने पद्धतीको विकास गरिनेछ ।<br>३.५.३. शिक्षकको पेसागत विकासका लागि पुनर्ताजगी तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ । |
| ३.६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता पुरा गर्ने । | ३.८.१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता पुरा गर्न पाठ्यक्रममा आधारित सिकाइ सहजीकरण गर्ने पद्धती अवलम्बन गर्न शिक्षकलाई सक्षम बनाईनेछ ।<br>३.८.२.शिक्षण सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रणालीलाई पाठ्यक्रममा आधारित बनाई विद्यार्थीको सिकाइ सक्षमतासँग जोडिने छ । |
| ३.७. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा विपन्न तथा पिछडिएका बर्गका समुदायका विद्यार्थीहरुलाई प्राथमिकता दिने । | ३.७.१. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा विपन्न तथा पिछडिएका बर्गका विद्यार्थीहरुलाई प्राथमिकता दिईनेछ ।<br>३.७.२. विद्यार्थीले रुचि अनुसारका विषयमा प्राबिधिक शिक्षा हासिल गर्न पाउने बैकल्पिक व्यवस्थाको सूनिश्चितता गरिनेछ । |
| ३.८ विद्यार्थीको सिकाइ क्षति कम गर्नको लागि शिक्षक बैंकको स्थापना गर्ने | ३.८.१. शिक्षक बिदामा बस्दा विद्यालयमा विद्यार्थीको सिकाइमा हुने गरेको क्षति कम गर्न शिक्षक बैंक स्थापना गरी आवश्यकतानुसार विद्यालयमा शिक्षक पठाई शिक्षण सिकाइलाई निरन्तरता दिईने प्रबन्ध गरिनेछ ।<br>३.८.२. शिक्षक नियुक्ति सरुवा तथा तालिम पेशागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धतिको विकास गरिने छ । |
| ३.९.विद्यार्थीको सिकाइ मूल्याङ्कनलाई उद्देश्यमूलक, नियमित, विश्वसनीय तथा स्तरीकृत गर्न यसको विद्यमान अभ्यासमा सधुार ल्याउन | ३.९.१. विद्यार्थीको सिकाइ मूल्याङ्कनलाई उद्देश्यमूलक, नियमित, विश्वसनीय तथा स्तरीकृत गर्न यसको विद्यमान अभ्यासमा सुधार गरिने छ।<br>३.९.२. पढाइको वातावरण सुधार्ने, विद्यार्थी नियमितता बढाउन, र अभिभावक शिक्षामा समुदाय परिचालन गर्ने, अभिभावक, शिक्षक बैठकहरू नियमित रूपमा आयोजना गरिने छ । |

| | |
|---|---|
| | ३.९.३. गुणस्तरीय शिक्षाका लागि योग्य, पेसागत रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकलाई कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक छनौट गरि पुरस्कृत गरिने छ ।<br>३.९.४. विद्यार्थी उपलब्धिको परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने सुदृढ पद्धति अवलम्बन गर्न बार्षिक शैक्षिक कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सुदृढ गरिने छ।<br>३.९.५ विद्यार्थीको वास्तविक सिकाइ उपलब्धिको आधारमा सिकाइ उपलब्धि प्रतिवेदन तयार गरी अभिभावक, विषय शिक्षक, वि.व्य.स. र शि.अ.सं.सँग छलफल गरी कार्ययोजना निर्माण गरिने छ। |

| उद्देश्य ४. शिक्षाको सुशासन तथा व्यवस्थापनमा सुधार, बिद्यालय प्रवन्ध र व्यवस्थापनलाई सहभागीतामुलक, जवाफदेही, पारदर्शी, उल्थानशिल बनाई अनुगमन मूल्याङ्कन पद्धतिलाई सुदृढ गर्दै बिद्यालय सुशासन कायम गर्नु । | |
|---|---|
| रणनीति | कार्यनीति |
| ४.१ शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने | ४.१.१. विद्यालयका सम्पूर्ण शैक्षिक व्यवस्थापन सम्बन्धि तथ्याङ्कलाई बस्तुपरक बनाई विद्यालय स्तरीय शैक्षिक सूचना प्रणालीमा सुधार गरिनेछ। |
| ४.२. शिक्षामा सुशासन प्रबर्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार गर्ने नीति अवलम्बन गर्ने | ४.२.१. विद्यालय शिक्षामा सशुासन प्रवर्धन, सूचना प्रविधिमा आधारित नेतृत्व प्रणाली, उपलब्धिमा आधारित उत्तरदायित्व तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिनेछ।<br>४.२.२. विद्यालयका शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूको कार्यसम्पादन तथा सिकाइ उपलब्धिका आधारमा मापनका लागि सूचकहरू (Key Performance Indicators - KPIs) निर्धारण गरिनेछ।<br>४.२.३. विद्यालय विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पालिकाले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्ने छ र प्रधानाध्यापकले शिक्षकसँग करार सम्झौता गरी मूल्याङ्कनको आधारमा प्रोत्साहन तथा दण्डको व्यवस्था गरिने छ।<br>४.२.४. नतिजा तथा कार्यसम्पादन सुधारका लागि प्रोत्साहन तथा सुधार कार्यक्रम सञ्चालन गरिने छ।<br>४.२.५. विद्यालय सुधार योजनालाई विद्यालय विकास योजनाको रुपमा विकास गरी कार्यान्वयन गरिने छ।<br>४.२.६. विद्यालयहरूमा विद्यालय विकास तथा व्यवस्थापनको लागि गुरु योजना बनाई कार्यान्वयन गरिनेछ।<br>४.२.७. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय पद्धतिमा सुधार गरिनेछ। |
| ४.३. संस्थागत विद्यालयलाई सेवामुलक बनाउदै ब्यवस्थापन र नियमन गर्ने। | ४.३.१. संस्थागत विद्यालयलाई सेवामुलक बनाउदै ब्यवस्थापन र नियमन गरिनेछ। |

| | |
|---|---|
| ४.४. विद्यालयको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने। | ४.४.१. विद्यालयको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालयका सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>४.४.२. विद्यालयले गरेका वार्षिक कार्यसम्पादनको स्वमूल्याङ्कन गराई जवाफदेहिता प्रबर्धन गरिनेछ। |
| ४.५.पढाइ वातावरणका लागि अभिभावक शिक्षा मार्फत समुदायको सहभागितालाई सूनिश्चित गर्ने। | ४.५.१. पढाई वातावरण, विद्यार्थी नियमितता, अभिभावक शिक्षाका सन्दर्भमा समुदाय परिचालनको लागि अभिभावक तथा समुदायको सहभागितालाई सूनिश्चित गरिनेछ।<br>४.५.२. बार्षिक रुपमा विद्यालय स्तरीय अभिभावक भेला तथा त्रैमासिक रुपमा कक्षागत अभिभावक भेला गरी अभिभावकको सहभागितामा आवधिक मूल्याङ्कन नतिजाको समिक्षा गर्दै विद्यार्थीको पढाइमा सुधार ल्याईनेछ। |

| उद्देश्य ५. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु | |
|---|---|
| रणनीति | कार्यनीति |
| ५.१ स्थानीय परिवेश, आवश्यकता र सामाजिक सँस्कृति अनुरुप निर्माण भएको स्थानीय पाठ्यक्रम लागू गर्ने, | ५.१.१. स्थानीय परिवेश, आवश्यकता, सामाजिक सँस्कृति अनुरुप निर्माण भएको स्थानीय पाठ्यक्रमलाई सबै सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयमा कार्यान्वयन गरिनेछ। |
| ५.२ नगरमा संचालित संध सस्था र समुदाय वाडा सँग समन्वय र साझेदारि गरी बिचैमा पढाई छाडेको बालबालिकाको, १५ बर्ष भन्दा माथिका निरक्षर जनसङ्ख्याको वास्तविक विवरण तयार गर्ने | ५.२.१.नगरमा संचालित संध सस्था र समुदाय वडासँग समन्वय र साझेदारि गरी बिचैमा पढाइ छाडेको बालबालिकाको, १५ बर्ष भन्दा माथिका निरक्षर नागरिकहरुको वास्तविक तथ्याङक गरी प्रोफाइल तयार गरिनेछ।<br>५.२.२ प्रोफाइलको आधारमा साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ। |
| ५.३ स्थानीय रैथाने ज्ञान सिपमा दक्ष भएका वा वैदेशिक राजगारीबाट अएका बिभिन्न सिप भएका व्यक्तिहरूको पहिचान गरी समकक्ष शिक्षाको योग्यताको प्रमाणप्रत्र दिने र सिपविकास कार्यक्रम संचालन गर्ने | ५.३.१. स्थानीय रैथाने ज्ञान सिपमा दक्ष भएका वा वैदेशिक राजगारीबाट अएका बिभिन्न सिप भएका व्यक्तिहरूको पहिचान गरी समकक्ष शिक्षाको योग्यताको प्रमाणप्रत्र दिइ सिपविकास कार्यक्रम संचालन गरिनेछ। |
| ५.४ खुल्ला तथा बैकल्पिक र प्रोढ बिद्यालय संचालनको लागि आवश्यक | ५.४.१. खुल्ला तथा बैकल्पिक र प्रौढ बिद्यालय संचालनको लागि आवश्यक जनशक्ति तयार र ब्यवस्थापन गरिनेछ।<br>५.४.२. सामुदायिक सिकाइ केन्द्रहरू आवश्यकताको आधारमा समायोजन |

| | |
|---|---|
| जनशक्ति तयार र ब्यवस्थापन गर्ने | पुनर्संरचना तथा पुनर्वितरण गरिनेछ। <br> ५.४.३ सामुदायिक सिकाइ केन्द्रलाई आधुनिक प्रबिधियुक्त विद्युतीय पुस्तकालयको रुपमा सुदृढीकरण गरी स्वा प्रवाह गरिने र समावेशी एवं समानताको आधारमा आजिवन सिकाइ थलोको रुपमा विकास गरिने छ। |
| ५.५.सबै निरक्षरहरूलाई औपचरिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्ण साक्षर बनाई सम्पूर्ण नागरिकको जीवनस्तरमा सुधार गर्ने। | ५.५.१. बीचमा पढाइ छोडेका मानिसहरूको लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप दिएर स्वरोजगार तर्फ उन्मुख गरिनेछ हा। <br> ५.५.२. सबै निरक्षरहरूलाई औपचारिक र अनौपचारिक माध्यमबाट पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार ल्याउन स्थानीय साक्षरता कक्षा सञ्चालन, प्रविधिको प्रयोग र व्यावहारिक साक्षरता कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। <br> ५.५.३. विद्यालय बाहिर रहेका तथा विद्यालय विच मै पढाइ छाडेका बालबालिकाहरुको अनौपचारिक शिक्षाको राष्ट्रिय योग्यता प्रारुपले तोकेका मापदण्ड बमोजिम योग्यता प्रमाणिकरण गरि शैक्षिक योग्यताको प्रमाण पत्र प्रदान गरिनेछ। |

| उद्देश्य ६. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै बैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| ६.१ आपतकालिन तथा संकटपूर्ण अवस्थामा वैकल्पिक सिकाइ विधि र माध्यमको प्रयोग गर्ने। | ६.१.१. विपद, महामारी, आपतकालिन तथा संकटपूर्ण अवस्थामा वैकल्पिक सिकाइ विधि र माध्यमहरुको प्रयोग, सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना ReAL Plan कार्यान्वयनका साथै विद्यार्थीको सिकाइ क्षतिको मूल्याङ्कन गरि उपचारात्मक शिक्षण विधिलाई कार्यान्वयन गरिनेछ। <br> ६.१.२. विपदको समयमा बैकल्पिक सिकाइका अवसर प्रदान गर्नका लागि बैकल्पिक सिकाइका माध्यमहरुको खोजी, शिक्षक र विद्यार्थीहरुको प्रविधिको प्रयोगमा सिप विकास गरी सिकाइका क्रियाकलापहरुलाई निरन्तरता दिने। |
| ६.२ विपत प्रतिकार्य सम्बन्धीको पूर्वतयारीको व्यवस्था गर्ने। | ६.२.१. विपदको समयमा शिक्षा निरन्तरता गर्न पूर्व तयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनाका लागि नगरस्तरमा, वडास्तरमा र र विद्यालय स्तरमा समिति गठन गरी आवश्यक नीति मार्गनिर्देशन र कार्यविधिहरू तयार गरिनेछ। |

| | |
|---|---|
| | ६.२.२. विपदको समयमा बैकल्पिक सिकाइका अवसर प्रदान गर्नका लागि बैकल्पिक सिकाइका माध्यमहरुको खोजी, शिक्षक र विद्यार्थीहरुको प्रविधिको प्रयोगमा सिप विकास गरी सिकाइका क्रियाकलापहररूलाई निरन्तरता दिइनेछ ।<br>६.२.३. संकटा सन्नाको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गरिनेछ।<br>६.२.४. सुरक्षित भवन निर्माण संहिताको पालना गरी विद्यालय भवन निर्माण तथा प्रबलीकरण गरिने छ ।<br>६.२.५. विपदमा आवश्यक पर्ने यन्त्र उपकरण खाद्यान्न पोसाक र अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ।<br>६.२.६. विपद तथा प्रकोप र शान्ति सुरक्षाको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी स्थानीय संघ संस्था र निकायहरूसँग समन्वय गरी जिम्मेवारपूर्ण संयन्त्र बनाइनेछ।<br>६.२.७. जलवायु परिवर्तन हरित विद्यालय दिगो विकासका निम्ति अभियानहरू सञ्चालन गरी विद्यालय शिक्षामा जोडी कार्यक्रमहरू सञ्चालन गरिने छ।<br>६.२.८. विद्यालयमा स्वास्थ्य स्वंयसेवक शिक्षकको व्यवस्था गरी स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइने छ । ६.२.९. माहामारी, प्रकोप तथा आपतकालीन अवस्थामा सिकाइको निरन्तरताका लागि शिक्षक विद्यार्थीसहितको विपत जोखिम न्यूनीकरण समितिहरू गठन गरिने छ । |

## २.२.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य वि.स. २०८६/८७ सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

- यस नगरपालिकाका भरिका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित हुने,
- नगरपालिका भरि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने,
- यस नगरपालिकाका आधारभूत तथा माध्यमिक शिक्षामा सूचना प्रविधिसहितको शिक्षण गरिने र सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय शिक्षामा सुधार आउने,

- नगरपालिका भरि पछि परेका गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको निमित्त अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन गरी सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुने,
- नगरपालिका शिक्षा शाखा लगायत नगरपालिकाभरिका विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,
- योग्य, सक्षम, प्रविधिमा निपूर्णतामा राख्ने स्वःउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुने,
- नगरपालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,
- विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने,
- सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुने,
- सहज र अप्ठ्यारो तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने,
- नगरपालिकाभरिका विद्यार्थीहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त उपयुक्त र बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,
- सबै विद्यालयहरूमा सूचना सञ्चार प्रविधिको विस्तार भई सिकारूलाई प्रविधियुक्त समयानुकूल, गुणस्तरीय बनाउन सहयोग पुग्ने,
- नगरपालिका भरिका विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्ने,

## २.७ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर | लुम्बिनी प्रदेश | कपिलवस्तु जिल्ला | शिवराज न.पा. | पालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ०८२-८३ | ०८३-८४ | ०८४-८५ | ०८५-८६ | ०८६-८७ |
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | ९७.६ | १०२.० | १०१.७५ | १०१.५ | १०१.२५ | १०१.० | १००.० |
| १.२ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ५९.२ | ६८.० | ७२.५ | ७७.० | ८१.५ | ८६.० | ९१.० |
| १.३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर १ कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ७७.३ | ६९.७ | ७५.० | ८०.० | ८५.० | ९५.०० | १००.० |
| १.४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७९ | ०.८ | ०.८४ | ०.८९ | ०.९३ | ०.९६ | ०.९९ |
| **२. आधारभूत तह (कक्षा १–८)** | | | | | | | | | | |
| २.१ | कक्षा १ मा खुद नयाँ भर्ना NIR | ९५.७ | ९५.८ | ९५.७ | ९५.९ | ९६.७ | ९७.५ | ९८.३ | ९९.१ | १००.० |
| २.२ | कक्षा १ मा कूल नयाँ भर्ना GIR | ११५.९ | ११९.५ | १२०.३ | १२०.९ | ११६.७२ | ११२.५४ | १०८.३६ | १०४.१८ | १०० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.५ | ९६.४ | ९७.३ | ९८.६ | ९९.५० | १००.० |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १३१.८ | १४०.८ | १३५.१६ | १३०.४८ | १२५.३२ | १२०.१६ | ११५ |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.९६ | ०.९० | ०.९२ | ०.९४ | ०.९६ | ०.९८ | १.० |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९४.५ | ९४.५ | ९५.६ | ९६.७ | ९७.८ | ९८.९ | १०० |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | १२१.७ | १२८.४ | १२४.१२ | ११९.८४ | ११५.५६ | १११.२८ | १०७ |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.२ | ८६.७ | ८९.३६ | ९२.०२ | ९४.६८ | ९७.३४ | १०० |
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.९३ | ०.८७ | ०.८९ | ०.९२ | ०.९४ | ०.९७ | १ |
| **३. माध्यमिक शिक्षा (कक्षा ९–१२)** | | | | | | | | | | |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७३.० | ६९.७ | ७५.२ | ८०.३७ | ८५.०५ | ९०.९४ | ९५.० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८.७ | ९६.८ | ९०.९ | ८६.७ | ८९.३६ | ९२.०२ | ९४.६८ | ९७.३४ | १०० |
| १६ | माध्यमिक तह (९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.९१ | ०.८९ | ०.९१ | ०.९३ | ०.९५ | ०.९७ | ०.९९ |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | २४.२ | ३०.० | ३८ | ४६.० | ५४.० | ६०.० | ७०.० |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ४२.२ | ५२.४ | ६०.४ | ६८.४ | ७६.४ | ८४.४ | ९२.५ |
| १९ | माध्यमिक तह (कक्षा ११- १२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | १.०२ | १.०४ | १.०३ | १.०२० | १.२९ | १.११ | १.० |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ४६.८ | ४६.५ | ५४.२ | ६१.९ | ६९.६ | ७७.३ | ८५.० |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ६४.७ | ६६.६ | ७१.२८ | ७५.९६ | ८०.६४ | ८५.३२ | ९०.० |
| २२ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | १ | १ |
| **४.** | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ७५.५ | ८१.३ | ८५.०४ | ८८.७८ | ९२.५२ | ९६.२६ | १०० |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८६.२ | ८१.८ | ८५.४४ | ८९.०८ | ९२.७२ | ९६.३६ | १०० |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ९२.१ | ८८.८ | ९१.०४ | ९३.२८ | ९५.५२ | ९७.७६ | १०० |
| २६ | कक्षा ११-१२ मा उत्तीर्ण दर | ९१.३ | ९१.२ | ९१.३ | ९१.२ | ९२.५६ | ९३.९२ | ९५.२८ | ९६.६४ | ९८ |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.७ | १०.९ | ८.७२ | ६.५४ | ४.३६ | २.१८ | ० |
| २८ | कक्षा दोहोर्याउने दर ६ देखि ८ | ५.२ | ६.३ | ४.४ | १२.९ | १०.३२ | ७.७४ | ५.१६ | २.५८ | ० |
| २९ | कक्षा दोहोर्याउने दर ९ देखि १० | २.२ | २.३ | ०.८ | ५.३ | ४.३ | ३.३ | २.३ | १.१ | ० |
| ३० | कक्षा ११-१२ मा कक्षा दोहोऱ्याउने | ०.८ | ०.५ | ७.२ | ० | | | | | ० |
| ३१ | कक्षा छाड्ने दर १ देखि ५ | ३.२ | ३.३ | ५.३ | २.७ | २.१६ | १.६२ | १.०८ | ०.५४ | ० |
| ३२ | कक्षा छाड्ने दर ६ देखि ८ | २.८ | २.९ | ३.७ | २.१ | १.७ | १.३ | ०.९ | ०.५ | ० |
| ३३ | कक्षा छाड्ने दर ९ देखि १० | १.९ | २.१ | २.६ | ३.१ | २.४८ | १.८६ | १.२४ | ०.६२ | ० |
| ३४ | कक्षा ११-१२ मा कक्षा छोड्ने दर | ०.९ | १.१ | ०.४ | ०.९ | ०.७ | ०.५ | ०.३ | ०.१ | ० |

स्रोतः *CEHRD flash report 2080*

# परिच्छेद ३
# शिक्षाका मुख्य उपक्षेत्र

नगर शिक्षा योजनाको यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका प्रमुख ५ वटा उपक्षेत्रः प्रारम्भिक बालविकास, आधारभूत तह, माध्यमिक तह, जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिमको वर्तमान अवस्था, मुख्य समस्या, चुनौति,लक्ष्य, उद्देश्य, नतिजा, मुख्य कार्यसम्पादन सूचक, परिमाणत्मक लक्ष्य र क्रियाकलापको बारेमा विश्लेषण गरि पाँच बर्षको लक्ष्य तय गरिएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

प्रारम्भिक बालविकासको अवधिमा बालबालिकाले पाउने विकासात्मक अवसरको प्रभाव मानव जीवनभरि नै पर्दछ । यस अवस्थामा बालबालिकाको आवश्यकतानुसार यथोचित हेरचाह गर्न सकिएन भने उनीहरूले भविष्यमा शैक्षिक असफलता, संज्ञानात्मक चुनौतीहरू, व्यावहारिक समस्याहरू, विकासमा ढिलाई, वृद्धि मन्दता र स्वास्थ्य समस्याहरू सहित धेरै नकारात्मक परिणामहरू र कमजोरीहरूको सामना गर्नुपर्ने हुन्छ।

गर्भावस्थादेखि ८ वर्ष सम्मको उमेरमा हुने सर्वाङ्गीण विकास नै प्रारम्भिक बालविकास हो । यस अवधिलाई मानव जीवनको आधारशिला मानिन्छ । गुणस्तरीय प्रारम्भिक बालविकास कार्यक्रमबाट बालबालिकाको शारीरिक, बौद्धिक, भाषिक, सामाजिक तथा संवेगात्मक विकास हुनुका साथै विद्यालयका लागि पूर्वतयारी र जीवनकै जग निर्माण गर्ने बेला हो। अनिवार्य तथा निःशुल्क शिक्षाको ऐन, २०७५ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षालाई "चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नु भन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा हो भनेको छ।

शिवराज नगरपालिकाले पनि प्रारम्भिक बालविकास र शिक्षालाई नगरको नि:शुल्क बिद्यालय शिक्षाको पहिलो आधार र नगरको मानव पुँजी विकासको जगको रूपमा लिएको छ। नगरपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई यस लुम्बिनी प्रदेशको नमुना स्रोत अध्ययन नगरको रूपमा विकास गर्नु सोचका साथ प्रारम्भिक बालविकास र शिक्षालाई पहिलो प्राथमिकतामा राखेर स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे अनुसार आवश्यक नीति नियम, कानुन मापदण्ड योजना तर्जुमा, अनुगमन मुल्याङ्कन, नियमन, तालिमको व्यवस्थापन, गर्दै बालविकास केन्द्रमा आधारभूत कुराको सुनिश्चितताको लागि निजि क्षेत्र संघसंस्था र समुदायको सहकार्यको लागि निरन्तर समन्वय गर्दै आवश्यक स्रोत व्यवस्थापन गर्दे आएको छ।

### ३.१.१ वर्तमान अवस्था

यस नगरपालिकामा जम्मा १५५ वटा  बालविकास रहेको छ । कुल बालविकास मध्ये विद्यालयको EMIS तथ्याङ्क २०८१ अनुसार ७५ वटा सामुदायिक विद्यालयमा आधारित, ७५ संस्थागत विद्यालयमा आधारित  ५ वटा धार्मिक विद्यालयमा आधारित बालविकास रहेको छ। कुल १५५ वटा बालविकासमा विद्यालयको EMIS तथ्याक २०८१ अनुसार कुल ५०१८ जना बालबालिका भर्ना भई अध्ययन गरिरहेको अवस्था छ । जस मध्ये सामुदायिक विद्यालयमा आधारित बालविकासमा २६९७ र २३२१ संस्थागत विद्यालयमा आधारित जम्मा ५०१८ बालबालिका अध्ययनरत रहेका छन्। कुल बालबालिका मध्ये २८६९ जना बालक र २१४९ जना बालिका रहेको छ।

## तालिका नं. ३.१
## नगरपालिका भित्र रहेका बालविकास केन्द्रहरुको भौतिक एवम् अन्य अवस्थाको विवरण

| क्र.स. | नाम | सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | | बसाई व्यवस्था | | | भित्ता सजावट | | | सिकाइ सामाग्री व्यवस्था | | खेल सामाग्री व्यवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिम पाएको | तालिम नपाएको | छ | छैन | खाली भुँई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor out door दुवै | Indoor मात्र | out door मात्र | कुनै छैन | कैफियत |
| १ | नेपाल आदर्श माध्यमिक विद्यालय, शिवपूर | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| २ | सरस्वती आधारभूत विद्यालय, शिवपूर | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| ३ | शिव प्राथमिक विद्यालय, भलुही | √ | | √ | | | | √ | | √ | | √ | | | √ | √ | | |
| ४ | मनकामना प्राथमिक विद्यालय, करैया | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| ५ | ज्ञानज्योति प्राथमिक विद्यालय, उमरी | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| ६ | जागृति प्राथमिक विद्यालय, सन्दीपनगर | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| ७ | वालशिक्षा माध्यमिक विद्यालय, हल्लानगर | √ | | √ | | | | √ | | √ | | √ | | | √ | | | |
| ८ | जनता आधारभूत विद्यालय, मदरहवा | √ | | √ | | | | √ | | | √ | | | | √ | | | |
| ९ | बुद्ध प्राथमिक विद्यालय, हर्रहवा | √ | | √ | | | | √ | | | √ | | | | √ | | | |
| १० | दुर्गा भगवती माध्यमिक विद्यालय, नयाँवस्ती | √ | | √ | | | | √ | □ | | √ | √ | | | √ | | | |
| ११ | आधारभूत विद्यालय, मदवा | √ | | √ | | | | √ | | | √ | √ | □ | | √ | | | |
| १२ | धर्मज्योति प्राथमिक विद्यालय, भितरिया | √ | | √ | | | | √ | | □ | √ | √ | □ | | √ | | | |
| १३ | वेवरभवानी प्राथमिक विद्यालय, मैनार | √ | | √ | | | | √ | □ | | √ | √ | □ | | √ | | | |
| १४ | देविस्थान प्राथमिक विद्यालय, वलुहवा | √ | | √ | | | | √ | | □ | √ | √ | | | √ | | | |
| १५ | समयथान माध्यमिक विद्यालय, खरेन्द्रपूर | √ | | √ | | | | √ | □ | | √ | √ | | | √ | | | |
| १६ | राष्ट्रिय आधारभूत विद्यालय डकहिया | √ | | √ | | | | √ | □ | | √ | √ | | | √ | | | |
| १७ | राम जानकी प्राथमिक विद्यालय, समिति चोक | √ | | √ | | | | √ | □ | | √ | √ | | | √ | | | |
| १८ | मदरसा दारुल अनावरुल कुरान प्रा.वि.,चनई | √ | | √ | | | | √ | □ | | √ | √ | | | √ | □ | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | महेन्द्र आधारभूत विद्यालय, वरगदवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | | | |
| २० | राष्ट्रिय माध्यमिक विद्यालय, चन्द्रौटा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २१ | सिद्धार्थ आधारभूत विद्यालय, खैरी | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २२ | मदरसा दारुल उलुम सिद्धिकिया प्रा.वि.सौनी | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २३ | ज्ञानज्योति प्राथमिक विद्यालय, भुड्डीहवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २४ | त्रिभुवन आर्दश माध्यमिक विद्यालय, पिपरी | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २५ | आधारभूत विद्यालय, धर्मनगर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २६ | प्राथमिक विद्यालय, मोतिनगर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २७ | बालविकास प्राथमिक विद्यालय, सुगानगर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २८ | मदरसा जियाउल वलूम प्रा वि, कुदरवेटवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| २९ | बीरपुर बालविकास केन्द्र, बीरपूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३० | शेष प्राथमिक विद्यालय, जवाभारी | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३१ | नारायण गोपाल प्राथमिक विद्यालय, जूमिली | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३२ | सूर्यलाल बालविकास केन्द्र, बालानगर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३३ | कुन्जविहारी बालविकास केन्द्र, निविहवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३४ | वालज्योति माध्यमिक विद्यालय, विसुनपूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३५ | जनचेतना माध्यमिक विद्यालय, लक्ष्मणपूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३६ | त्रिपुरेश्वर प्राथमिक विद्यालय, महुली | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३७ | लक्ष्मणपुर प्राथमिक विद्यालय, लक्ष्मणपूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३८ | भानु प्राथमिक विद्यालय, सडवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ३९ | दूर्गा प्राथमिक विद्यालय, देवीपूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४० | ज्योति बालविकास केन्द्र, पटपर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४१ | मनोकामना वालविकास केन्द्र, कोटवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४२ | प्रकाश माध्यमिक विद्यालय, सून्दरीडाँडा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४३ | सरस्वती माध्यमिक विद्यालय, वनियाभार | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४४ | ने.रा. आधारभूत विद्यालय छो.भगवानपूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४५ | शिवराज आधारभूत विद्यालय ढांणखोला | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४६ | शिव प्राथमिक विद्यालय, रमुवादह | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४७ | शिवगढी प्राथमिक विद्यालय, विजगौरी | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४८ | ने.रा. प्राथमिक विद्यालय, सितलापूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ४९ | गंगापपुलर प्राथमिक विद्यालय, श्रीण्डीहवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५० | किशोरआदर्श प्राथमिक विद्यालय, इस्लामनगर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५१ | जनआदर्श प्राथमिक विद्यालय, गव्वापूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५२ | जनता प्राथमिक विद्यालय, लालपूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५३ | मदरसा मोहम्मदिया अल सल्फिया प्रा वि सिवहरवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५४ | रंगीलाल माध्यमिक विद्यालय, सडवा | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५५ | ज्ञानोदय आधारभूत विद्यालय, सेमरी | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५६ | दुर्गेश नन्दनी प्राथमिक विद्यालय, थून्हिया | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५७ | ब्रम्हदेव प्राथमिक विद्यालय, मरजातपूर | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५८ | मदरसा गौसिया आधारभूत विद्यालय, थुन्हिया | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |
| ५८ | राम लखन वालविकास केन्द्र, थुन्हिया | √ | | √ | | | | √ | | | √ | √ | | | √ | √ | | |

### तालिका नं ३.२
### बालविकास शिक्षाको सूचकहरुको विवरण

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | १०२.० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ६८.० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ६९.७ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.७४ |

स्रोतः CEHRD flash report 2081

### तालिका नं ३.३
### बालविकास केन्द्र तथा बालबालिकाको विवरण

| वडा नम्बर | बालविकास केन्द्र | | बालबालिकाको संख्या | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | | | संस्थागत | | | |
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | १२ | १२ | १९० | २५७ | ४४७ | ९४ | १२५ | २१९ | ६६६ |
| २ | ४ | ३ | ५८ | ४९ | १०७ | ८५ | १३२ | २१७ | ३२४ |
| ३ | ६ | ९ | १०७ | ११६ | २२३ | १०८ | १९८ | ३०६ | ५२९ |
| ४ | ६ | ० | १०२ | १२६ | २२८ | ० | ० | ० | २२८ |
| ५ | ६ | १८ | ११० | १०१ | २११ | २१८ | ३७५ | ५९३ | ८०४ |
| ६ | ६ | ६ | १३३ | १४६ | २७९ | ६० | ९१ | १५१ | ४३० |
| ७ | ३ | ९ | ७४ | ६३ | १३७ | ५३ | १०७ | १६० | २९७ |
| ८ | १४ | ६ | १६३ | १८६ | ३४९ | ३३ | ८६ | ११९ | ४६८ |
| ९ | ९ | ३ | १२३ | १४९ | २७२ | ६४ | ८१ | १४५ | ४१७ |
| १० | ७ | ० | १२० | ११६ | २३६ | ० | ० | ० | २३६ |
| ११ | ७ | ९ | ११७ | १४० | २५७ | ४५ | १०२ | १४७ | ४०४ |
| जम्मा | ८० | ७५ | १२९७ | १४४९ | २७४६ | ७६० | १२९७ | २०५७ | ४८०३ |

*स्रोतःIEMIS तथ्याङ्क, शिवराज नगरपालिका*

### तालिका नं ३.४
### शिवराज नगरपालिका को प्रारम्भिक बालविकासको अवस्था

| सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | सिकाइ सामाग्री व्यवस्था | | | खेल सामाग्री व्यवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिएको | नलिएको | छ | छैन | खाली भुँई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor out door दुबै | Indoor मात्र | out door मात्र | कुनै छैन | |
| सङ्ख्या | सङ्ख्या | | | | | | | | | | | | | | | |
| ५२ | २८ | ८० | ० | ० | ८० | ८० | ६२ | १८ | ५ | ७५ | ० | ४ | ७३ | ० | ३ | |

स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, शिवराज नगरपालिका

**तालिका नं ३.५**

**बालविकास केन्द्र तथा बालवालिकाहरुको विवरण**

| क्र.स | विद्यालय | विद्यालयको सङ्ख्या | विद्यार्थीको सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| १ | सामुदायिक विद्यालयमा आधारित बालवाविकास संख्या | ६९ | १४४९ | १२९७ | २७४६ |
| २ | धार्मिक विद्यालयमा आधारित | ४ | | | |
| ३ | समुदायमा आधारित | ७ | | | |
| ४ | संस्थागत विद्यालयमा आधारित | २६ | १२९७ | ७६० | २०५७ |

*स्रोत : EMIS प्रतिवेदन २०८१*

बालविकासको सिकाइको अभ्यास बालबालिकाको सर्वाङ्गीण विकासलाई मध्यनजर गरि अभ्यास गरिदै आएको छ । बालविकासमा बिषयगत सिकाइलाई भन्दा पनि बालबालिकाको शारिरिक, मानसिक, भावनात्मक, संवेगात्मक विकासमा केन्द्रित रहेको छ । त्यसैले बालविकासमा अरू विद्यालयमा भन्दा फरक अवस्थाको सिकाइ वातावरणको परिकल्पना गरिएको छ । बालविकास प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले पनि बालविकासको भौतिक, शैक्षिक पूर्वाधार देखि शैक्षिक क्रियाकलाप बालबालिकाको पूर्णरूपमा बालमनोबिज्ञानमा अधारित हुनु पर्ने कुरामा जोड दिँदै बिभिन्न मापदण्ड तय गरेको छ ।

शिवराज नगरपालिकामा संचनलन भईरहेको बालविकास केन्द्रको भौतिक, शैक्षिक कुराको वर्तमान अवस्था हेर्दा जम्मा ९४ वटा बालविकास मध्ये ४ वोटा बालविकास अझै कच्ची भवनमा सञ्चालन रहेको छ ( संस्थागत सर्वेक्षण, २०७६) भने सबै कक्षाकोठा पक्की र ५ वोटा बालिबकासको कक्षाकोठा कच्ची रहेको छ । त्यसै गरि ६८ वोटा बालविकास केन्द्रमा बालबालिकाको लागि बालमैत्री बसाई ब्यवस्थापन भएको बालविकास रहेको छ भने २२ बालविकासमा बसाई ब्यवस्थापनको लागि आवश्यक ब्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

**तालिका नं ३.६**

**बालविकास केन्द्रको भौतिक पूर्वाधार अवस्था**

| क्र.स | बालविकास | विद्यालयमा आधारित | | समुदायमा आधारित | | धार्मिक विद्यालयमा आधारित | |
|---|---|---|---|---|---|---|---|
| | | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| १ | सुरक्षित पक्की भवन भएको बालविकासको सङ्ख्या | ६९ | ० | ७ | ० | ४ | ० |
| २ | प्रयाप्त कक्षाकोठा भएको बालविकासको सङ्ख्या | ६९ | ० | ७ | ० | ४ | ० |
| ३ | प्रयाप्त मात्रामा खानेपानीको व्यबस्थित संरचना भएको बालविकासको सङ्ख्या | ६९ | ० | ७ | ० | ४ | ० |
| ४ | बालविकासको लागि छुटै शौचालय भएको बालविकासको सङ्ख्या | ६९ | ० | ७ | ० | ४ | ० |
| ५ | कारपेट लोहाईट टेवल, पंखा सहितको बालमैत्रि बसाइ ब्यवस्थापन भएको बालविकास केन्द्रको सङ्ख्या | | | | | | |
| ६ | सिकाइको ६ कुना ब्यवस्थापन भएको बालविकास केन्द्रको सङ्ख्या | ५५ | ० | ७ | ० | ० | ० |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, शिवराज नगरपालिका*

**मुख्य समस्या तथा चुनौतिको विश्लेषण**

प्रारम्भिक बालविकास र शिक्षा क्षेत्रमा रहेको वर्तमान अवस्थाको विश्लेषण गर्द यस नगपालिकामा रहेको प्रारम्भिक बालविकास र शिक्षा क्षेत्रमा निम्न उल्लेखित मुख्य समस्या र चुनौति रहेको छ जसलाई तल बुँदागतरूपमा प्रस्तुत गरिएको छ ।

१. प्रारम्भिक बालविकास शिक्षामा उमेर समुहका बालबालिका भन्दा कम तथा बढि उमेरका बालबालिका धेरै बालविकास केन्द्रमा भर्ना भएको हुदा सिकाइ सहजिकरण, गुणस्तरमा समस्या भएको ।
२. विद्यालयमा अधारित बालविकास केन्द्रहरू वस्तिबाट टाढा भई बालबालिकाको उपस्थितिमा कम ।
३. समुदायमा आधारित बालविकास केन्द्रहरूमा तोकिएको मापदण्ड अनुसार सञ्चालन गर्नको लागि आवश्यक शैक्षिक सामाग्रीको स्रोतको अभाव ।
४. बालबालिकाको पहुँच सुनिश्चितताको लागि थप बालविकास केन्द्र भवन आवश्यक भए पनि भवन ब्यवस्थापन गर्न नसक्नु ।
५. बालविकास केन्द्रको कच्चि कक्षाकोठा लाई सुरक्षित पक्की र ब्यवस्थित गर्ने नसक्नु
६. सबै बाबालिकाहरूको यथार्थ विवरण शैक्षिक सूचना व्यस्थापन प्रणालीमा प्रविष्ट नहुनु ।
७. वालविकास केन्द्रलाई आवश्यक थप अनुदान उपलब्ध गराउन नसक्नु ।
८. समुदाय अनुसारको बालबालिकाहरुको तथ्याक विवरण नभएको ।
९. संस्थागत विद्यालयमा संचालित बालविकासको बैज्ञानिक हिसावले अध्ययन गरि नियमन गर्न नसकिरहेको ।
१०. स्थानिय स्तरमा उपलब्ध स्रोत साधनको उपयोग गरि सिकाइ गुणस्तरमा शैक्षिक सामाग्री विकास गर्न नसक्नु ।

## ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्ष उमेर समुहका सबै बालबालिकाको सहभागितामूलक पहुँच तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
२. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, र भावनात्मक विकासलाई प्रोत्साहन प्रदान गर्नु ।
३. कक्षा १ मा भर्ना हुने बालबालिकाहरु सतप्रतिशत रुपमा प्रारम्भिक बालविकासको अनुभव प्राप्त गरि सुरक्षित रुपमा प्रवेश गर्नु ।
४. प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा शिक्षकहरूको क्षमता वृद्धि गरेर उनीहरूको शिक्षण विधिहरूलाई प्रभावकारी गर्नु ।
५. प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरुका सर्वाङ्गीण विकासको लागि अभिभावकको सक्रियता तथा सहभागीतमा वृद्धि गर्नु ।
६. संघिय तह, प्रदेश तह तथा संघसंस्थासँग समन्वय गरी नगरपालिकाको सबै क्षेत्रमा रहेका प्रारम्भिक बालविकास केन्द्रमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्नु ।

## ३.१.३ रणनीति

१. बालवालिकाहरुको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्व तयारीका लागि ४ वर्ष उमेरका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा प्रारम्भिक बाल विकास तथा शिक्षामा पहुँच तथा सहभागिता वृद्धिका निम्ति कानुन निर्माण गरि कार्यान्वयन गर्ने ।
२. प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिएर खेल सामग्री, सिकाइ सामग्री,मनोरञ्जन सामग्री, अडियो,भिडियो सामग्री, सहित आकर्षक, मनोरञ्जनपूर्ण र बालमैत्री कक्षाकोठा व्यवस्थापन सहितको नमुना बालविकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।

३. प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चितताका निम्ति उमेर सुहाँउदो शौचालय तथा स्वच्छ खानेपानीको व्यवस्था निर्माण गर्ने।
४. सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन, विशेष गरी ग्रामीण र पिछडिएका क्षेत्रहरूमा शिक्षा सामग्री, शिक्षक र विद्यालयको स्रोतको समान वितरण सुनिश्चित गर्ने।
५. प्रारम्भिक बालविकासको सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकतानुसार स्थानीय भाषाको प्रयोगलाई समेत जोड दिने।
६. शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्यका कार्यक्रमहरू लागू गर्ने जसमा बालबालिकाका लागि खेल, कला, संगीत र अन्य सृजनात्मक गतिविधिहरू समावेश गर्ने।
७. प्रारम्भिक बालविकास तथा शिक्षा (पूर्व प्राथमिक शिक्षा) को अनुभव नलिई कक्षा एकमा भर्ना हुनेको प्रतिशतलाई न्युनिकरण गर्नका लागि विद्यालयमा आधारित, समुदायमा आधारित, तथा अपाङ्गता भएका बालबालिकाहरुलाई लक्षित गरि घर परिवारमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रबन्ध गर्ने।
८. प्रारम्भिक बालविकास सम्बन्धी मौजुदा संघीय नीति, ऐन र कानुनको मर्म र स्थानीय तहको मौलिक आवश्यकताका आधारमा कानुनी सामन्जस्यता ल्याउने काममा योगदान गर्दै कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने।
९. प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकहरुलाई क्रमिक रुपमा आधारभूत तथा पुनःताजगी तालिम प्रदान गर्ने।
१०. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि स्थानीय स्तरमा उपलब्ध कम मूल्यका (No cost, Low cost) स्रोत साधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standards-ELDS) को कार्यान्वयनको सुनिश्चत गर्ने।
११. बालविकास उमेरका बालबालिकाहरुको घरमा पढने वातावरण निर्माणका निम्ति अभिभावकलाई जिम्मेवार बनाउन 'सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा, कार्यक्रम सञ्चालन गर्ने ।
१२. बालबालिकाको घरायासी वातावरणलाई बालमैत्री बनाउदै बालबालिकाको समुचित विकासमा स्थानीय तह,आमा,बुवा, परिवार, संरक्षक तथा समुदायको सक्रीय संलग्नता सुनिश्चित गर्ने।
१३. बाल विकास तहमा अध्ययन गर्ने वाल बालिकाका अभिभावकहरूलाई बाल मनोविज्ञान सम्बन्धि परामर्श दिइने कार्यक्रम संचालन गर्ने।
१४. नगरपालिकाको अगुवाईमा स्वास्थ्य, पोषण,शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि प्रारम्भिक बालविकास बहुक्षेत्रीय पोषणकार्यक्रम संचालन गर्ने ।
१५. प्रारम्भिक बालविकासमा लगानी सुनिश्चितताका निम्ति सँघ, प्रदेश तथा सँघसँस्था सँग समन्वय गरि लगानी मैत्री वातावरण सृजना गर्ने।

यस रणनीतिको सफल कार्यान्वयनले बालबालिकाको समग्र विकास र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न मद्दत गर्नेछ।

## ३.१.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धि**

१. चार वर्ष उमेरका सतप्रतिशत बालबालिकालाई समान अवसर र गुणस्तरीय प्रारम्भिक शिक्षा प्रदान भएको हुनेछ ।
२. कक्षा १ मा प्रवेश गर्ने सबै बालबालिकाहरू प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहितका भएको हुनेछन् ।
३. सबै प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुनेछन्।

४. सबै बालविकास केन्द्रका शिक्षकहरुले आधारभूत तहको तालिम प्राप्त गरि बालबालिकाहरुले गुणस्तरीय शिक्षा प्राप्त गरेका हुनेछन् ।
५. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, र भावनात्मक विकासलाई प्रोत्साहन प्रदान भएको हुनेछ ।
६. सबै बालबालिकालाई चाहे अनुसार उनीहरूको सामाजिक, आर्थिक, वा सांस्कृतिक पृष्ठभूमि जस्तो भए पनि, शिक्षातन्त्रमा समावेश भएको हुनेछ ।
७. बालविकास र प्रारम्भिक शिक्षा क्षेत्रमा नयाँ र सृजनात्मक विधिहरू द्वारा पठनपाठन भएको हुनेछ ।

**नतिजा**

यस योजनाले तयगरेको नतिजा हासिल गर्ने निम्नलिखित प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य तय गरेको छ ।

| क्र.सं. | सूचक | नगरपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | १०१.७५ | १०१.५ | १०१.२५ | १०१.० | १००.० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७२.५ | ७७.० | ८१.५ | ८६.० | ९१.० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर १ कक्षा एकमा भर्ना | ७५.० | ८०.० | ८५.० | ९५.०० | १००.० |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८४ | ०.८९ | ०.९३ | ०.९६ | ०.९९ |

## ३.१.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्षय (पाचँ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | प्रारम्भिक बालविकास केन्द्र जाने उमेर समुहका बालबालिकाहरुलाई लक्षित गरि भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | प्रारम्भिक बालविकास कक्षा कोठा व्यवस्थापन | कक्षा | ५ | ५ | ६ | ७ | ८ | ३१ |
| ३ | स्वच्छ पिउने पानी तथा हात धुने व्यवस्था | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ४ | दिवा खाजा व्यवस्थापन कार्यक्रम | जना | २६९७ | २७२० | २७७४ | २८१९ | २८७६ | १३८८६ |
| ५ | अभिभावक शिक्षा कार्यक्रम | शिक्षक | ८० | ८० | ८० | ८० | ८० | ४०० |
| ६ | बालविकास शिक्षकलाई पुनः ताजगी तालिम | शिक्षक | ० | ४० | ४० | ० | ० | ८० |
| ७ | प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित प्रगती विवरण छपाई सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षकहरुको निरन्तर सिप विकास तथा समस्या समाधानका लागि त्रैमासिक रुपमा घुम्ति बैठक सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ९ | बालमैत्री बाहिरि खेल सामाग्री | केन्द्र | ० | २ | २ | २ | २ | ८ |
| १० | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | जना | ८० | ८० | ८० | ८० | ८० | ४०० |
| ११ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | जना | ८० | ८० | ८० | ८० | ८० | ४०० |
| १२ | ECED कक्षाहरूका सामग्री र सिकाइ कुनाका लागि बजेट अनुदान | जना | ८० | ८० | ८० | ८० | ८० | ४०० |
| १३ | केन्द्रलाई स्मार्ट बोर्ड तथा साउण्ड सिस्टम सहयोग | केन्द्र | ३ | ४ | ५ | ५ | ५ | २२ |
| १४ | नगरपालिका भित्रका उत्कृष्ट बालविकास केन्द्रलाई वार्षिक रुपमा पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | बालविकास केन्द्रका व्यवस्थापन समिति सँग मेयर कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.२ आधारभूत शिक्षा

### परिचय

आधारभूत शिक्षा समग्र शिक्षाको आधार हो । आधारभूत शिक्षा बालबालिकाको सर्वाङगीण विकासको पहिलो आधार हो । कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षाको रूपमा परिभाषित गरेको छ ( राष्ट्रिय पाठ्यक्रम पारूप २०७६ र विद्यालय शिक्षा क्षेत्र विकास योजना २०७८ । आधारभूत शिक्षाले बालबालिका लाई आधारभूत ज्ञान सिप हासिल गराई अफ्नो सर्वङ्गणिक विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजन गर्न साथै आफ्नो हक अधिकार र कर्तव्यको प्रतिको बोध, सामाजिक, प्राकृतिक, मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार प्रति सेचत दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्ने आफै सक्षम भै नैतिकवान र कर्तव्यनिष्ठ असल व्यक्ति बनाउने हो ।

शिवराज नगरपालिकाले पनि आधारभूत शिक्षालाई यस नगरको ५ देखि १२ वर्षको बालबालिकाको भविष्य निर्माण गर्ने प्रारम्भिक बालविकास र शिक्षा पछिको पहिलो आधारको रूपमा लिएको छ र आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न अनिवार्य र नि:शुल्क बनाई पूर्णरूपमा शैक्षिक शत्र २०८० देखि कार्यान्वयन गर्दै अईरहेको छ । नगरले आधारभूत शिक्षाको गुणस्तर र सान्दर्भिकतालाई पहिलो प्राथमिकतामा राखि शिवराज नगरपालिकाले पनि आधारभूत शिक्षा लाई यस नगरको ५ देखि १२ वर्षको बालबालिकाको भविष्य निर्माण गर्ने प्रारम्भिक बालविकास र शिक्षा पछिको पहिलो आधारको रूपमा लिएको छ र आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न अनिवार्य र नि:शुल्क बनाई पूर्णरूपमा शैक्षिक शत्र २०८० देखि कार्यान्वयन गर्दै अईरहेको छ ।

नगरले आधारभूत शिक्षाको गुणस्तर र सान्दर्भिकतालाई पहिलो प्राथमिकतामा राखि आधारभूत शिक्षालाई यस प्रदेशको नमुना शिक्षाको रूपमा विकास गरी सबै बालबालिकाको आधारभूत शिक्षाको सिकाइ उपलब्धि अभिबृदि गरि सबै बालबालिकाले आधारभूत शिक्षा पुरा गराउने लक्षय लिएको छ ।

### ३.२.१ वर्तमान अवस्था

यस नगरपालिकामा हाल जम्मा ५८ ओटा आधारभूत विद्यालय सञ्चालनमा रहेको छ । जस मध्ये ४३ वटा विद्यालयमा १–५ र १५ ओटा १–८ कक्षा सञ्चालन रहेको छ । १–५ सञ्चालित कुल आधारभूत विद्यालय मध्ये ३३ सामुदायिक, १० संस्थागत छ भने १–८ कक्षा सञ्चालन रहेको आधारभूत बिद्यालय मध्ये १० सामुदायिक, ५ संस्थागत रहेको छ । आधारभूत तहका तिनै प्रकारको विद्यालयमा शैक्षिक सत्र २०८१ को IEMIS तथ्याङक अनुसार कुल १९५४६ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेक छन् जसमध्ये १४७६३ सामुदायिक, ४७८३ संस्थागत विद्यालयमा अध्ययनरत छन् । कुल विद्यार्थी सङ्ख्या मध्ये ९१२२ (४६.४४%) छात्रा तथा १०४९७ (५३.५६%) छात्रा रहेका छन् । यस नगरपालिकाको आधारभूत शिक्षा तर्फका सूचकहरुको अवस्था निम्न अनुसार रहेको छ :

**तालिका नं ३.७**

**आधारभुत तहको सुचकहरुको अवस्था**

| क्र.स. | सूचक | हालको अवस्था |
|---|---|---|
| १. | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९५.५ |
| २. | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | १२०.९ |
| ३. | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.५ |
| ४. | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १४०.४ |
| ५. | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९० |
| ६. | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९४.५ |
| ७. | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२८.४ |
| ८. | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.७ |
| ९. | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.८७ |
| १० | कक्षा चढ्ने दर १ देखि ५ | ८१.३ |
| ११ | कक्षा चढ्ने दर ६ देखि ८ | ८१.८ |
| १२ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | १०.९ |
| १३ | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | १२.९ |
| १४ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | २.७ |
| १५ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | २.१ |
| १६ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ५.१ |
| १७ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.२ |
| १८ | बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | ६९.७ |
| १९ | आधारभूत तहको सिकाइ उपलब्धी (कक्षा ८ ) **GPA** | २.६३ |
| २० | विद्यालय विद्यार्थी अनुपात ( सामुदायिक) | २०५ |
| २१ | शिक्षक विद्यार्थी अनुपात ( सामुदायिक) | ४१ |

स्रोतः CEHRD flash report 2080

**तालिका नं ३.८**

**आधारभूत तह विद्यार्थीको विवरण**

| क्र.स | विद्यालय | विद्यार्थीको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | सामुदायिक विद्यालयमा | ७४७९ | ७२८४ | १४७६३ |
| २ | संस्थाग विद्यालयमा आधारित | २९९० | १७९३ | ४७८३ |
| | जम्मा | १०४६९ | ९०७७ | १९५४६ |

स्रोत : EMIS प्रतिवेदन २०८१

आधारभूत शिक्षा समग्र शिक्षाको आधार हो। आधारभूत तहको सिकाइ माथिल्लो तहको सिकाइको मेरूदण्ड हो। आधारभूत तहको बालबालिकाको सिकाइ साथै समग्र विकास शारिरिक, मानसिक, संवेगात्मक, भावनात्मक, जीवन उपयोगिता सिप विकासको लागि बढि आवश्यक छ। आधारभूत तहको सिकाइ वातावरण शैक्षिक होस वा भौतिक पूर्णरूपमा बालमैत्रि र क्रियाकलापमा आधारित हुन अति आवश्यक छ।

**मुख्य समस्या तथा चुनौतिको विश्लेषण**

आधारभूत शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण गर्दा यस नगपालिकामा रहेको आधारभूत शिक्षा क्षेत्रमा निम्न उल्लेखित मुख्य समस्या चुनौति रहेको छ।

१. आधारभूत तहको बालबालिकाको सिकाइ उपलब्धि न्यून हुनु
२. आधारभूत तह पुरा नगरी बालबालिका बिचैमा विद्यालय छाड्ने दर बढनु
३. आवश्यक भौतिक पूर्वाधर प्रयाप्त नहुनु
४. प्रयाप्त मात्रामा खानेपानीको व्यबस्थित संरचना विद्यालयको सङ्ख्या
५. छात्र छात्रा अपाङ मैत्री शौचालयको ईसिनेटर सहितको संरचना सहितको विद्यालय सङ्ख्या
६. हरियाली मनोरम वातावरण लागि सिकाइ बगैचा विद्यालयको व्यवस्थापन नहुन
७. मानसिक शारिरीक अभ्यासको खेल मैदान संरचना विद्यालयको सङ्ख्या
८. आराम कक्षको लागि सयन कक्ष तथा हेल्थ कर्नरको लागि आवश्यक औषधिको ब्यवस्थापन नहुनु
९. सृजनात्मक, सुन्दर छापामय बुक कर्नर सहितको ब्यवस्थित कक्षाकोठा नहुनु
१०. ईन्टरनेट, स्मार्ट टि भि प्रोजेक्टर प्रबिधि मैत्रि सुबिधा नहुनु
११. अध्ययन अनुसन्धानको लागि बिज्ञान, गणित, सास्कृतिक प्रयोगशाला ल्याब नहुनु
१२. अध्ययन अनुसन्धान लागि छुटै पुस्तकालय विद्यालयको सङ्ख्या
१३. प्रयोगात्मक सिकाइ अभ्यासको लागि सिकाइ क्षेत्रको व्यस्थापन नहुन
१४. भातिक पूर्वाधारको र यरको गुणस्तरीयता विद्यालयको पहिलो आधार हो। बिना पूर्वधार गुणस्तरीय प्रबिधिमैत्रि शिक्षाको कल्पना समेत गर्न सकिदैन। पूर्वधार नै सिकाइ वातावरण निर्माणको पहिलो आधार हो।
१५. शैक्षणिक पद्धति परम्परागत कक्षाकोठामा अधारित हुनु, बिषय शिक्षण गरिनु
१६. समुहकार्य, समुदायकार्य, परियोजना कार्य जस्ता शैक्षणिक पद्धतिमा शिक्षण क्रियाकलाप गर्न नसक्नु
१७. आधारभूत तहको पठनपाठनको वातावरण शिक्षण केन्द्रित बाट सिकाइ केन्द्रित गर्न नसक्नु
१८. विद्यालयको आधारभूत तहको वार्षिक कार्यक्रम शिक्षण केन्द्रित बाट सिकाइ केन्द्रित क्रियाकलपमा अधारित हुननसक्नु
१९. प्रध्यानाध्यपकलाई शिक्षक भन्दा सृजनात्मक, रचनात्मक, आबिस्कारक, नवप्रर्वतक, पथप्रदको रूपमा विकास गर्न सक्नु
२०. विद्यालयमा प्रयातप शैक्षणिक सामाग्री साथै आवश्यक संरचनाको व्यवस्थापन प्रर्वधन गर्न नसक्नु

२१. परीक्षालाई मात्र सिकाइ मुल्याङकनको रूपम लिनु, क्रियाकलापमा अधारित सिकाइ मुल्याङकन पद्धतिको अभ्यास गर्न नसक्नु

२२. तालिम हलबाट कक्षाकोठा सम्म तालिमको सिकाइ रूपान्तरण गरि शैक्षिक क्रियाकला निर्माण गरि अभ्यास गर्न नसक्नु

२३. शिक्षणमा बहुपक्षीय सिकाइ अन्तरक्रियात्मक कार्यक्रम नियमित गर्न नसक्नु।

२४. शिक्षण क्रियाकलापमा अधुनिक प्रविधिको प्रयोग गर्न आवश्यक स्रोत साधन र भएको स्रोतसाधनको पनि प्रयोग गर्न नसक्नु

२५. शिक्षक अभिभावक बिच विद्यार्थीका सिकाइ उपलब्धिको बारेमा नियमित छलफल गरि विद्यार्थीका व्यक्तिगत सिकाइ सुधार योजना बनाई अभ्यास गर्न नसक्नु।

### ३.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वियन गरी यस तहको शिक्षामा (५-१२ वर्ष उमेर समुह) सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२. विद्यालयहरुको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित तुल्याउनु।

३. आधारभूत शिक्षालाई सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्नु।

४. आधारभूत तह १–३ प्रारम्भिक कक्षाको बालबालिकाको आधारभूत साक्षरता र गणितीय सिप सिकाइको सुनिश्चितता गर्नु।

५. बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासको लागि खेलकुद, कला र अन्य सृजनात्मक गतिविधिहरूको समावेश गर्नु।

६. आधारभूततहको विद्यालय शिक्षाको व्यवस्थापकीय प्रवन्धमा सुधार गर्दै आधारभूत विद्यालय शिक्षा पद्धतिलाई जवाफदेहि, प्रबिधि मैत्रि, उत्थानशिल, विबिधता अनुकुलन गर्नु।

### ३.२.३ रणनीति

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र संघीय सरकारसँग समेत समन्वय र सहकार्य गर्दै आवश्यक कानून तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न बिपन्न, बेसाहरा, सुबिधाबिहिन, कठिन परिस्थितिमा रहेको, सिमान्तकृत र अपाङ्गता भएका बालबालिकाको आधारभूत तहको शिक्षा पुरा गर्न बिभिन्न संघ सस्थासंग समन्वय गरि शैक्षिक छात्रवृति मार्फत आवश्यक शैक्षिक सामाग्रीको ब्यवस्थापन गर्ने।

३. विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क सङ्कलन गरि विद्यार्थी भर्नाको दृष्टिकोणले पछाडी परेका निश्चित भौगोलिक क्षेत्रहरुलाई पकेट क्षेत्र निर्धारण गरि विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरी अपाङ्गता भएका बालबालिका तथा पिछडिएका समुदायका बालबालिकाहरुलाई शिक्षाको मुलप्रवाहमा समावेश गर्ने।

४. सबै बालबालिका लाई पहुँचयोग्य शैक्षिक सुबिधा तथा समान अवसर प्रदान गर्न आवश्यकताको आधारमा विद्यालयको बितरण गर्न नक्साङ्कन गर्ने।

५. आधारभूत तहमा भर्ना हुने उमेरका आफ्ना परिवारका बालबालिकाहरुलाई विद्यालयमा भर्ना नगराएमा नगरपालिका तथा सम्बन्धित वडाबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित गरिने तर्फ अभिभावकलाई सजग गर्ने।

६. सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा उपलब्ध गराइ बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चतता प्रदान गर्ने ।

७. विद्यालयमा भएका तथा भविष्यमा निर्माण हुने भौतिक पुर्वाधारलाई क्रमिक रुपमा अपाङ्गता मैत्री तथा लैङ्गिक मैत्री बनाउने ।

८. प्रारम्भिक (१-३) शिक्षा मातृभाषामा प्राप्त गर्ने बालबालिकाको मौलिक हकलाई सुनिश्चित गर्न सो कक्षामा अध्यापन गर्ने शिक्षकहरुलाई बहुभाषिक शिक्षण सम्बन्धि तालिम प्रदान गर्ने ।

९. अपाङ्गता भएका बालबालिका तथा पिछडा बर्ग परिवारका बालबालिकाहरुलाई समतामूलक पंहुच तथा सहभागिता सुनिश्चित गर्न शिक्षक क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१०. नगस्तरिय नमुना बालमैत्रि विद्यालयको कार्यबिधि बनाई विद्यालय मार्फत कार्यान्वयन गर्ने ।

११. विद्यालयमा गुनासो सुनुवाई संयन्त्र समिति गठन गरि सुझाव पेटिकाको प्रबन्ध गर्ने तथा एक विद्यालय एक गुनासो सुनुवाई अधिकारी नियुक्त गरि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।

१२. बिपतको कारणले क्षति भएको सिकाइको आपुरण गर्न आपुरण तथा द्रुत सिकाइ योजनाको कार्यान्वयन गर्ने ।

१३. प्रारम्भिक कक्षाका बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न प्रारम्भिक कक्षा अध्यापन गर्ने शिक्षकहरुलाई पठन सिप तालिम प्रदान गर्ने ।

१४. शिक्षा सङ्कायमा भर्ना भई प्रयोगात्मक कक्षा लिने विद्यार्थीहरुलाई क्यामप्स सँग समन्वय गरि समुदाय स्तरमा पढाई क्याम्प सञ्चालन गर्ने ।

१५. शिक्षाको गुणस्तर सम्बन्धमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाउन वर्षमा एक पटक वि.व्य.स तथा शि.अ.सं संग मेयर कार्यक्रम सञ्चालन गर्ने ।

१६. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि प्रधानाध्यापक प्रति शिक्षक तथा स्थानीय तह प्रति प्रधानाध्यापकलाई जवाफदेही हुने प्रणाली विकास गर्ने ।

१७. विद्यालय हाता भित्र तथा १०० मिटर वरपर मध्यपान, धुम्रपान पूर्णरुपमा निषेध गरिनुका साथै बेचबिखन गर्न रोक लगाउने ।

१८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनसुार विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गर्ने ।

१९. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेअनसुार शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रणालीलाई परियोजना कार्य, प्रयोगात्मक कार्य र अनुभव एवम् अनुभूतिजन्य कार्यबाट सिक्ने गरी क्रियाकलापहरुको विकास एवम् सोको अभ्यास गर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापन गर्ने ।

२०. बालबालिकाहरुको शारिरीक तथा मानसिक स्वास्थ्य सुदृढ गर्ने उद्देश्यले विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने तथा वार्षिक रुपमा विद्यालय स्तरीय मेयर कप प्रतियोगिता सञ्चालन गर्ने ।

२१. विद्यालयको व्यवस्थापकीय प्रबन्ध, वि.व्य.स, शि.अ.स को सकृयता तथा बालबालिकाहरुको सिकाइलाई आधार मानी निश्चित सुचकहरुको निर्धारण गरि उत्कृष्ट विद्यालय, उत्कृष्ट प्रधानाध्यापक तथा उत्कृष्ट शिक्षकलाई सम्मान तथा पुरस्कृत गर्ने ।

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

यस नगरपालिकाको सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

१. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन भई ५-१२ वर्ष उमेर समुहका सतप्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनेछन् तथा आधारभूत तह पार गर्ने दर पनि बढेको हुनेछ।
२. विद्यालयहरुको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुनेछ।
३. विद्यालयमा न्यूनतम आधारभूत पुर्वाधारहरुको विकास भएको हुनेछ।
४. बालबालिकाहरुको औषत सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।
५. बालबालिकाहरुको कक्षा छोड्ने दरमा कमि आएको हुनेछ।
६. विद्यालयमा भय तथा दण्ड रहित वातावरणमा सिकाइ क्रियाकलापहरु सञ्चालन भएको हुनेछ।
७. आधारभूत तह १–३ प्रारम्भिक कक्षाको बालबालिकाको आधारभूत साक्षरता र गणितिय सिप सिकाइको सुनिश्चितता भएको हुनेछ।
८. प्रत्येक बालबालिका, विशेष गरी अपांगता भएका, गरिबीमा रहेका र अन्य असहाय वर्गका बालबालिकालाई शिक्षा तन्त्रमा समावेश गर्नका लागि विशेष कार्यक्रमहरू सञ्चालन भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट हासिल हुने प्रमुख नतिजाहरू निम्नरहेको छ।

| क्र.सं. | सूचक | नगरपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | | ०८२-८३ | ०८३-८४ | ०८४-८५ | ०८५-८६ | ०८६-८७ |
| १ | कक्षा १ मा खुद नयाँ भर्ना NIR | ९६.७ | ९७.५ | ९८.३ | ९९.१ | १००.० |
| २ | कक्षा १ मा कूल नयाँ भर्ना GIR | ११६.७२ | ११२.५४ | १०८.३६ | १०४.१८ | १०० |
| ३ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९६.४ | ९७.३ | ९८.६ | ९९.५० | १००.० |
| ४ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १३५.१६ | १३०.४८ | १२५.३२ | १२०.१६ | ११५ |
| ५ | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९४ | ०.९६ | ०.९८ | १.० |
| ६ | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.६ | ९६.७ | ९७.८ | ९८.९ | १०० |
| ७ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२४.१२ | ११९.८४ | ११५.५६ | १११.२८ | १०७ |
| ८ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८९.३६ | ९२.०२ | ९४.६८ | ९७.३४ | १०० |
| ९ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.८९ | ०.९२ | ०.९४ | ०.९७ | १ |

## ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाले तयगरेको नतिजा हासिल गर्ने निम्नलिखित प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य तय गरेको छ।

| | | | भौतिक लक्ष्य (पाँच वर्ष) |
|---|---|---|---|

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको लागि भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | अपाङ्गता भएका, सिमान्तकृत तथा अति विपन्न बालबालिकाहरुलाई सहयोग कार्यक्रम | बालबालिका | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| ३ | विद्यालय नक्शाङ्कन, समायोजन र पुनर्वितरण कार्यक्रम सञ्चालन | पटक | १ | ० | १ | ० | १ | ३ |
| ४ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | प्रारम्भिक कक्षामा बसाई व्यवस्थापन सहयोग कार्यक्रम | कक्षाकोठा | ० | ५ | ६ | ७ | ८ | २६ |
| ६ | प्रारम्भिक कक्षामा बुक कर्नरको स्थापना | कक्षाकोठा | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ |
| ७ | स्वच्छ खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यक्रम | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ८ | विद्यालयमा लैङ्गिक मैत्रि शौचालयको व्यवस्था | विद्यालय | ० | ३ | ३ | ३ | ३ | १२ |
| ९ | विषयगत शिक्षकहरुको सिकाइ आदान प्रदानका निम्ति त्रैमासिक बैठक सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १० | प्रारम्भिक कक्षाका शिक्षकहरुलाई EGR तालिम | पटक | ० | १ | ० | १ | ० | २ |
| ११ | सिकाइको आपुरण गर्न आपुरण तथा द्रुत सिकाइ (ReAL) कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | सिकाइ उपलब्धि न्यून भएका विद्यालयका बालबालिकाहरुलाई लक्षित गरि सिकाइ स्तरमा सुधार कार्यक्रम | क्याम्प | २० | २० | २० | २० | २० | १०० |
| १३ | विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका निम्ति प्रधानाध्यापक, वि.व्य.स तथा शि.अ.सं सँग मेयर कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | आवधिक रुपमा कक्षा ३, ५ तथा ८ का बालबालिकाहरुको सिकाइ उपलब्धी मुल्याङ्कन कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | आधारभूत तहमा विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (१-५) | जना | १७२ | १७२ | १७२ | १७२ | १७२ | ८६० |
| १६ | आधारभूत तहमा विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (६-८) | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ |
| १७ | स्वंमसेवक शिक्षकहरुको परिश्रामिक (१-५) | पटक | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ |
| १८ | स्वंमसेवक शिक्षकहरुको परिश्रामिक (६-८) | पटक | ६५ | ६५ | ६५ | ६५ | ६५ | ३२५ |
| १९ | प्रधानाध्यापकका लागि प्र.अ.भत्ता | | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ |
| २० | आधारभूत तहका विद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि थप तलब भत्ता सहित पोशाक खर्च | | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० |
| २१ | नगर स्वयंसेवक शिक्षक पोशाक खर्च कक्षा (१-८) | विद्यालय | ९८ | ९८ | ९८ | ९८ | ९८ | ४९० |

## ३.३ माध्यमिक  शिक्षा

### परिचय

माध्यमिक शिक्षा बालबालिकाको उच्चत शिक्षा हासिल गर्न र विश्वबजारमा  प्रबेश गर्ने पहिलो आधार हो। राष्ट्रिय पाठ्यक्रम पारूप २०७६ र विद्यालय शिक्षा क्षेत्रविकास योजना २०७८ ले कक्षा  ९ देखि कक्षा १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाको तह निधारण गरेको छ। माध्यमिक शिक्षा पुरा गरेको बालबालिकाले आधारभूत मूल्य मान्यता सहितको कला, विज्ञान सम्बन्धित सिप, दृष्टिकोण तथा ब्यवहारयुक्त ज्ञान र सिप हासिल गरेको सक्षम, कुशल जनशक्तिको रूपमा लिइन्छ। नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा गरि रहेको छ। प्राविधिक धारको माध्यमिक शिक्षा (९–१२) अन्तरगत बालिविज्ञान, पशु विज्ञान, कम्प्युटर ईन्जिनियरिङ र सिभिल गरि ६ विषय क्षेत्रहरू पढाइ हुदै अएको। नेपालको संबिधानले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क हुने ब्यवस्था गरेको छ।

### ३.३.१ वर्तमान अवस्था

यस पालिकामा जम्मा १६ ओटा माध्यमिक तहको शिक्षा सञ्चालन भएको विद्यालय रहेको छ। जस मध्ये १ १ ओटा सामुदायिक, ५ संस्थागत विद्यालय छ भने १–१० कक्षा सञ्चालन रहेको माध्यमिक बिद्यायल जम्मा ८ ओटा रहेको छ जस मध्ये ४ सामुदायिक ४ संस्थागत रहेको छ। त्यसै गरि कक्षा १–१२ सञ्चालन भएको विद्यालय ८ जसमध्ये ७  सामुदायिक १ संस्थागत रहेको छ।

**तालिका नं ३.९**

**यस नगरपालिकाको माध्यमिक शिक्षाको सूचकको अवस्था**

| **क्र.सं.** | **सूचक** | **हालको अवस्था** |
|---|---|---|
| १. | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ६९.७ |
| २. | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ८६.७ |
| ३. | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.८९ |
| ४. | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३०.० |
| ५. | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ५२.४ |
| ६. | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०४ |
| ७. | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ४६.५ |
| ८. | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ६६.६ |
| ९. | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९६ |
| १० | कक्षा चढ्ने दर ९ देखि १० | ८८.८ |
| ११ | कक्षा चढ्ने दर ११ देखि १२ | ९१.२ |
| १२ | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | ५.३ |
| १३ | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ० |
| १४ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | ३.१ |
| १५ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.९ |
| १६ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.८ |
| १७ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.९ |

***स्रोतः** CEHRD flash report 2080*

**तालिका नं ३.१०**

**माध्यमिक तहमा विद्यार्थीको विवरण**

| **क्र.स** | **विद्यालय** | **विद्यालयको सङ्ख्या** | **विद्यार्थीको सङ्ख्या** | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| **१** | सामुदायिक विद्यालय | ११ | २५०९ | २४२८ | ४९३७ |
| **२** | संस्थागत विद्यालय | ५ | ३६३ | १२८ | ४९१ |
| **जम्मा** | | १६ | २८७२ | २५५६ | ५४२८ |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, शिवराज नगरपालिका*

यस नगरको माध्यमिक तहको शिक्षामा पहुँच र सहभागिताको सामाजिक समाबेशिता अवस्था हेर्दा सामुदायिक विद्यालयमा कुल विद्यार्थी मध्ये दलित विद्यार्थीको सङ्ख्या ५०३९, जनजाति विद्यार्थीको सङ्ख्या ८९८२ र अन्य मुस्लिम, मधेशी बाह्मण क्षेत्री विद्यार्थीको सङ्ख्या १६०९२ रहेको छ। नगरपालिकाको माध्यमिक शिक्षामा समता र समावेसी पहुँचको अवस्था हेर्दा विद्यालय जाने उमेरको बालबालिकाको जनसङ्ख्याको अवस्था हेर्दा मुस्लिम समुदायको कम देखिन्छ।

यस नगरपालिकाको माध्यमिक तहको शिक्षाको अवस्थामा पहुँच बढेको देखिए तापनि अझै मुस्लिम, मधेशी समुदायको बालबालिकाको माध्यमिक शिक्षामा पहुँच गर्ने र माध्यमिक तहको शिक्षा पुरा गर्न नगरपालिकाकाले

समुदायको माध्यमिक तह अध्ययन गर्नु पर्ने बालबालिकालाई लक्षित गरि बिशेष कार्यक्रम गर्ने आवश्यक देखिन्छ होईन भने नगरले कार्यान्वयन गरिरहेको निःशुल्क शिक्षा गरिब, सिमान्तकृत समुदायको लागि प्रभावकारी नदेखिन सक्छ।

**मुख्य समस्या तथा चुनौतिको विश्लेषण**

१. नगरभन्दा बाहिरको विद्यालयमा गएको वा आधारभूत तहबाटै विद्यालय छाडेका वा विद्यालय जाने उमेरका तर अपाङ्गता भएको कारणले विद्यालय भर्ना नभएको कारण प्रहिचान गरि समाधान गर्न नसक्नु
२. खुद भर्नादर माध्यमिक शिक्षामा कम हुनु,
३. घरधुरी शैक्षिक प्रोफाइल तयार गरि वार्षिक शैक्षिक तथ्याँक विद्यालय भर्ना भएका, विद्यालय बाहिर रहेको बालबालिकाको तथ्याङ्क संकलन र अद्यावधिक गर्न नसक्नु,
४. अधिकांश विद्यालयहरुमा बालमैत्री तथा सिकाइ मैत्री भौतिक पूर्वाधारको अभाव हुनु,
५. बिधार्थी सङ्ख्या को आधारमा प्रयाप्त बिषयगत शिक्षकको अभाव हुनु।
६. सुशासन र जवाफदेहिता कमजोर हुनु,
७. विद्यालयमा निरीक्षण सुपरिवेक्षण र प्राविधिक सहायताको पक्ष निकै कमजोर हुनु,
८. शिक्षकको वृत्तिविकासलाई शैक्षिक उपलब्धिसँग वस्तुगत हिसावले जोड्न नसकिनु,
९. सबै शिक्षकलाई बालबालिकाको सिकाइप्रति जिम्मेवार र नविन प्रविधि तथा परिवर्तन प्रति उत्साहित बनाउने ,
१०. शिक्षण सिकाइमा नवीन प्रविधिको प्रयोगमार्फत न्यूनतम् सिकाइ सक्षमता तथा गुणस्तरको सुनिश्चितता गर्ने,
११. विद्यालयमा न्यूनतम भौतिक तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्ने,
१२. कक्षागत तथा विषयगत शिक्षक दरवन्दीको व्यवस्थापन गर्ने,
१३. विद्यालयको नियमित सुपरिवेक्षण तथा प्राविधिक सहायताको प्रणालीलाई प्रभावकारी बनाउने,
१४. विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि कानुन, नीति तथा मापदण्डको विकासका साथै संस्थागत सक्षमता अभिवृद्धि गर्ने,
१५. विद्यालय शिक्षामा संघ, प्रदेश र स्थानीय तहको साझा तथा विशिष्टिकृत भूमिका सुस्पष्ट ढंगले परिभाषित गर्ने,
१६. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गर्ने,
१७. शैक्षिक सुशासन तथा जवाफ देहिताको प्रत्याभूति दिने।

## ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षामा सबै किशोरकिशोरीहरुको पहुँच बढाउनका निम्ति निःशुल्क शिक्षाको कार्यान्वयन गरी गुणस्तरीयता सुधार गर्नु।
२. माध्यमिक शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाउनु।
३. माध्यमिक शिक्षामा किशोर किशोरीहरुको रुचि र आवश्यकतानुसारको साधारण र प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा अवसर प्रदान गर्नु।
४. माध्यमिक शिक्षालाई 'पढदै कमाउँदै' को अवधारणा अनुसार विद्यालय परिवेश सुहाउँदो एक विद्यालय एक कार्यक्रम मार्फत विद्यार्थीमा अत्मनिर्भरता र श्रम प्रति सम्मान गर्ने भावनाको विकास गर्नु।
५. माध्यमिक तह शिक्षाको भौतिक, शैक्षिक र सामाजिक गुणस्तरीयता अभिबृदि गरि प्रयोगात्मक, प्रबिधिमैत्री, अनुसन्धानमा अधारित सिकाइ वातावरणको पूर्ण सुनिश्चित गर्नु।

## ३.३.३ रणनीति

१. माध्यमिक तहको शिक्षालाई निःशुल्क सञ्चालनका निम्ति दिगो स्रोतको व्यवस्थापन गर्ने।
२. माध्यमिक शिक्षा प्राप्त गर्ने सबैका लागि पहुँच सुनिश्चित गर्न र टिकाउ दर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।
३. सिकाइ र सिपको तादात्म्यता मिलाई आर्थिक सबलीकरण गर्न विद्यालयको परिवेश र स्रोत साधनको उपलब्धताको आधारमा कृषि, तरकारी,फलफूल, मेकानिक्स, पशुपंक्षी पालन जस्ता कार्यक्रम लागु गर्ने ।
४. सिकाइ स्तर न्यून भएका किशोर किशोरीहरुलाई लक्षित गरि कक्षा ९ र १० मा उपचारात्मक कक्षा सञ्चालन गर्ने।
५. सैद्धान्तिक तथा प्राज्ञिक ज्ञानलाई गरी खाने शिक्षाको रुपमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाउने।
६. पढ्दै कमाउदै कार्यक्रम अन्तरगत हासिल गरेका सिप र दक्षता उल्लेख भएको सिप प्रमाणपत्र (Skill Certificate) उपलब्ध गराउने व्यवस्था मिलाउने।
७. प्रदेश र संघसँगको समन्वयमा पढ्दै कमाउदै कार्यक्रमलाई विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन कार्यसँग जोडी विद्यार्थीहरुमा व्यावसायिक सिप प्रवर्धन गर्न विद्यार्थीहरुलाई सहुलियतपूर्ण ऋण कार्यक्रम विकास गरी सञ्चालन गर्ने।
८. सैद्धान्तिक तथा प्राज्ञिक ज्ञानलाई व्यावहारिक शिक्षाको रुपमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाउने।
९. पढ्दै कमाउदै कार्यक्रम अन्तरगत हासिल गरेका सिप र दक्षता उल्लेख भएको सिप प्रमाणपत्र (Skill Certificate) उपलब्ध गराउने व्यवस्था मिलाउने।
१०. विषयगत रोष्टर शिक्षक तयार गरि विद्यार्थीसँग विषयविज्ञ पाहुना शिक्षक परामर्श कार्यक्रम लागु गर्ने।
११. विद्यालयहरुमा कम्प्युटर ल्याव, पुस्तकालय, विज्ञान प्रयोगशाला बनाउन थप कक्षाकोठा र सामग्रीको व्यवस्था मिलाउने।
१२. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै डिजिटल डिभाईड कम गरिने र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाउने।
१३. माध्यमिक तह कक्षा ९–१२ को विद्यालयमा प्रयोगात्मक, प्रबिधिमैत्री, अनुसन्धानमा अधारित सिकाइ वातावरणको पुर्ण सुनिश्चित गर्न प्रयाप्तमात्रामा कक्षाकोठा, खेल मैदन,खेल पूर्वाधार, हरियाली मनोरम वातावरण लागि सिकाइ बगैचा विद्यालयको सङ्ख्या, छात्र छात्राको लागि छुटै शौचालय, खानेपानीको पूर्वाधार, सामान्य स्वास्थ्य समस्या हुँदा आराम कक्ष, अतिरिक्त क्रियाकलापको लागि हल लगायत भौतिक पुर्वाधार सुधार गर्ने।
१४. स्टिम शैक्षणिक बिधिमा शिक्षकको क्षमता अभिबृद्धि गरि नविनतम् शिक्षण बिधिको अभ्यास गरि निरन्तर सिकाइ मुल्याङकन मार्फत विद्यार्थीको सिकाइ उपलब्ध मापन गर्न।
१५. हरेक ३-३ महिनाको अन्तरालमा विद्यालयमको कार्यसम्पादन र सिकाइ उपलब्धि परीक्षण गरि आवश्यक सुधारको लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

## ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) प्रमुख उपलब्धि**

१. निःशुल्क माध्यमिक शिक्षा पूर्ण रुपमा लागु भई सबै बालबालिकाको साधारण साथै प्रबिधिक धार तर्फको शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
२. खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ।
३. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग भएको हुने।

४. पढ्दै कमाउदै कार्यक्रम अन्तरगत किशोरकिशोरीहरुले हासिल गरेका सिप र दक्षता सम्बन्धि सिप प्रमाणपत्र (Skill Certificate) उपलब्ध भएको हुनेछ।
५. माध्यमिक तह शिक्षाको भौतिक, शैक्षिक र सामाजिक गुणस्तरता अभिबृदि गरि प्रयोगात्मक, प्रबिधिमैत्री, अनुसन्धानमा अधारित सिकाइ वातावरणको पूर्ण सुनिश्चित भएको हुनेछ।
६. शैक्षणिक बिधिलाई बैज्ञानिक र आधारभूत सिप विकासको माध्यामक बनाउदै माध्यमिक तहका विद्यार्थीको सिकाइ उपलब्धि र सक्षमता सुधार भएको हुनेछ।
७. माध्यमिक तह सन्चालन भएको सबै बिद्यालमामा प्रयाप्त मात्रामा भौतिक प्रयाप्त मात्रामा कक्षाकोठा, खेल मैदन, खेल पूर्वाधार, हरियाली मनोरम वातावरण लागि सिकाइ बगैचा विद्यालयको सङ्ख्या, छात्र छात्राको लागि छुटै शौचालय, खानेपानीको पूर्वाधार, सामान्य स्वास्थ्य समस्या हुँदा आराम कक्ष, अतिरिक्त क्रियाकलापको गर्नको लागि हल ब्यवस्थापन भएको हुनेछ।
८. सबै विद्यालयले स्टिम शैक्षणिक बिधिलाई अवलम्वन गरि माध्यमिक तहका विद्यार्थीको सिकाइ उपलब्धि र सक्षमता सुधार भएको हुनेछ।
९. विद्यालय शिक्षाको ब्यवस्थापकिय पक्ष सुधार भई नतिजामुखि, सक्रिय र जवाफदेहि भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट हासिल हुने प्रमुख नतिजाहरू निम्न रहेको छ।

| क्र.सं. | सूचक | आधार वर्ष | पालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८२-८३ | ०८३-८४ | ०८४-८५ | ०८५-८६ | ०८६-८७ |
| १ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ६९.७ | ७५.२ | ८०.३७ | ८५.०५ | ९०.९४ | ९५.० |
| २ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ८६.७ | ८९.३६ | ९२.०२ | ९४.६८ | ९७.३४ | १०० |
| ३ | माध्यमिक तह (९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.८९ | ०.९१ | ०.९३ | ०.९५ | ०.९७ | ०.९९ |
| ४ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३०.० | ३८ | ४६.० | ५४.० | ६०.० | ७०.० |
| ५ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ५२.४ | ६०.४ | ६८.४ | ७६.४ | ८४.४ | ९२.५ |
| ६ | माध्यमिक तह (कक्षा ११- १२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०४ | १.०३ | १.०२० | १.२९ | १.११ | १.० |
| ७ | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर ल्भ्च् | ४६.५ | ५४.२ | ६१.९ | ६९.६ | ७७.३ | ८५.० |
| ८ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर न्भ्च् | ६६.६ | ७१.२८ | ७५.९६ | ८०.६४ | ८५.३२ | ९०.० |
| ९ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | १ | १ |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन प्रभावकारिताको अध्ययन अनुशन्धान | पटक | ० | ० | १ | १ | ० | २ |
| २ | सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनर्वितरण कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ३ | अतिबिपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यक्रम | विद्यालय | २८९ | ३४१ | ३६८ | ३९४ | ४२० | १८१२ |
| ५ | शिक्षण सिकाइमा सूचना प्रबिधिमा आधारित डिजिटल प्रणालीको विकास | संख्या | २ | १ | १ | १ | १ | ६ |
| ६ | बिज्ञान र गणित प्रयोगशाला स्थापना | संख्या | २ | १ | १ | १ | १ | ६ |
| ७ | विद्यार्थीहरुका लागि पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | विद्यालयको प्रतिशत | २ | २ | २ | २ | २ | १० |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यार्थीसँग विषयविज्ञ पाहुना शिक्षक परामर्श कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| १० | सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | पटक | २८ | २८ | २८ | २८ | २८ | १४० |
| ११ | माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | पटक | १८ | १८ | १८ | १८ | १८ | ९० |
| १२ | सामुदायिक माध्यमिक तह (कक्षा ९-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि थप तलब भत्ता सहित पोशाक | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | ११० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| १३ | नगर स्वयम्सेवक शिक्षक प्रोत्साहन अनुदान कक्षा (९-१०) | सङ्ख्या | ३५ | ३७ | ४० | ४० | ४३ | १९५ |
| १४ | नगर स्वयम्सेवक शिक्षक पोशाक खर्च कक्षा (९-१०) | सङ्ख्या | ३५ | ३७ | ४० | ४० | ४३ | १९५ |
| १५ | आंशिक शिक्षक प्रोत्साहन अनुदान कक्षा ११-१२) | शिक्षक | ६० | ६० | ६० | ६० | ६० | ३०० |
| १६ | सुधारात्मक कक्षा सञ्चालन | | ११ | ११ | ११ | ११ | ११ | ५५ |
| १७ | माध्यमिक बिद्यालय (कक्षा ०-१२) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ट अनुदान | पटक | ११ | ११ | ११ | ११ | ११ | ५५ |
| १८ | माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ट अनुदान (SIPनिर्माण/ अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ |
| १९ | माध्यमिक तह (कक्षा ९-१२) का लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान | विद्यालय | २६२६ | २६७८ | २७०५ | २७५६ | २८०८ | १३५७३ |
| २० | माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सञ्चालन बजेट अनुदान | | २ | १ | १ | १ | १ | ६ |
| २१ | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र बिज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २२ | प्र.अ.हरूका लागि कार्य | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्नका आधारमा प्रोत्साहन र नमूना बिद्यालय कार्यक्रम सञ्चालन भएका बिद्यालयमा कार्य सम्पन्नका आधारमा नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन बजेट अनुदान | | | | | | | |
| २३ | कक्षा ९-१२ मा प्राबिधिक धार सञ्चालन भएका बिद्यालयमा प्रति विद्यार्थी सिकाइ सामग्री अनुदान | संख्य | ३८४ | ३८४ | ३८४ | ३८४ | ३८४ | १९२० |
| २४ | कक्षा ९-१२ मा प्राबिधिक धार सञ्चालन भएका बिद्यालयमा प्रयोगशाला अनुदान | संख्य | २ | २ | २ | २ | २ | १० |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### परिचय

अहिलेको सूचना प्रबिधि साथै बिकसित विश्व बजारमा प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम अपरिहार्य शिक्षाको रूपमा विकास हुदै आईरहेको छ । प्रतिस्पर्धात्मक आजको समाजमा कुनै निश्चित पेशा व्यवसायमाको लागि प्राबिधिक ज्ञान सिप अतिनै आवश्यक भएकोले प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम अर्थिक विकासको पहिलो आधार बन्दै गईरहेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा मार्फत  कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यवसायिक सिपयुक्त जनशक्ति उत्पादन गरी श्रम बजारमा सहज प्रवेशको संभावना बढाउन र शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गरि स्थानिय स्तरमै प्राबिधिक जनशक्ति उत्पादन गरि रोजगारको अवसर सृजना गर्न पनि विद्यालयको तल्लाको आधारभूत तह देखिनै प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न अति आवश्यक छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा हाल विद्यालय शिक्षा कक्षा ९ देखि १२ देखिनै संचाल भैरहेको छ । प्राबिधिक धारको माध्यमिक शिक्षा अन्तरगत बाल बिज्ञान, पशु बिज्ञान, कम्पुटर ईन्जिनियरिङ्ग, सिभिल ईन्जिनियरिङ्ग, ईलेक्ट्रिक ईन्जिनियरिङ्ग, र संगित शिक्षाको पढाई हुदै आईरहको छ।

### ३.४.१ वर्तमान अवस्था

यस नगरपालिका भित्र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरु सामुदायिक तर्फ ३ वटा रहेका छन । पशु विज्ञान  कार्यक्रमहरु  र Computer Engineering गरी जम्मा २ वटा स्तरका कार्यक्रमहरु संचालित छन् । नेपाल आदर्श माध्यमिक शिवपूरमा  तर्फ ९-१२ को  पशु विज्ञान  कार्यक्रमहरु र  राष्ट्रिय माध्यमिक विद्यालय चन्द्रौटामा CTEVT अन्तरगतको JCT र Diploma in Computer Engineering  र जनचेतना सामुदायिक माध्यमिक विद्यालयमा  कक्षा ९-१२ को Computer Engineering कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

सामुदायिक विद्यालयमा आवश्यक सङ्ख्यामा विद्यार्थीहरुको उपलब्धता कम देखिन्छ । हाल सामुदायिक विद्यालयमा यस नगरमा पशु विज्ञान कार्यक्रमहरु तर्फ १६० जना र Computer Engineering कार्यक्रमहरु तर्फ १३० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

**समस्या तथा चुनौतिहरु**

- प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरीव, विपन्न, पछाडि पारिएको वर्ग र सीमान्तकृत समुदायको शिक्षाको पहुँचमा विस्तार गर्न ।
- शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आवद्ध गर्न ।
- व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, लागत साझेदारीको सिद्धान्तमा स्रोत परिचालन गर्न ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक पूर्वाधार, ल्याव लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्न ।
- प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गर्न ।

### ३.४.२ उद्देश्य

१. हाल यस नगरभित्र CEHRD र CTEVT अन्तर्गत सञ्चालित भएका कृषि विज्ञान, JCT, डिप्लोमा इन कम्प्युटर ईन्जिनियरिङ्ग तथा कम्प्युटर ईन्जिनियरिङ्गमा प्रयोगात्मक कक्षामा जोड दिदै गुण्स्तरीय शिक्षा प्रदान गर्नु ।
२. विद्यालय शिक्षा बाट बाहिर रहेका, व्यावसायिक तथा प्राविधिक शिक्षा ग्रहण गरि रोजगार तथा स्वरोजगार हुन ईच्छुक किशोर किशोरीहरुलाई छोटो तथा लामो अवधिको व्यावसायिक तथा प्राविधिक शिक्षा प्रदान गरि आर्थिक रुपले सम्पन्न बनाउनु ।
३. प्राविधिक शिक्षा ग्रहण गरिरहेका विद्यार्थीहरुलाई लक्षित गर्दै पढदै कमाउदै कार्यक्रमलाई निरन्तरता दिनुका साथै प्रभावकारी तथा व्यवस्थित बनाउनु ।
४. समय सापेक्ष बजार अनुकुलको जनशक्ति उत्पादनमा जोड गर्नु ।
५. प्राविधिक तथा व्यावसायिक शिक्षा एंव सिप विकासको लागि भौतिक तथा शैक्षिक पुर्वाधार विकास गर्नु ।
६. मध्यम स्तरको स्वरोजगारमूलक जनशक्ति तयार गर्नु ।

### ३.४.३ रणनीति

१. लामो तथा छोटो अवधिको प्राविधिक शिक्षा ग्रहण गरिरहेका विद्यार्थीहरुलाई प्रयोगात्मक कक्षामा जोड्ने उद्देश्यले निजि सेवा प्रदायक एंव कम्पनीहरु संग समन्वय गर्ने ।
२. नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन गर्ने ।
३. छोटो अवधिको सिप विकास तालिम सञ्चालनका निम्ति जहां तालिम त्यही रोजगारी भन्ने भावका साथ सेवा प्रदायकहरुको रोष्टर तयार गरी सेवा प्रदायक छनौट गर्ने ।
४. बजारमा कस्तो किसिमको सिपको माग रहेको सम्बन्धमा विस्तृत अध्ययन गरि सोही बमोजिमका सिप मुलक तालिमहरु प्रदान गरि रोजगार तथा स्वःरोजागर हुन अभिप्रेरित गर्ने ।

५. नगरपालिका मार्फत सिप मूलक तालिम प्राप्त गरेका किशोर किशोरीहरुलाई स्वःरोजगार हुन व्यावसाय स्थापनार्थ सामाग्री सहयोग गर्ने ।
६. सिप मूलक तालिम प्राप्त गरि मध्यम स्तरको व्यवसाय सञ्चालन गर्न ईच्छुक युवाहरुका निम्ति नगर साझेदारी कोषको स्थापना गरि सो मार्फत विना धितो न्यून व्याज दरमा ऋण उपलब्ध गराउने ।
७. आर्थिक रुपमा पछाडी परेका महिला, आदिवासी, दलित, अपाङ्ग तथा जनजातीहरुलाई प्राविधिक शिक्षामा पहुँच बढाउन आवश्यक कार्यक्रम निर्माण गरी लागु गर्ने ।
८. नगरपालिका भित्र आवश्यक प्राविधिक शिक्षाको आकलन गरी अन्य माविहरुमा समेत सोही अनुरुपको पुर्वाधार व्यवस्थापन गर्दै प्राविधिक विद्यालय स्थापनामा पहल गर्ने ।
९. नगरपालिका भित्र संचालित प्राविधिक कार्यक्रमहरुलाई बजार सँग जोडदै उत्पादित जनशक्तिलाई रोजगारको सुनिश्चितता गर्ने ।
१०. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने ।
११. प्राविधिक शिक्षा विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्वन्धि तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने ।
१२. प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरूको श्रमबजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र आवश्यकतानुसार श्रम सम्झौता गर्ने ।
१३. प्रत्येक वर्ष पालिकाभित्र विविध क्षेत्रमा व्यावसायिक सिपमा आबद्ध अनुकरणीय स्वरोजगारकर्ता तथा उत्कृष्ट रोजगारदाता घोषणा गरी व्यावसायिक शिक्षाको प्रर्वद्धन गर्ने ।

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि भएको हुनेछ ।
२. सिप मूलक तालिम प्राप्त युवाहरु रोजगार तथा स्वरोजगारमा आवद्ध भएको हुनेछन् ।
३. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड भएको हुनेछ ।
४. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा एंव सिप विकासको अवसर सृजना गर्न आवश्यक संयन्त्रको निर्माण तथा विकास भएको हुनेछ ।
५. समय सापेक्ष बजार अनुकुलको जनशक्ति उत्पादनमा जोड भएको हुनेछ ।
६. प्राविधिक तथा व्यावसायिक शिक्षा एंव सिप विकासको लागि भौतिक तथा शैक्षिक पुर्वाधार विकास भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका तथा पछडिएका समुदायका किशोरकिशोरीहरुलाई छात्रवृति प्रदान गर्न निश्चित मापदण्ड तयार भएको हुनेछ । | ० | १ | ० | ० | ० |

| क्र.सं. | सूचक | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| २ | प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन भएको हुनेछ। | ० | १ | ० | ० | १ |
| ३ | छोटो अवधिको सिप मूलक तालिम प्रदान गर्नका निम्ति सेवा प्रदायक संस्थाहरुको रोष्टर तयार भएको हुनेछ। | १ | ० | ० | १ | ० |
| ४ | मध्यम स्तरको व्यवसाय सञ्चालन गर्न ईच्छुक किशोर किशोरीहरुलाई सुलभ व्याज दरमा ऋण उपलब्ध गराउन नगर साझेदारी कोष स्थापना भएको हुनेछ। | १ | १ | १ | ० | ० |
| ५ | नगरपालिका तथा ग्रैह सरकारी संस्था मार्फत तालिम प्राप्त युवाहरू मध्ये कम्तीमा ८० प्रतिशत युवाहरूले जिल्ला स्तरमा रोजगारी गरेका हुनेछन् | ८० | ८० | ८० | ८० | ८० |
| ६ | सिपमुलक तालिम प्राप्त गरि रोजगार अथवा व्यवसायमा लागेका युवाहरू मध्ये कम्तीमा ८० प्रतिशत युवाहरूले मासिक रु १८००० आम्दानी गरेका हुनेछन् | ८० | ८० | ८० | ८० | ८० |
| ७ | बजारमा आवश्यक जनशक्तिको माग बारे विस्तृत अध्ययन भएको हुनेछ। | १ | ० | ० | १ | ० |
| ८ | जहाँ तालिम त्यही रोजगारी भन्ने अभिप्रायका साथ सेवा प्रदायक संस्था छनौट भएको हुनेछन् । | १ | १ | १ | १ | १ |
| ९ | निश्चित मापदण्ड निर्माण गरि सोका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा ग्रहण गर्न चाहने लक्षित वर्गका युवाहरूलाई छात्रवृतिद्वारा प्रोत्साहन गरिने | २० | २० | २० | २० | २० |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | |
| १ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरु | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | |
| | लक्षित गरि प्रयोगात्मक कक्षा सञ्चालन गर्न सेवा प्रदायक संस्था तथा फर्महरुसँग समन्वय । | | | | | | | |
| २ | प्राविधिक व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन गर्ने । | पटक | ० | १ | ० | ० | ० | १ |
| 3 | बजारमा आवश्यक जनशक्तिको माग बारे विस्तृत अध्ययन गर्ने । | पटक | १ | ० | ० | १ | ० | २ |
| ४ | सिपमूलक तालिम लिने युवाहरुलाई ५ दिने जिवन उपयोगी सिप तालिम प्रदान । | जना | २० | २० | २० | २० | २० | १०० |
| ५ | सिपमूलक तालिम लिने युवाहरुलाई ५ दिने लघुउद्यम तालिम प्रदान । | जना | २० | २० | २० | २० | २० | १०० |
| ६ | बजारको माग तथा युवाहरुको ईच्छा बमोजिम सिप मूलक तालिम प्रदान । | जना | २० | २० | २० | २० | २० | १०० |
| ७ | Skill based testing कार्यक्रम संचालन । | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सिपमूलक तालिम प्राप्त युवा जनशक्तिलाई व्यवसाय स्थापनार्थ सामाग्री सहयोग | जना | २० | २० | २० | २० | २० | १०० |
| ९ | नगर साझेदारी कोषको स्थापना गरि मापदण्ड निर्धारण गर्ने । | पटक | १ | १ | ० | ० | ० | २ |
| १० | अपाङ्गता भएका तथा पछडिएका समुदायका किशोरकिशोरीहरुलाई निर्माण भएको मापदण्ड बमोजिम छात्रवृति प्रदान । | युवा | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ११ | प्राविधिकधारमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | ० | १ | ० | ० | १ | २ |
| १२ | सेवा प्रदायक संस्थाहरुसँग | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | |
| | समन्वयात्मक बैठक | | | | | | | |
| १३ | रोजगारी स्थापनार्थ युवा दिवसको अवसरमा युवासँग मेयर कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | वार्षिक रुपमा उत्कृष्ट युवा उद्यमी लाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### परिचय

शिक्षा ज्ञान सिप सिकाइको मुख्य माध्यम हो भने सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । औपचारिक शिक्षा अनौपचारिक शिक्षाको परिपुरक, वैकल्पिक, अतिरिक्त र समकक्ष शिक्षा हो । अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षरता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र पेसागत तथा व्यावसायिक सिपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट् छ । अनौपचारिक शिक्षा बिशेषत: औपचारिक शिक्षा नपाएका पुरा गर्न नसकेका निरक्षर, अदक्ष, अर्धदक्ष व्यक्तिहरूले अनौपचारिक शिक्षाको निश्चित समय र निश्चित कोर्स पुरा गरि हासिल गर्ने शिक्षा हो अनौपचारिक शिक्षा । निरक्षर, बिचैमा विद्यालय छाडेका, अदक्ष, अर्धदक्ष व्यक्तिहरूको लागि अजीवन सिकाइ माध्याम हो अनौपचारिक शिक्षा ।

अनौपचारिक शिक्षातर्फ हाल आधारभूत साक्षरता कार्यक्रम, खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम गरी पालिकाले बिचैमा पढाई छाडेको बालबालिकाको लागि खुल्ला तथा बैकल्पिक विद्यालय, १५ बर्ष भन्दा माथिका लागि प्रौढ विद्यालय र महिलाहरूको लागि आयआर्जन सम्वन्धि सिप सिकाउन सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा ल्याई अनौपचारिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी नगरको शिक्षा विकासलाई व्यावसायिक शिक्षा तर्फ उन्नमुख गर्न सकिन्छ ।

### ३.५.१ वर्तमान अवस्था

शिवराज नगरपालिका भित्रका सबै बालबालिका तथा प्रौढहरुलाई शिक्षाको मूलधारमा ल्याउन औपचारिक शिक्षाले मात्र सम्भव नभएको अवस्थामा वैकल्पिक मार्गहरू प्रशस्त गर्नुपर्ने आवश्यकता छ । खुला शिक्षा नीति समेत अवलम्बन गरिएको परिप्रेक्ष्यमा विद्यालय छाड्ने बालबलिकाहरूलाई र विद्यालयमा भर्ना नभएका बालबालिकाहरूलाई उनीहरूको पायक पर्ने स्थानमा रुचि र आवश्यकता अनुकूलको पाठ्यसामग्रीमा अभ्यास गराएर विद्यालय शिक्षाको मूलधारमा ल्याउनुपर्ने आवश्यकता छ । साक्षर नगरपालिका घोषणा भइसकेको सन्दर्भमा १५ देखि ६० वर्ष उमेर समुहका निरक्षरहरु साक्षर भएको देखिन्छ । नेपाल सरकारले सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना गरी अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरेको पाइएतापनि यस पालिकामा दुई वटा मात्र सामुदायिक सिकाइ केन्द्र हाल सञ्चालनमा छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार ६ वर्ष वा सो भन्दा माथिको यस नगरपालिकाको कुल जनसङ्ख्याको साक्षरता ७२.६६% रहेको छ । अनौपचारिक शिक्षाको माध्यमबाट सिप तथा व्यवसाय संग व्यक्तिलाई जोडदै व्यक्तिको आत्म निर्भरतालाई अभिवृद्धि गरी समृद्ध नगर निर्माण गर्न सकिन्छ ।

**तालिका नं ३.११**

**साक्षरता विवरण**

| उमेर | जम्मा | पढ्न लेख्न | पढ्न मात्र | पढ्न लेख्न दुवै | उल्लेख |
|---|---|---|---|---|---|

| | जनसङ्ख्या | दुवै जानेको | | जानेको | | नजानेको | | नगरिएको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| 05 Year | 1911 | 663 | 788 | 19 | 14 | 175 | 241 | 5 | 6 |
| 06 Year | 1805 | 756 | 784 | 15 | 11 | 121 | 113 | 4 | 1 |
| 07 Year | 1799 | 855 | 774 | 8 | 14 | 73 | 74 | 0 | 1 |
| 08 Year | 2140 | 988 | 985 | 7 | 14 | 69 | 76 | 0 | 1 |
| 09 Year | 1551 | 750 | 708 | 15 | 7 | 31 | 39 | 0 | 1 |
| 10 Year | 2308 | 1024 | 1178 | 5 | 3 | 56 | 41 | 1 | 0 |
| 11 Year | 1435 | 667 | 718 | 5 | 1 | 22 | 21 | 1 | 0 |
| 12 Year | 2328 | 1014 | 1206 | 5 | 3 | 58 | 42 | 0 | 0 |
| 13 Year | 1841 | 915 | 864 | 2 | 1 | 19 | 39 | 1 | 0 |
| 14 Year | 1995 | 928 | 982 | 1 | 2 | 47 | 35 | 0 | 0 |
| 15 Year | 2088 | 984 | 1000 | 0 | 1 | 55 | 48 | 0 | 0 |
| 16 - 19 Years | 7792 | 3643 | 3638 | 8 | 6 | 279 | 215 | 2 | 1 |
| 20 - 24 Years | 8296 | 3825 | 3531 | 8 | 8 | 646 | 277 | 1 | 0 |
| 25 - 29 Years | 6928 | 2936 | 2679 | 15 | 4 | 936 | 358 | 0 | 0 |
| 30 - 34 Years | 6118 | 2140 | 2236 | 24 | 5 | 1258 | 455 | 0 | 0 |
| 35 - 39 Years | 5693 | 1497 | 2013 | 30 | 11 | 1535 | 607 | 0 | 0 |
| 40 - 44 Years | 4640 | 986 | 1583 | 30 | 10 | 1423 | 608 | 0 | 0 |
| 45 - 49 Years | 3558 | 547 | 1203 | 14 | 14 | 1198 | 582 | 0 | 0 |
| 50 - 54 Years | 3173 | 361 | 939 | 15 | 11 | 1230 | 617 | 0 | 0 |
| 55 - 59 Years | 2395 | 192 | 635 | 9 | 11 | 966 | 582 | 0 | 0 |
| 60 - 64 Years | 2121 | 148 | 456 | 9 | 9 | 932 | 567 | 0 | 0 |
| 65 - 69 Years | 1873 | 93 | 386 | 2 | 7 | 847 | 536 | 2 | 0 |
| 70 - 74 Years | 1566 | 49 | 277 | 2 | 4 | 705 | 529 | 0 | 0 |
| 75+ Years | 1375 | 33 | 196 | 1 | 9 | 616 | 520 | 0 | 0 |

**मुख्य समस्या तथा चुनौतिको विश्लेषण**

१. बिचैमा पढाई छाडेको बालबालिकाको, १५ बर्ष भन्दा माथिका निरक्षरक र अदक्ष, अर्धदक्ष जनसङ्ख्याको वास्तविक तथ्याङ्क नहुनु र ज्ञान सिप भएका व्यक्तिहरूलाई समकक्ष शिक्षाको मान्यता दिन नसक्नु

२. खुल्ला तथा बैकल्पिक विद्यालय, प्रौढ विद्यालय र सामुदायिक सिकाइ केन्द्रमा नहुनु
३. खुल्ला तथा बैकल्पिक विद्यालय, प्रौढ विद्यालय र सामुदायिक सिकाइ केन्द्रमा सञ्चालन र ब्यवस्थापनको लागि स्रोत र साधनमा कमि हुनु
४. सामुदायिक सिकाइ केन्द्रहरुलाई समय सापेक्ष कार्यक्रम विकास गरी सञ्चालन गर्न सक्षम बनाउनु,

### ३.५.२ उद्देश्य

१. विविध कारणबस यस नगरपालिकाभित्र औपचारिक शिक्षाको अवसरबाट वञ्चित वा बीचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु।
२. आवश्यकतानुसार सामुदायिक सिकाइ केन्द्र तथा निरन्तर शिक्षाको अभिन्न अङ्गको रुपमा शिवराज पुस्तकालयको स्थापना गरि निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नु।
३. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिप विकास तथा आय मूलक कार्यक्रम संचालन गर्ने।

### ३.५.३ रणनीतिहरु

१. शिवराज नगरपालिकाभित्र विविध कारणवश औपचारिक शिक्षाबाट वञ्चित विभिन्न उमेर समूहका नागरिकहरुको तथ्याङ्क सङकलन गर्न प्रत्येक वडाभित्रका माध्यमिक र आधारभूत विद्यालयका विद्यार्थीहरुलाई परियोजना कार्य मार्फत परिचालन गर्ने।
२. विद्यालयका अभिभावक गोष्ठीमार्फत नवसाक्षर र निरक्षर नागरिकहरलाई चेतनामूलक साक्षरता कार्यकम सञ्चालन गर्ने ।
३. शिक्षाको अवसर बाट लामो समय बञ्चित भई उमेरका कारणले अथवा अरु केही कारणले औपचारिक शिक्षा ग्रहण गर्न नसक्ने नागरिकका निम्ति सामुदायिक सिकाइ केन्द्र अथवा अन्य निकाय मार्फत सिप मूलक कार्यक्रम सञ्चालन गर्ने।
४. नागरिकलाई निरन्तर सिकाइ सँग जोड्न शिवराज नगर पुस्तकालयको स्थापन गर्ने।
५. नवसाक्षर, प्रौढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गर्ने।
६. आवश्यकतानुसार सामुदायिक सिकाइ केन्द्रको स्थापना र सुदृढिकरण गरी अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहन गर्ने।
७. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सरोकारवालाहरु संग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. अनौपचारिक शिक्षाको विकास तथा विस्तार बाट डिजिटल साक्षरता र आयआर्जनमा सहयोग भएको हुनेछ

२. आवश्यकतानुसार सामुदायिक सिकाइ केन्द्रको स्थापना, सवलिकरण गरि निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | इकाई | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | वटा | ० | ० | १ | ० | १ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) | प्रतिशत | ९५ | ९६ | ९६.५ | ९६.८ | ९७ |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | वटा | १ | १ | २ | २ | ३ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | वटा | २ | २ | २ | २ | २ |
| ५ | महिला तथा प्रौढहरु आय आर्जन गरि जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने | सङ्ख्या | २५ | ५० | ५० | ७५ | २०० |

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाले तय गरेको नतिजा हासिल गर्ने निम्नलिखित क्रियाकलाप र परिमाणात्मक लक्ष्य तय गरेको छ।

| क्र.स | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (पाचँ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | साक्षरता सम्वन्ध कक्षा सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | सामुदायिक सिकाइ केन्द्रमा रहेका पुस्तकालयहरूसँग सम्बन्ध स्थापना गराउने गरी समुदायस्तरमा पुस्तकालय स्थापना र सञ्चालन गर्ने | | १ | १ | १ | १ | १ | ५ |
| ५ | हाल सञ्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थप गरी सवलिकरण गरी अनौपचारिक शैक्षिक व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयन गरी तथ्याङ्क बिबरण तयार गर्न | पटक | २ | २ | २ | २ | २ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | अनौपचारिक र निरन्तर शिक्षा सम्बन्धी NQF कार्यान्वयन (समकक्षता मूल्याङ्कन र निर्धारणका लागि ऐन, निर्देशिका साथै संस्थागत संरचना, मानवस्रोत विकास र तिनको क्षमता अभिबृद्धि गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा हाल सञ्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नमूना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद चार
# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

यस नगर शिक्षा योजनाले विशेषत शिक्षामा पहुँच, सहभागिता, समता, समानता तथा सक्षमतालाई महत्वपूर्ण विषयको रूपमा शिक्षा योजनामार्फत सम्बोधन गर्ने उद्देश्य राखेको छ। सो कुराको सुनिश्चितताको लागि यस नगर शिक्षा योजनाको यस परिच्छेदमा शिक्षा क्षेत्र अन्तर्गतका उपक्षेत्रहरू जस्तै पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपत् न्यूनिकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि लगायतका उपक्षेत्रको परिचय, वर्तमान अवस्था, मुख्य समस्या तथा चुनौती, उद्देश्य, नतिजा, मुख्य कार्यसम्पादन सूचक र क्रियाकलापको बारेमा प्रस्तुत गरिएको छ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### परिचय

बालबालिकाको शारीरिक, मानसिक, सवेगात्मक, सामाजिक, सास्कृतिक र आध्यात्मिक विकासका लागि विद्यालय भित्र वा बाहिर विद्यार्थीहरुमा सिकाइ अनुभव हासिल गर्न तयार गरिएको दस्तावेज, वृहत योजना, शैक्षिक प्रक्रियाको सम्पूर्ण रुप नै पाठ्यक्रम हो। पाठ्यक्रम भित्र ढाँचा, सक्षमता, सिकाइ उपलब्धी, विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण, मूल्याङ्कन प्रक्रिया समावेश गरिएका हुन्छन्। बदलिदो समाजको मागअनुसार पाठ्यक्रम परिवर्तित र परिमार्जित हुँदै जाने भएकोले पाठ्यक्रमलाई गतिशील र लचिलो प्रक्रियाको रुपमा लिने गरिन्छ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारू केन्द्रित र तथ्यपरक हुनुपर्दछ।

वर्तमान पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्यमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यावहारिक र प्रयोगात्मक सिपमा रुपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ। विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास गरिएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ। पाठ्यक्रमका विषयवस्तुहरू सहज ढङ्गले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन्। यी सामग्रीहरू पुस्तकको रूपमा उपलब्ध हुनुको साथै डिजिटल रूपमा पनि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको छ। मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरिएका छन्। वर्तमान पाठ्यक्रमले सिकारूहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास गर्ने उद्देश्य लिएको देखिन्छ। तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ।

### ४.१.१ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भई वि.स. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयनमा आएको छ। आधारभूत तह कक्षा १-३, ४-५ र ६-८ का लागि अलगअलग पाठ्यक्रम निर्माण गरी

कार्यान्वयनमा ल्याइएको छ। यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनमा आएको छ । विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहारकुशल तथा जीवन उपयोगी सिप समावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । पाठ्यक्रमले मूल्याङ्कन पद्धतिलाई व्यवस्थित, विशिष्टीकृत र विश्वसनीय बनाउनको लागि कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था गरेको छ । कक्षा ४-८ मा पचास प्रतिशत निश्चित आधारबाट गरिने आन्तरिक र पचास प्रतिशत वार्षिक परीक्षाबाट मूल्याङ्कन गरिने व्यवस्था छ । कक्षा ८ को वार्षिक परीक्षालाई स्तरिकृत गर्न स्थानीय तह स्तरिय बनाउँदै आवधिक र प्रयोगात्मक परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको छ। माध्यमिक तह (९-१२) मा ७५ प्रतिशत सैद्धान्तिक र निश्चित मापदण्डका आधारमा पच्चिस प्रतिशत प्रयोगात्मक मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । सैद्धान्तिकतर्फ विद्यार्थीहरूको मूल्याङ्कनको लागि कक्षा ९ र ११ विद्यालय स्वयमले लिने व्यवस्था रहेको छ भने राष्ट्रिय परीक्षा बोर्डद्वारा कक्षा १० को मूल्याङ्कन प्रदेश स्तरीय र कक्षा १२ को परीक्षा राष्ट्रिय स्तरमै सञ्चालन गर्ने व्यवस्था रहेको छ । मूल्याङ्कनमा अङ्क पद्धतिलाई विस्थापित गरी अक्षराङ्कन पद्धति लागू गरिएको छ।

राष्ट्रिय पाठ्क्रम प्रारूप लागु भएका सबै सामुदायिक तथा धार्मिक विद्यालयलका विद्यार्थीलाई निःशुल्क पाठ्यपुसतक वितरण गरिएको छ । केही संस्थागत र धार्मिक विद्यालयले निजी प्रकाशनका पाठ्यपुस्तक समेत शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्दै आईरहेको छन् । सबै सामुदायिक विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध गराईएको छ । हाल यस शिवराज नगरपालिकाले हाम्रो शिवराज विषयको स्थानीय पाठ्यक्रम २०७९ निर्माण गरी लागू गरेको छ साथै त्यससँग सम्बन्धित शिक्षक स्रोत सामग्री निर्माण गरी प्रयोगमा ल्याएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ को प्रबोधीकरण गरिएको छ भने सबै विद्यालयहरूमा सोही पाठ्यक्रम बमोजिमले पठनपाठन गर्नु पर्ने प्रावधान निर्माण गरिएको छ। आधारभूत तहको कक्षा १-३ मा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, आधारभूत तहको कक्षा ४-८ र माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्धति र सार्वजनिक परीक्षाहरू स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूको तुलनामा विभिन्न क्षेत्रमा सधुार गरिएको छ।

**प्रमुख समस्या तथा चुनौतीहरू**

१. नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था गर्न ,
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि सरोकारवालाको क्षमता विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न,
३. सबै शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीहरूको अभिमुखीकरण गर्न,
४. पाठ्यक्रमले तोकेवमोजिम शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया कार्यान्वयन गर्न,
५. अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्न ,

## ४.१.२ उद्देश्यहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु।
२. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक गुण्स्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्नु।
३. स्थानीय र आधुनिक परिवेश अनुरूपका शिक्षण सिकाइद्धारा सिकारूमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु।

४. निरन्तर आवधिक तथा स्तरीकृत ,मुल्याङ्कनमा आधारित भई सिकारूको मूल्याङ्कनको व्यवस्था गर्ने
५. डिजिटल पाठ्यसमग्रीको प्रयोगलाई प्रभावकारी गर्नु ।
६. पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरि समतामुलक सहभागिता सुनिश्चित गर्नु ।

## ४.१.३ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ र तदनुरूपका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने
२. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम गर्ने
३. शिक्षक निर्देशिका सन्दर्भ सामग्रीहरू सर्वसुलभ हुने गरी व्यवस्थापन ,पाठ्यपुस्तक ,पाठ्क्रम ,गर्दे यसको डिजिटल प्रयोगलाई प्रभावकारी तरिकाले व्यवस्थापन गर्ने
४. विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको सक्षमता विकास गर्ने
५. शिक्षक निर्देशिका, स्रोत सामग्री, सिकाइ सामग्री, स्वाध्ययन सामग्री, सन्दर्भ सामग्रीको विद्यालयमा उपलब्ध गरी वा विद्युतीय अनलाईन पोर्टलमार्फत सबै विद्यालयमा पहुँचमा बढानउने काम गर्ने ।
६. विपत महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक ,विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गर्ने ।
७. शिक्षकको पेशागत सक्षमता विकास गर्दै पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्ने ।
८. अभिभावकहरूलाई आफ्नो बालबालिकाको सिकाप्रति जिम्मेवार बनाउन अभिभावक संलग्नता तथा सहभागिता वृद्धि गर्ने ।
९. शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गर्ने ।
१०. विज्ञान तथा गणित विषयको सिकाइलाई अभिवृद्धि गर्न प्रयोगात्मक, सृजनात्मक कार्यलाई जोड गर्ने ।
११. विद्यार्थीहरूको सर्वाङ्गीण पक्षको विकासका लागि अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराइ क्षमता अभिवृद्धिमा जोड गर्ने ।
१२. विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको सक्षमता विकास गर्ने ।
१३. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गर्ने ।
१४. संस्कृत भाषाको पाठ्यक्रम विकासका लागि विज्ञ समिति बनाउने र आवश्यकताका आधारमा विज्ञ अनुबन्ध गर्ने ।
१५. अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्ने ।
१६. पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, साङ्केतिक भाषा, श्रव्यदृष्य सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाहरूको शैक्षिक अधिकारको सुनिश्चितता गर्ने ।
१७. सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई शिक्षकको वृत्ति विकाससँग पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्ने व्यवस्था गर्ने ।
१८. कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षालाई थप प्रभावकारी र व्यवस्थित गर्ने ।

१९. कक्षा ३ र कक्षा ५ मा पालिका मार्फत परीक्षा सञ्चालन गर्ने ।

२०. प्रारम्भिक कक्षाहरूमा CB-EGRA लाई व्यवस्थित रूपमा सञ्चालन गर्दै नतिजाको अभिलेख व्यवस्थापन तथा सरोकारवालासँग प्रवाहलाई व्यवस्थित गर्ने ।

२१. विद्यार्थीले घरमा गरेको कामको मूल्याङ्कन गरी सिकाइ मूल्याङ्कन गर्ने ।

२२. प्रारम्भिक कक्षाहरूको सिकाइमा सहजीकरण गर्न पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा पठन सामग्रीहरू विभिन्न मातृभाषा र बहुभाषिक परिवेश सुहाउँदो स्थानीय भाषामा तयार गर्ने ।

२३. दृष्टिविहीन बालबालिकाका लागि सिकाइको अवसर बृद्धि गर्न पाठ्यक्रम, सिकाइ सामग्रीहरू ब्रेल लिपिमा उत्पादन गर्ने ।

२४. बोलाईमा समस्या भएका बालबालिकाका लागि साङ्केतिक भाषामा श्रव्यदृश्य सामग्रीको विकास र प्रयोग को वातावरण सिर्जना गर्ने ।

२५. पाठ्यक्रम विकास केन्द्र र शिक्षा तथा मानव श्रोत विकास केन्द्रले उपलब्ध गराएका अनलाईन सिकाइ सामग्रीको प्रयोगलाई प्रभाकारी बनाउदै बालबालिकाहरूमा स्व-अध्ययनको गर्ने बानीको विकास गर्ने ।

## ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन भएको हुनेछ

२.स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भ गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन भएको हुनेछ

३. स्थानीय र आधुनिक परिवेश अनुरूपका शिक्षण सिकाइद्धारा सिकारूमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण भएको हुनेछ

४. निरन्तर  आवधिक तथा स्तरीकृत मूल्याङ्कनमा आधारित भई सिकारूको  मूल्याङ्कनको व्यवस्था भएको हुनेछ

५. डिजिटल पाठ्यसमग्रीको प्रयोगलाई प्रभावकारी  भएको हुनेछ

६. पाठ्यक्रम तथा सिकाइ सामग्रीमा मा पर्याप्त विकल्पहरू प्रदान गरि समतामूलक सहभागिता सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालविकास देखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू पूर्ण रूपले कार्यान्वयन गर्ने विद्यालय संख्या | विद्यालय | सबै | सबै | सबै | सबै | सबै |
| २ | कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहार कुशल सिपहरू कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | विद्यालय | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ४ | आन्तरिक मूल्याङ्कन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | विद्यालय | ६२ | ६२ | ६२ | ६२ | ६२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ६२ | ६२ | ६२ | ६२ | ६२ |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयन सम्बन्धि अभिमुखीकरण | शिक्षक | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ |
| २ | स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन तथा अद्यावधिक | पाठ्यक्रम | १ | ० | ० | १ | ० | २ |
| ३ | आधारभूत तथा माध्मिक तहको पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम | सङ्ख्या | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ |
| ४ | आन्तरिक र बाहिय विद्यार्थी मूल्याङ्कन र तिनको कार्यान्वयनको मापदण्डहरू विकास गर्ने तथा अभिमुखिकरण | विद्यालय | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ |
| ५ | बहूपाठ्यपुस्तकहरूको कार्यान्यिन गर्ने | पटक | १ | ० | ० | १ | ० | ५२ |
| ६ | अतिरिक्त र सहकार्यकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | एकिकृत पाठ्यक्रम सम्बन्धि शिक्षकको क्षमता विकास | | १ | १ | ० | ० | ० | |
| ८ | मातृभाषामा आधारित शिक्षण सिकाइ सम्बन्धि क्षमता विकास | | ० | १ | १ | ० | ० | २ |
| ९ | प्रारम्भिक कक्षाका शिक्षकहरुलाई बहुभाषिक शिक्षण सम्बन्धि तालिम | पटक | १ | १ | ० | ० | ० | २ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १:४५ शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार कनफरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ। यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पुरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.१ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय त विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्वन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

**तालिका नं ४.१**

**जम्मा शिक्षकहरूको विवरण**

| क्र.स. | तह | राहत | स्विकृत | प्रशिक्षक | सहायक प्रशिक्षक | जम्मा | नगर स्वयंसेवक शिक्षक | शिक्षण सहयोग अनुदान/वार्षिक एकमुष्ठ अनुदान |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकास | ० | ६२ | ० | ० | ० | ९ | ९ |
| २ | प्राथमिक | ५८ | ११४ | ० | ० | १७२ | ३३ | १८ |
| ३ | नि.मा. | १३ | १२ | ० | ४ | २९ | ६५ | १२ |
| ४ | माध्यिमक | ९ | १५ | ४ | ० | २८ | ३५ | १५ |
| ५ | साविक उच्च मा.वि. | ६ | ४ | ८ | ० | १८ | ६० | ० |
| जम्मा | | ८६ | १४५ | १२ | ४ | २४७ | २०२ | ५४ |

स्रोतः *IEMIS , 2081*

### ४.२.२ उद्देश्य

१. गुणस्तरिय शिक्षाका लागि योग्य, व्यावसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्नु ।
२. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने ।
३. शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ गर्नु ।
४. विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितता गर्नु ।
५. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।
६. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
७. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

### ४.२.३ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गर्ने ।

२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गर्ने ।

३. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य गर्ने ।

४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गर्ने ।

५. यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयन गर्ने

६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

७. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

८. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय भएको हुनेछ ।

२. शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ भएको हुनेछ ।

३. विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितता भएको हुनेछ ।

४. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध भएको हुनेछ ।

५. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।

६. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ८० | ८० | ८० | ८० | ८० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक भएको विद्यालय | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक भएको बिद्यालय | ११ | ११ | ११ | ११ | ११ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक | १० | १० | २० | ३० | ४० |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा |
| १ | शिक्षक दरबन्दि मिलान (पुनर्बितरण र समायोजन) | पटक | १ | ० | १ | ० | १ | ३ |
| २ | माध्यमिक तहका शिक्षकहरुलाई बिषयगत तालिम | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ |
| ३ | प्रारम्भिक कक्षा सिकाइ (EGL) सम्बन्धी ५ दिने तालिम | पटक | ० | १ | ० | १ | ० | २ |
| ४ | सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको कार्यान्वयन गरिने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | पटक | ० | १ | ० | ० | १ | २ |
| ७ | उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ८ | शिक्षकहरुलाई ICT मा आधारित ३ दिने Online/Offline सिकाइ सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### परिचय

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरू बीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैंमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । शिवराज नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो । यसमा मधेशी, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसङ्ख्या यस नगरपालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठिन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ। यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ। समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ। यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ।

### ४.३.१ वर्तमान अवस्था

शिवराज नगरपालिका मा ५४ सामुदायिक विद्यालय र २६ संस्थागत विद्यालय मदरसा (धार्मिक वैकल्पिक) १० गरी ९० विद्यालयहरू सञ्चालनमा छन्। त्यसैगरी १०६ वटा बालविकास केन्द्रहरू रहेका छन्। EMIS रिपोर्ट २०८१ बमोजिम बालविकास केन्द्र र विद्यालयहरूमा गरी ८२ जना अपाङ्गता भएका बालबालिकाहरु विद्यालयमा भर्ना भएको देखिन्छ। अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने कानुनी ब्यवस्था गरिएको छ। जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रुपमा लिइन्छ। यस नगरपालिका मा विद्यार्थी कुल भर्नामा दलितको सङ्ख्या ४२३७ रहेको छ भने जनजातिको सङ्ख्या ७६३६ रहेको छ। समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन। ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ। त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन। त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ। तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन। समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूलप्रवाहीकरणमा ल्याउन अझैपनि सकिएको अवस्था छैन।

**समस्या तथा चुनौतिहरू**

माथि उल्लेखित विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको वर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतिहरू निम्न रहेका छन्:-

- अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु।
- विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु।
- विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु।
- समाजमा अझैपनि विभेदहेपाइ ज,दुर्व्यवहार ,स्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु।
- समाजमा पछि परेको वर्ग दलित अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु।

### ४.३.२ उद्देश्य

१. शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु ।
२. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको वर्गको शिक्षामा समतामुलक पहुँच, सहभागिता, गुणस्तर लाई सुनिश्चित गरी शैक्षिक सुशासनमा जोड दिई सबै प्रकारका विभेदलाई हटाउनु ।
३. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
४. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउनु ।
५. समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु ।

### ४.३.३ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी  बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गर्ने ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गर्ने ।
३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गर्ने ।
४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गर्ने ।
६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गर्ने ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गर्ने ।
८. विद्यालयहरूमा बिशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने ।
९. प्रत्येक विद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाउने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. शिक्षामा समतामूलक पहुँच पुऱ्याएको भएको हुनेछ ।
२. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित भएको हुनेछ ।
३. शैक्षिक सुशासन कायम गर्न विद्यालयहरूलाई जवाफदेही भएको हुनेछ ।
४. समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | आधार वर्ष (२०८१/८२) | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एवं प्रोत्साहन प्राप्त गरेको विद्यालय सङ्ख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ३ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने विद्यालय सङ्ख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | जम्मा |
| १ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदान गर्न बिशेष विद्यालय निर्माण | विद्यालय | ० | ० | १ | ० | ० | १ |
| २ | सुस्त श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा | विद्यार्थी | २० | २० | २० | २० | २० | १०० |
| ३ | बिशेष विद्यालयहरुमा शिक्षण सिकाइ सामग्री बितरण | विद्यार्थी | १ | १ | १ | १ | १ | ५ |
| ४ | बिशेष शिक्षा स्रोत कक्षाहरू सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | बालबालिका तथा समाहित शिक्षा संजाल गठन तथा बिबिध कार्यक्रम संचलान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | अपाङ्गता तथा समावेशि शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यम्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालयमा बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सिकाइ सिमीतता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### परिचय

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट

स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण तथा आवश्यकतानुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की छात्राहरूका लागि सेनिटरी प्याड छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालय सँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन। विद्यालय शिक्षा क्षेत्र योजना र १६ औँ आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइ सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व पुराण तथा दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन्। यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरुपता नदेखिने सम्भावना पनि रहेको छ। विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ।

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी विद्यार्थी सङ्ख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन्। उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ। स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था गर्न आवश्यक छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन।

### ४.४.१ वर्तमान अवस्था

शिवराज नगरपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण आइरनचकी र फोलिक एसिड वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा नगरपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको

व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ। सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन। दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन। यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन्। दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ। प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन। यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाई प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन्। विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन्। शिवराज नगरपालिका को सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ।

तालिका नं ४.२

बिद्यालयमा स्वास्थ्य को अवस्था

| क्र.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा औषधी भएको | प्राथमिक उपचार सहायता/सुविधा | नर्सको व्यवस्था | जुकाको औषधी वितरण भएको | आइरन चक्की वितरण भएको | सेनेटरी प्याड को व्यवस्था भएको | सेनेटरी डिस्पोजल पिट | विद्यार्थीहरु को बर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | विद्यालय स्वस्थ्य तथा पोषण फोकल शिक्षक | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल आदर्श माध्यमिक विद्यालय, शिवपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| २ | सरस्वती आधारभूत विद्यालय, शिवपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ३ | शिव प्राथमिक विद्यालय, भलुही | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ४ | मनकामना प्राथमिक विद्यालय, करैया | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ५ | ज्ञानज्योति प्राथमिक विद्यालय, उमरी | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ६ | जागृति प्राथमिक विद्यालय, सन्दीपनगर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ७ | वालशिक्षा माध्यमिक विद्यालय, हल्लानगर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ८ | जनता आधारभूत विद्यालय, मदरहवा | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ९ | बुद्ध प्राथमिक विद्यालय, हर्रहवा | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| १० | दुर्गा भगवती माध्यमिक विद्यालय, नयाँवस्ती | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ११ | आधारभूत विद्यालय, मदवा | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| १२ | धर्मज्योति प्राथमिक विद्यालय, भितरिया | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | वेवरभवानी प्राथमिक विद्यालय, मैनार | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| १४ | देविस्थान प्राथमिक विद्यालय, वलुहवा | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| १५ | मदरसा दारुल उलुम मोहम्मदिया, कटुवा | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| १६ | मदरसा दारुल ईस्लाह, सोनबर्सी | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| १७ | समयथान माध्यमिक विद्यालय, खरेन्द्रपूर | छ | छ | छ | छैन | छ | छ | छ | छ | छ | |
| १८ | राष्ट्रिय आधारभूत विद्यालय, डकहिया | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| १९ | राम जानकी प्राथमिक विद्यालय, समिति चोक | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| २० | मदरसा दारुल अनावरुल कुरान प्रा.वि.,चनई | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | |
| २१ | श्री वालहंस सांवेद संस्कृत पाठशाला, खरेन्दपूर | छ | छ | छैन | छ | छ◌ैन | छैन | छैन | छ | छ | |
| २२ | महेन्द्र आधारभूत विद्यालय, वरगदवा | छ | छ | छ | छैन | छ | छ | छ | छ | छ | |
| २३ | मदरसा रहमानिया, पिपरा | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| २४ | मदरसा अहले सुन्नत गरीब नवाज, पिपरा | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| २५ | राष्ट्रिय माध्यमिक विद्यालय, चन्द्रौटा | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| २६ | सिद्धार्थ आधारभूत विद्यालय, खैरी | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| २७ | मदरसा दारुल उलुम सिद्धिकिया प्रा.वि.,सौनी | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| २८ | मदरसा उसमान विन अफ्फान प्रा वि, चन्द्रौटा | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| २९ | ज्ञानज्योति प्राथमिक विद्यालय, भुड्डीहवा | छ | छ | छैन | छ | छ | छैन | छैन | छैन | छ | |
| ३० | मदरसा जियाउल वलूम अल सल्फिया, चन्द्रौटा | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ३१ | मदरसा नूरुल हुदा, खैरी | छैन | छैन | छैन | छ | छ | छ | छैन | छ | छैन | |
| ३२ | मदरसा अहले सुन्नत गरीब नवाज, पर्सीया | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ३३ | मदरसा जामिया अहले सुन्नत मिस्बाहुल उलुम मिस्किनिया, चन्द्रौटा | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ३४ | जामिया मखदुमिया उम्मे हबिया गर्ल्स कलेज, पर्सिया | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | त्रिभुवन आर्दश माध्यमिक विद्यालय, पिपरी | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ३६ | आधारभूत विद्यालय, धर्मनगर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ३७ | प्राथमिक विद्यालय, मोतिनगर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ३८ | बालविकास प्राथमिक विद्यालय, सुगानगर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ३९ | मदरसा जियाउल वलूम प्रा वि, कुदरवेटवा | छ | छ | छैन | छ | छ | छैन | छैन | छ | छ | |
| ४० | बीरपुर बालविकास केन्द्र, बीरपूर | छ | छ | छैन | छ | छ | छैन | छैन | छैन | छैन | |
| ४१ | शेष प्राथमिक विद्यालय, जवाभारी | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ४२ | नारायण गोपाल प्राथमिक विद्यालय, जूमिली | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ४३ | मदरसा अरबिया नुरुल प्रा.बि.जावाभारी | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ४४ | मदरसा दारुल किताबो सून्नह प्रा बि, रुद्रपूर | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ४५ | सूर्यलाल बालविकास केन्द्र, बालानगर | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ४६ | कुन्जविहारी बालविकास केन्द्र, निविहवा | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ४७ | हिमालय सफद प्राथमिक विद्यालय, रुद्रपुर | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ४८ | वालज्योति माध्यमिक विद्यालय, विसुनपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ४९ | जनचेतना माध्यमिक विद्यालय, लक्ष्मणपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ५० | त्रिपुरेश्वर प्राथमिक विद्यालय, महुली | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ५१ | लक्ष्मणपुर प्राथमिक विद्यालय, लक्ष्मणपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ५२ | भानु प्राथमिक विद्यालय, सडवा | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ५३ | दूर्गा प्राथमिक विद्यालय, देवीपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ५४ | मदरसा अहले सुन्नत नूरुल उलुम  प्रा वि, पकडी | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ५५ | ज्योति बालविकास केन्द्र, पटपर | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ५६ | अहलेसून्नत वदरुल उलूम प्रावि, विसूनपूर | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५७ | मदरसा अहले सून्नत गौसिया प्रा.वि. महुली | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ५८ | मनोकामना वालविकास केन्द्र, कोटवा | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ५९ | प्रकाश माध्यमिक विद्यालय, सून्दरीडाँडा | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६० | सरस्वती माध्यमिक विद्यालय, वनियाभार | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६१ | ने.रा. आधारभूत विद्यालय छो.भगवानपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६२ | शिवराज आधारभूत विद्यालय ढांणखोला | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६३ | शिव प्राथमिक विद्यालय, रमुवादह | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६४ | शिवगढी प्राथमिक विद्यालय, विजगौरी | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६५ | ने.रा. प्राथमिक विद्यालय, सितलापूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६६ | गंगापपुलर प्राथमिक विद्यालय, श्रीण्डीहवा | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६७ | किशोरआदर्श प्राथमिक विद्यालय, इस्लामनगर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६८ | जनआदर्श प्राथमिक विद्यालय, गव्वापूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ६९ | जनता प्राथमिक विद्यालय, लालपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ७० | मदरसा मोहम्मदिया अल सल्फिया प्रा वि सिवहरवा | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ७१ | मदरसा अहले सुन्नत गौसूल उलुम प्रा वि, लालपुर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ७२ | मदरसा जामिया अहलेसून्नत अनावारुल उलूम, ईस्लामनगर | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ७३ | रंगीलाल माध्यमिक विद्यालय, सडवा | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ७४ | ज्ञानोदय आधारभूत विद्यालय, सेमरी | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ७५ | दुर्गेश नन्दनी प्राथमिक विद्यालय, थून्हिया | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ७६ | ब्रम्हदेव प्राथमिक विद्यालय, मरजातपूर | छ | छ | छैन | छ | छ | छ | छ | छ | छ | |
| ७७ | मदरसा गौसिया आधारभूत विद्यालय, थुन्हिया | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |
| ७८ | राम लखन वालविकास केन्द्र, थुन्हिया | छ | छ | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | |

**समस्या तथा चुनौतीहरू**

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितब्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु ।
२. स्थानीय क्षमता सुदृढीकरण तथा सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसकिनु ।
३. दिवा खाजाका लागि अत्यन्त न्यून रकमको उपलब्धता, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध नहुनु ।
४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न नसकिनु ।
५. विद्यालय खाजा व्यवस्थापनका लागि मानव स्रोतको व्यवस्था गर्न नसकिनु ।
६. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु ।
७. विद्यालय स्वास्थ्य र पोषणका कार्यक्रमलाई प्रभावकारी रुपमा अनुगमन गर्ने र समयबद्ध मूल्याङ्कन पद्धतिको विकास गर्न नसक्नु ।
८. विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु ।
९. विद्यालय पोषण स्वास्थ्य तथा सरसफाईलाई कार्यान्वयनका लागि नगरपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय प्रभावकारी नहुनु ।
१०. खोप, अइरन चक्की फोलिक एसिडको प्रयोगमा मुस्लिम समुदायका सबै छात्राहरूलाई समावेश गर्न नसकिनु ।

## ४.४.२ उद्देश्य

शिवराज नगरपालिका मा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धि उद्देश्यहरू यसप्रकार रहेका छन ।

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

## ४.४.३ रणनीति :

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने ।
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने ।

## ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता भएको हुनेछ ।
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० |
| २ | सबै विद्यालयले गुणस्तरिय तथा स्थानिय उत्पादनलाई प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरेका हुनेछन । | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ |

## ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका विद्यार्थीहरुको अपाङ्गता सम्बन्धी स्वास्थ्य जाँच र परीक्षण गरी निदान गर्न | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| २ | दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाडा वर्तनको प्रबन्ध | पटक | १ | ० | १ | ० | १ | ३ |
| ३ | दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | २७० |
| ५ | किशोरी महिनावारी स्वच्छता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.५ विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशिलता

### परिचय

प्राकृतिक प्रणाली र मानव निर्मित प्रणालीमा मानव जीवन आवद्ध छ । कतियप समय र परिस्थिति प्रतिकुल हुदाँ हाम्रो क्षमता भन्दा बाहिर हुन पुग्दछ । यसरी हाम्रो क्षमता बाहिरको घटनाले मानव जातीलाई पार्ने दुख पिडाको अवस्थालाई हामी विपद्, दैवी प्रकोप आदिको नामले चिन्ने गर्दछौं । कोभिड १९, बाढी पहिरो, भूकम्प, आगलागी, जङ्गली जीवजन्तुका कारण पुग्ने क्षति, लु, शितलहर, चट्याङ्ग, विद्युतीय दुर्घटना, सडक दुर्घटना, असिना, खडेरी, अतिवृष्टि, अनावृष्टि, हावाहुरी, बतास आदि विपद्का रुप हुन् । व्यक्तिको दैनिक जीवनयापन र समाजको सामाजिक, नियमित प्रक्रिया अवरुद्ध हुन गइ समस्या उत्पन्न हुन पुग्दछ । यस्तो बिषम अवस्थामा पनि व्यक्तिको चेतना, ज्ञान प्राप्ति भने बन्द हुँदैन । सिकारु उमेरका विद्यार्थीले सिक्नु पर्ने उमेर, दिन र समयमा सिक्ने पर्ने कुरा सिक्न पाउनु पर्ने हुन्छ । त्यसकारण बालकको समयबद्ध सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै शिक्षण संस्थालाई सुरक्षित बनाउन हरेक शिक्षक संस्थाको लेखाजोखा मूल्याङ्कन गरेर सुरक्षित विद्यालय भौतिक संरचना बनाउने, जोखिम पूर्व तयारी कार्य गर्ने आपतकालिन समयमा उद्धार राहतका कार्य गर्ने, पुन निर्माण, पुनस्थापनाका कार्य गर्ने गरी विद्यालयको क्षमता सवलीकरण गर्ने र जस्तोसुकै समयमा पनि एक हप्ता भन्दा बढी समय नियमित औपचारिक शिक्षाबाट बालबालिका बञ्चित हुनु नपर्ने गरी विद्यालय शिक्षक र विद्यार्थीहरुको सूचना र प्रविधिमा पहुँच सुनिश्चित हुने गरी वैकल्पिक सिकाइ प्रबन्ध गर्ने कार्य आपतकालीन अवस्थामा शिक्षा व्यवस्थापनको योजना अन्तर्गत पर्दछ ।

यस शिवराज नगरपालिकाको विपतको रुपमा प्रत्येक बर्ष डुवानको समस्या, हावाहुरी र आगलागी बाट जनताको घर धन जनको क्षति र त्यसबाट विद्यालय तथा नियमित शिक्षामा परेको असर र कोभिड १९ का कारण २०७७ र २०७८ सालमा भएको विश्व महामारीले व्यक्तिको व्यावसायिक लगायत दैनिक जनजीवन ठप्प पार्ने गरी पारेको प्रभावका कारण विद्यालय बालबालिकाको पढाइ तथा सिकाइ परीक्षा र मूल्याङ्कनमा पारेको प्रभावहरुलाई आगामी दिनको सुधारको लागि पाठका रुपमा लिएर समयमा नै शिक्षा व्यवस्थापन हुने गरी योजना बनाउनु आजको आवश्यकता र दूरदर्शिता हुन जान्छ । आपत्कालीन निम्न ३ प्रकारका अवस्थालाई मध्यनजर गरेर शिवराज

नगरपालिकाको शिक्षा योजना तथा विपद् प्रतिकार्य योजना निर्माण भै त्यसमा शिक्षाको निरन्तर प्रवाह नरोकिने प्रबन्ध प्रस्तुत आवधिक योजनामा गर्नु पर्दछ।

१. प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण कार्य
२. महामारी तथा महामारीजन्य रोग व्यवस्थापन कार्य
३. बसाइसराइको प्रभाव र असर व्यवस्थापन कार्य।

स्थानीयस्तरको सामान्य जनजीवन र शिक्षा क्षेत्रलाई बृहत रुपमा प्रभाव पार्ने सम्भावित संकटको बृहत्तर क्षेत्रहरु व्यवस्थापनमा विषयबस्तुहरुलाई मुख्य केन्द्र विन्दुमा राखेर शिक्षाको आवधिक योजना र वार्षिक नीति कार्यक्रम तथा बजेटले नगरपालिका र विद्यालय स्तरमा देहायका सबै पक्षहरुविच प्रक्रिया अपनाइ पूर्व तयारी कार्य, तत्कालीन रेस्पोन्सको कार्य र क्षतिपछिको कार्यलाई योजना बनाइ कार्यान्वयनमा प्राथमिकता दिनु पर्ने हुन्छ:

१. आपतकालिन समयमा बाँच्ने, जोगिने, उपचार पाउने, आश्रय पाउने, शिक्षा पाउने, प्रजनन् स्वास्थ्य, सुरक्षा पाउने अधिकारको सुनिश्चितता,
२. आपतलिन समयमा बालबालिका, महिला, गर्भवती, अपाङ्ग बृद्ध बृद्धाहरू अग्रता हुने गरी सुनिश्चितता पाउने,
३. आपतकालिन समयमा पिडा, प्रभाव एवम् क्षतिका आधारमा न्यायोचित व्यवस्था गर्न प्राथमिकता पाउने,
४. आपत् परेका सबैको क्षतिका आधारमा पाउने अवसर, सुरक्षा र सेवामा पहुँच सुनिश्चित गर्ने,
५. पिडामा परेका व्यक्ति अर्थात सुविधावाट वञ्चित व्यक्तिलाई (खाना नपाएका, लगाउन नपाएका, बस्न नपाएकाहरु) जे जस्तो दिए पनि हुन्छ भन्ने भावनाले काम गर्न नदिइ गुणस्तर र सुशासन कायम हुने गरी निश्चित मापदण्डका आधारमा सहयोग र सेवा प्रदान गर्ने ,
६. आपतलिन अवस्थामा काम गर्ने निकाय र व्यक्ति, सेवा सुनिश्चितता गर्ने,

## ४.५.१ वर्तमान अवस्था

आपतकालिन व्यवस्थापनमा शिवराज नगरपालिकाको वर्तमान शिक्षालाई जोडेर हेर्दा नगर पालिकाले २० वर्षे नगर विकास गुरु योजना २०८०, विकास र दिगो वातावरणीय संरक्षणलाई जोडेर वनाएको एउटा महत्वपूर्ण दस्तावेज हो। शिक्षाका सन्दर्भमा नेपालको संविधान २०७२ मा भएको व्यवस्था, संघ प्रदेश र स्थानीय तहका शिक्षा ऐन नियमावली र कार्यविधिहरुमा भएका प्रावधानहरु, भयरहित शिक्षण सिकाइ निर्देशिका २०७६, विद्यालय शान्ती क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७, विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१, बृहत विद्यालय सुरक्षा न्यूनतम् प्याकेज २०७५ मा भएको विपत् जोखिम विद्यालय पूर्वाधार तथा व्यवस्थापन कार्यविधिहरु, बृहत विद्यालय सुरक्षा गुरुयोजना २०७४ र बृहत्त विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०७५ मा विद्यालयको न्यूनतम सुरक्षा एवं विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास रणनैतिक कार्यविवरणहरु, दिगो विकास लक्ष्य, १५ औ योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालयको विपत् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन र समुदाय विच उत्तथानशिलता शिक्षा एवं विपत्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको पाइन्छ। विश्व महामारी कोभिड १९ को समयमा जारी गरिएको सिकाइ सहजीकरण निर्देशिका २०७७ आदिमा भएको व्यवस्था र तीनको कार्यान्वयनको प्रभाव र अवस्थाले वर्तमान समयमा स्थानीयस्तरमा आपत्कालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवस्थालाई छर्लङ्ग पारेको छ र त्यसैमा आधारित भएर योजना निर्माण र कार्यान्वयन रणनीति अवलम्बन गरिएको छ। शिवराज नगरपालिकाको विपत् व्यवस्थापन समितिका निर्णय र कार्यहरु, आपतकालिन प्रतिकार्य योजना, आपतकालिन प्रतिकार्य रणनिति २०२२-२०३०,विपत व्यवस्थापन ऐन २०७८ मा राखिएका प्रावधानहरु,

विपत् राहत कोष र त्यसको वितरण, संघ संस्था र विशेष गरी रेडक्रस ,तयार नेपाल लगायत विपत  काम गर्ने अनुभवी संस्थाहरुको भूमिकाले पनि वर्तमान अवस्था प्रष्ट पारेको छ ।

### ४.५.२ उद्देश्य

आपतकालिन  अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने यसको मुख्य उद्देश्य हो भने यस अन्तर्गतका अन्य उद्देश्यहरू यस प्रकार रहेका छन् :

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्य ढाँचा विकास गर्नु ।
- अल्पकालीन र दीर्घकालीन पुनःस्थापना गर्नु ।

### ४.५.३ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनःस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।
- सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने ।
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने ।
- कोभिड– १९ लगायतका महामरीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने ।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरी सोको प्रतिकार्यका लागि योजना बनाइ कार्यान्वयन गर्ने ।
- संकटासन्नता को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना तयार गर्ने ।
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनःस्थापना गर्ने ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने ।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**(क ) उपलब्धि**

आपत्कालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

**(ख ) नतिजा**

१. विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा पुनःउत्थानयोजना तथा क्षमता विकास भएको हुने,
२. भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील भएको हुने,
३. विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियकलापहरू निरन्तररुपमा सञ्चालन भएको हुने,
४. विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण भएको हुने,
५. स्थानीय तह र विद्यालयको क्षमता विकास भएको हुने,
६. विपद् पूर्वतयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम सञ्चालन भएको हुने,
७. शिक्षक तथा विव्यस तालिम सञ्चालन भएको हुने,
८. संकटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण भएको हुने,
९. विपद् प्रतिरोधी विद्यालय भवन निर्माण भएको हुने,

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | पटक | १ | ० | ० | १ | ० | २ |
| २ | नगरपालिका आपतकालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ |
| ३ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालयमा विपद प्रतिकार्य योजना निर्माणका लागि विपद फोकल शिक्षक तथा प्रधानाध्यापकलाई तालिम | पटक | १ | १ | ० | ० | ० | २ |
| ६ | अर्ध वार्षिक रुपमा बालबालिकाहरुलाई विपद सम्बन्धि कृत्रिम अभ्यास सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| ७ | शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | प्रभाव न्यूनिकरण गर्न मनोसामाजिक परामर्श सेवा | | | | | | | |
| ८ | विद्यालयलाई विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, पोसाक, किट, प्राथमिक उपचार बाकस ( relief materials) को प्रबन्ध गर्नका लागि सहयोग गर्ने | विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | २७० |
| ९ | विपतमा काम गर्ने सरोकारवाला, संघ संस्था र विपत सम्बन्धी विज्ञ व्यक्तिसगं समन्यव सहकार्य | पटक | १ | १ | ० | ० | ० | २ |
| १० | विद्यालयमा विपद समय निर्धारण सम्बन्धी विपत पात्रो र सचेतना कार्यक्रम | पटक | १ | १ | ० | ० | ० | २ |
| ११ | अस्थायि सिकाइ केन्द्र निर्माण स्थल पहिचान तथा स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.६ विद्यालय भौतिक पुर्वाधार विकास

### परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश बर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

नेपालमा हाल कुल विद्यालयको सङ्ख्या ३५,५२० मध्ये २७,५४० सामुदायिक विद्यालय रहेका छन् । देशका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा ९४,८१५ विद्यालय भवन रहेकामा ५९,९४० भवन पक्की छन् । ती भवनहरूमा जम्मा १,७३,५८२ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने १,६९,१३८ ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ । प्रधानाध्यापका लागि बेग्लै कोठा जम्मा ८,९८७ विद्यालयमा मात्र देखिन्छ भने ११,०६९ विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ । सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या ९३,७२५ रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । यी विद्यालयहरूमा जम्मा ५४,२८३ स्टाफ कोठा, ९५,३३ पुस्तकालय कोठा र ३,३५८ खेलकुद कोठा रहेका छन् भने ६,१८७ ओटा कोठामा विज्ञानका ल्यावहरू रहेका छन् ।

२०७२ सालमा गएको विनासकारी भुकम्पबाट ७,९२३ विद्यालयहरूका ४९,६८१ कक्षाकोठामा क्षति पुगेको थियो । जसमध्ये हालसम्म ६,०८५ विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १,४६८ विद्यालय निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । संघीयता कार्यान्वयन भन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम गर्ने बेग्लै शाखा र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारी भएकाले कार्यान्वयनको जिम्मेवारी स्थानीय तहहरूको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार संघीयतहबाट हुँदै आएको छ । यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो पर्ने हो र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ । विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आकलन गर्न सकिएको छैन । हालै मात्र बृहत् रूपमा पुनर्निमाणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (CLPIU) बाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने. दातृ निकायबाट निर्माण हुने र गैर सरकारी संघसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन् । प्राप्त सूचनाका आधारमा हालसम्म पूर्वाधारको आवश्यकता सम्बोधन हुन सकेको छैन ।

२०७६ सालमा कोविडको पहिलो लहर चलेको समयमा विद्यालयलाई क्वारेन्टाइनको रुपमा प्रयोग गरी मुलुक बाहिरबाट आएका मानिसहरुलाई राखिएको थियो । विद्यालयहरुमा बनाइएका त्यस्ता क्वारेन्टाइनहरुमा बसेका मानिसहरुले खानेपानी, शौचालय र फ्यान आदि नभएको भन्दै आन्दोलन गरेका थिए । साँच्ची विद्याथीहरुले त्यस्तो विद्यालयमा कसरी वर्षौंदेखि बसेर अध्ययन गरे होलान् ? यो एउटा सानो उदाहरण मात्र हो । सन्दर्भ गम्भीर छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको पालामा कर्कट पाताले छाएका मोडलका विद्यालय भवन मुलुकभरि धेरै निर्माण भए । बालबालिकाका लागि त्यस्तो भवन कुनै पनि सिजनमा उपयुक्त नहुने हिरासत जस्तो हुदोरहेछ । हिउदमा अत्यधिक चिसो, गर्मीमा अत्यधिक गर्मी र वर्षामा पानी परेको आवाजले शिक्षण सिकाइ क्रियाकलाप अवरुद्ध हुने हुदोरहेछ । बालमैत्री, सिकाइमैत्री जे जस्तो भनिए पनि भवन बनाउदा लागतमैत्रीलाई बढि ख्याल

गरिएको देखिन्छ । लागत पनि तराइदेखि हिमालसम्म, गाउदेखि शहरसम्म, राजधानी देखि मोफसलसम्म सबैतिर एउटै । त्यो क्रम अहिले पनि जारी छ ।

विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । जस्तै ४ कोठाको भवन बनाउदा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु ३६ लाख विनियोजन भएको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाख सम्मको लागत इस्टिमेट तयार भई कार्यान्वयनमा रहेका छन् । भवन बनाउने बजेट काठमाडौंदेखि जुम्लासम्म उही छ । भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीं विवाद र कानुनी प्रश्न उठिरहेका छन् । शिक्षा मन्त्रालयअन्तरगतको सबै भन्दा ठूलो बेरुजुको हिंस्सा भवन निर्माणको रहेको छ । नेता, विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरुले समेत विद्यालयको अरु पक्षलाई भन्दा पनि पूर्वाधार निर्माणको पक्षलाई देखिने गरी महत्व दिएको पाइन्छ । तथापि पूर्वाधारहरु भने अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन् । रकम नपुगेर कतिपय पूर्वाधारहरु अधकल्चो अवस्थामा छन् । कतिपय पूर्वाधार निर्माणको क्रममा मुद्दा र उजूरीका कारण काम हुन नसकेका अवस्थाहरु पनि छन् । भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पालना नभएका कारण धेरैजसो विद्यालयहरू सुरक्षित, लैङ्गिक र अपाङ्गतामैत्री बन्न सकेका छैनन् । पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएका आवाजहरु उठिरहेका छन् । कसैले कहिल्यै नपाउने र कसैले सधैं पाइरहने अवस्था भइरहेको गुनासो गर्छन मर्कामा परेकाहरु ।

**चुनौति र अवसर**

योजनाको प्रस्तुत खण्ड विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित चुनौतीहरू अन्तर्गत विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसक लागि आवश्यक भूमिका स्पष्ट पार्नु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्नु, नपुग रकमका लागि अभिभावकहरुबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु, पूर्वाधारहरूलाई अपङ्गतामैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजूरी रहित बनाउनु, समुदायलाई अपनत्व ग्रहण गर्ने वातावरण बनाउन", पूर्वाधारका कार्यक्रमहरु वितरण गर्दा न्यायपूर्ण र निष्पक्षताका आधारमा वितरण गर्नु, पूर्वाधार निर्माण कार्यक्रम वितरण गर्दा तीनवटा सरकारको विचमा समन्वयको वातावरण हुनु, स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु आदि रहेका छन् ।

विद्यालय पूर्वाधार निर्माणको सवालमा अवसरहरु पनि पर्याप्त देखिन्छन् । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र जनप्रतिनिधिहरुले विद्यालयको अन्य पक्षलाई भन्दा पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु, तीनै तहका सरकारबाट पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु, पूर्वाधार निर्माणका सवालमा गैरसरकारी संस्थाहरुले समेत योगदान गर्नु, पूर्वाधार निर्माणको सवालमा समुदायको योगदान पनि इतिहासदेखि नै वर्तमानसम्म पनि अक्षुण्ण जस्तै हुनु, अधिकांश विद्यालयहरुका पूर्वाधार विगतको तुलनामा सुधार हुदै गएको देखिनु, अन्यत्रको तुलनामा शिवराज नगरपालिकाको विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक हुनु, कतिपय विद्यालयहरुमा पूर्वाधारतर्फ मर्मत सम्भारका लागि आफ्नै आयस्रोत हुनु, मन्त्रालय र विभागले समेत २०७२ को भूकम्प पछि निर्माण हुने पूर्वाधारहरुलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु आदिलाई अवसरहरुको रुपमा लिन सकिन्छ ।

### ४.६.२ उद्देश्य

योजनाको प्रस्तुत खण्डको विषयको  समग्र उद्देश्य सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउनु रहेको छ भने यसका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ।
- विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।
- गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेहि प्रणालीको विकास गर्नु ।
- विद्यालय पूर्वाधार निर्माणको पहुचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु ।
- भौतिक पूर्वाधारको हिसावले शैक्षिक संस्थाहरुलाई अभावमुक्त बनाउनु ।
- समुदायका मानिसको अपनत्व बढाउनु ।
- भौतिक पुर्वाधार निर्माणका निम्ति अन्तर सरकार र अन्य सरोकारवालाबिच समन्वय,  सहकार्य गर्नु ।

### ४.६.३ रणनीति

- पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको भूगोल, हावापानी र लागतका आधारमा मापदण्ड विकास गरी कार्यान्वयनका लागि  संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।
- पूर्वाधार निर्माणका लागि कसैका मागको आधारमा भन्दा पनि वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिवद्धताको वातावरण विकास गर्ने ।
- विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास  गरी कार्यान्वयन गर्नका लागि सहकार्य गर्ने ।
- शैक्षिक संस्थाहरुलाई भौतिक पूर्वाधार विकासको दृष्टिकोणले योजना अवधिभर अभावमुक्त थलोको रुपमा विकास हुने गरी पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्धन र निगरानीका लागि समुदायका मानिसहरुमा अपनत्वको भावनाको विकास गर्ने ।
- विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गरी कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा अनुसार निर्माण कार्यको कार्यान्वयन गर्ने ।
- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्थासँग लागत साझेदारी गर्ने ।
- अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवं जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गर्ने ।

### ४.६.४. प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।

**ख) नतिजा**

१. विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित भएको हुने ।
२. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार भएको हुने ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको बाँडफाँड सहित कार्यान्वयन प्रारूप विकास भएको हुने ।
४. नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने ।
५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A school with complete infrastructure) को अवधारणा अनुसार विकास भएको हुने ।
६. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना उपलब्ध भएको हुने ।
७. पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड र स्तरीकरणका सूचक तयार भएको हुने ।
८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका पद्धति विकास भएको हुने ।
९. विद्यालय पूर्वाधार विकासका कामहरु दीगो र विवादरहित भएको हुने ।

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | विद्यालय | २ | २ | ३ | ३ | ३ | १३ |
| २ | विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विद्यालयमा पर्खाल निर्माण | विद्यालय | ३ | ३ | ४ | ४ | ५ | १९ |
| ४ | कक्षाकोठा व्यवस्थापन तथा फर्निचर निर्माण | विद्यालय | ३ | ४ | ४ | ५ | ५ | २१ |
| ५ | विद्यालय भवन रङ्गरोगन | विद्यालय | ४ | ४ | ४ | ४ | ३ | १९ |
| ६ | विद्यालय भवन तथा फर्निचर मर्मत सम्भार | विद्यालय | ८ | ४ | ३ | २ | ३ | २० |
| ७ | बालविकास केन्द्रमा शौचालय निर्माण | | २ | २ | २ | ३ | ३ | १२ |
| ८ | बालविकास केन्द्र भवन निर्माण | केन्द्र | ० | १ | ० | १ | १ | ३ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### परिचय

पछिल्लो समयमा सूचना प्रविधिको विकास र प्रयोग ह्वात्तै बढेको छ । सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालीन उद्देश्य पनि रहेको छ। उसैपनि विश्वमा प्रतिस्पर्धी, श्रमबजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरू बिच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेकव छ। त्यसैगरीनिरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

### ४.७.१ बर्तमान अवस्था

शिवराज नगरपालिकाको विद्यालयहरूमा सूचना प्रविधि (आई.सी.टी) विकासको अवस्था प्रारम्भिक चरणमै छ। आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ। माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ। सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ । सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर सहायकको व्यवस्था गरिएको छ। केही माध्यमिक तहको विद्यालयहरूमा कम्प्युटर ल्याब , इन्टरनेट पहुँच, र प्रोजेक्टर, डिजिटल बोर्ड जस्ता सुविधाहरु उपलब्ध गरिएको छ भने , सबै विद्यालय मा भने यी सुविधाहरु सीमित छन्। आई.सी.टी. सामग्रीको अभाव, प्रशिक्षित जनशक्ति र नियमित तालिमको कमीले गर्दा आई.सी.टी शिक्षा पूर्णरूपमा प्रभावकारी हुन सकेको छैन। स्थानीय तह र साझेदार संस्थाहरूको सहयोगमा केही सुधारका प्रयास भइरहेको भए पनि सम्पूर्ण विद्यालयमा डिजिटल शिक्षाको पहुँच विस्तार गर्न थप स्रोत र योजनाबद्ध पहल आवश्यक छ।

नगरपालिका मा सामुदायिक तथा मदरसा विद्यालयहरूमा सूचना तथा संचार प्रविधिको अवस्था यसप्रकार रहेको छ ।

**तालिका नं ४.३**
**विद्यालयमा सूचना प्रविधिको अवस्था**

| क्र.सं. | विद्यालयको नाम | विजुली जडान | वाइफाई जडान | डेक्सटप | ल्यापटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्यूटर प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल आदर्श माध्यमिक विद्यालय, शिवपूर | छ | छ | १ | १ | १ | १ | १ | १ | |
| २ | सरस्वती आधारभूत विद्यालय, शिवपूर | छ | छ | १३ | १ | १ | ३ | १ | १ | |
| ३ | शिव प्राथमिक विद्यालय, भलुही | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ४ | मनकामना प्राथमिक विद्यालय, करैया | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ५ | ज्ञानज्योति प्राथमिक विद्यालय, उमरी | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ६ | जागृति प्राथमिक विद्यालय, सन्दीपनगर | छ | छ | ० | १ | ० | ० | ० | ० | |
| ७ | वालशिक्षा माध्यमिक विद्यालय, हल्लानगर | छ | छ | १० | १ | १ | १ | १ | १ | |
| ८ | जनता आधारभूत विद्यालय, मदरहवा | छ | छ | ० | ० | १ | ० | ० | ० | |
| ९ | बुद्ध प्राथमिक विद्यालय, हर्रहवा | छ | छ | ० | १ | १ | ० | ० | ० | |
| १० | दुर्गा भगवती माध्यमिक विद्यालय, नयाँवस्ती | छ | छ | १ | १ | १ | १ | १ | १ | |
| ११ | आधारभूत विद्यालय, मदवा | छ | छ | १ | १ | १ | ० | ० | ० | |
| १२ | धर्मज्योति प्राथमिक विद्यालय, भितरिया | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| १३ | वेवरभवानी प्राथमिक विद्यालय, मैनार | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| १४ | देविस्थान प्राथमिक विद्यालय, वलुहवा | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| १५ | मदरसा दारुल उलुम मोहम्मदिया, कटुवा | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| १६ | मदरसा दारुल ईस्लाह, सोनबर्सी | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| १७ | समयथान माध्यमिक विद्यालय, खरेन्द्रपूर | छ | छ | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | राष्ट्रिय आधारभूत विद्यालय, डकहिया | छ | छ | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | राम जानकी प्राथमिक विद्यालय, समिति चोक | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| २० | मदरसा दारुल अनावरुल कुरान प्रा.वि.,चनई | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| २१ | श्री वालहंस सांवेद संस्कृत पाठशाला, खरेन्दपूर | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| २२ | महेन्द्र आधारभूत विद्यालय, वरगदवा | छ | छ | ० | १ | १ | १ | ० | ० | |
| २३ | मदरसा रहमानिया, पिपरा | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| २४ | मदरसा अहले सुन्नत गरीब नवाज, पिपरा | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| २५ | राष्ट्रिय माध्यमिक विद्यालय, चन्द्रौटा | छ | छ | २० | ३ | ४ | १ | १ | १ | |
| २६ | सिद्धार्थ आधारभूत विद्यालय, खैरी | छ | छ | ६ | १ | १ | १ | १ | १ | |
| २७ | मदरसा दारुल उलुम सिद्धिकिया प्रा.वि.,सौनी | छ | छ | १० | ० | ० | ० | ० | ० | |
| २८ | मदरसा उसमान विन अफ्फान प्रा वि, चन्द्रौटा | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| २९ | ज्ञानज्योति प्राथमिक विद्यालय, भुड्डीहवा | छ | छ | ० | १ | १ | १ | ० | ० | |
| ३० | मदरसा जियाउल वलूम अल सल्फिया, चन्द्रौटा | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ३१ | मदरसा नूरुल हुदा, खैरी | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ३२ | मदरसा अहले सुन्नत गरीब नवाज, पर्सीया | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ३३ | मदरसा जामिया अहले सुन्नत मिस्बाहुल उलुम मिस्किनिया, चन्द्रौटा | छ | छैन | ० | १ | ० | ० | ० | ० | |
| ३४ | जामिया मखदुमिया उम्मे हबिया गर्ल्स कलेज, पर्सिया | छ | छैन | ० | १ | ० | ० | ० | ० | |
| ३५ | त्रिभुवन आर्दश माध्यमिक विद्यालय, पिपरी | छ | छ | १ | ८ | १ | १ | १ | १ | |
| ३६ | आधारभूत विद्यालय, धर्मनगर | छ | छ | १ | १ | १ | १ | १ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | प्राथमिक विद्यालय, मोतिनगर | छ | छ | ० | १ | १ | १ | ० | ० | |
| ३८ | बालविकास प्राथमिक विद्यालय, सुगानगर | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ३९ | मदरसा जियाउल वलूम प्रा वि, कुदरवेटवा | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ४० | बीरपुर बालविकास केन्द्र, बीरपूर | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ४१ | शेष प्राथमिक विद्यालय, जवाभारी | छ | छ | ० | १ | १ | १ | ० | ० | |
| ४२ | नारायण गोपाल प्राथमिक विद्यालय, जूमिली | छ | छ | १ | १ | १ | १ | ० | ० | |
| ४३ | मदरसा अरबिया नुरुल प्रा.बि.जावाभारी | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ४४ | मदरसा दारुल किताबो सून्नह प्रा बि, रुद्रपूर | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ४५ | सूर्यलाल बालविकास केन्द्र, बालानगर | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ४६ | कुन्जविहारी बालविकास केन्द्र, निविहवा | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ४७ | हिमालय सफद प्राथमिक विद्यालय, रुद्रपुर | छ | छ | १ | १ | ० | ० | ० | ० | |
| ४८ | वालज्योति माध्यमिक विद्यालय, विसुनपूर | छ | छ | ८ | १ | १ | १ | ० | ० | |
| ४९ | जनचेतना माध्यमिक विद्यालय, लक्ष्मणपूर | छ | छ | ६० | ३ | ४ | २ | २ | २ | |
| ५० | त्रिपुरेश्वर प्राथमिक विद्यालय, महुली | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ५१ | लक्ष्मणपुर प्राथमिक विद्यालय, लक्ष्मणपूर | छ | छ | ० | २ | २ | १ | ० | ० | |
| ५२ | भानु प्राथमिक विद्यालय, सडवा | छ | छ | ० | १ | १ | ० | ० | ० | |
| ५३ | दूर्गा प्राथमिक विद्यालय, देवीपूर | छ | छ | ० | १ | १ | ० | ० | ० | |
| ५४ | मदरसा अहले सुन्नत नूरुल उलुम प्रा वि, पकडी | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ५५ | ज्योति बालविकास केन्द्र, पटपर | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ५६ | अहलेसून्नत वदरुल उलूम प्रावि, विसूनपूर | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ५७ | मदरसा अहले सून्नत गौसिया प्रा.वि. महुली | छ | छैन | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५८ | मनोकामना वालविकास केन्द्र, कोटवा | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ५९ | प्रकाश माध्यमिक विद्यालय, सून्दरीडाँडा | छ | छ | १० | ३ | २ | २ | १ | १ | |
| ६० | सरस्वती माध्यमिक विद्यालय, वनियाभार | छ | छ | २० | १ | १ | १ | १ | १ | |
| ६१ | ने.रा. आधारभूत विद्यालय छो.भगवानपूर | छ | छ | ८ | १ | १ | १ | १ | १ | |
| ६२ | शिवराज आधारभूत विद्यालय ढांणखोला | छ | छ | १० | १ | १ | १ | ० | १ | |
| ६३ | शिव प्राथमिक विद्यालय, रमुवादह | छ | छ | १ | १ | १ | १ | ० | ० | |
| ६४ | शिवगढी प्राथमिक विद्यालय, विजगौरी | छ | छैन | ० | १ | २ | १ | ० | ० | |
| ६५ | ने.रा. प्राथमिक विद्यालय, सितलापूर | छ | छ | ० | ६ | १ | ३ | १ | ० | |
| ६६ | गंगापपुलर प्राथमिक विद्यालय, श्रीण्डीहवा | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ६७ | किशोरआदर्श प्राथमिक विद्यालय, इस्लामनगर | छ | छ | ० | १ | १ | ० | ० | ० | |
| ६८ | जनआदर्श प्राथमिक विद्यालय, गव्वापूर | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ६९ | जनता प्राथमिक विद्यालय, लालपूर | छ | छ | १ | १ | १ | ० | ० | ० | |
| ७० | मदरसा मोहम्मदिया अल सल्फिया प्रा वि सिवहरवा | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ७१ | मदरसा अहले सुन्नत गौसूल उलुम प्रा वि, लालपुर | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ७२ | मदरसा जामिया अहलेसून्नत अनावारुल उलूम, ईस्लामनगर | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ७३ | रंगीलाल माध्यमिक विद्यालय, सडवा | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ७४ | ज्ञानोदय आधारभूत विद्यालय, सेमरी | छ | छ | १ | ५ | १ | १ | १ | ० | |
| ७५ | दुर्गेश नन्दनी प्राथमिक विद्यालय, थून्हिया | छ | छ | ० | १ | १ | ० | ० | ० | |
| ७६ | ब्रम्हदेव प्राथमिक विद्यालय, मरजातपूर | छ | छ | ० | १ | १ | १ | ० | ० | |
| ७७ | मदरसा गौसिया आधारभूत विद्यालय, थुन्हिया | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ७८ | राम लखन वालविकास केन्द्र, थुन्हिया | छ | छैन | ० | ० | ० | ० | ० | ० | |

**चुनौती र अवसर**
**चुनौतीहरू:**

- ICT उपकरण खरिद तथा मर्मतका लागि बजेट अभाव छ, जसका कारण धेरै विद्यालयमा आवश्यक प्रविधि पुर्याउन कठिनाइ हुन्छ ।
- कम्प्युटर, इन्टरनेट, र अन्य आईटी उपकरणहरू उपयोग गर्न योग्य प्रशिक्षित शिक्षक र प्राविधिक जनशक्ति अभावमा छन्।
- ग्रामीण क्षेत्रमा इन्टरनेट र विद्युत् आपूर्ति अस्थिर हुँदा नियमित रूपमा आईटी कक्षाहरू सञ्चालनमा समस्या हुन्छ।
- अत्यधिक प्रयोगले आईटी सामग्रीमा समस्या आउँदा त्यसको मर्मतसम्भार गर्न दक्ष जनशक्ति र साधनहरूको कमी छ।
- सूचना प्रविधि विकासमा भएको प्रगति र गुणस्तर सुनिश्चित गर्नका लागि नियमित अनुगमन र मूल्याङ्कन प्रणालीको अभाव छ।

**अवसरहरू:**

- संघीय र प्रदेश सरकार, गैरसरकारी संस्था, र निजी क्षेत्रसँगको सहकार्यले आईटी पूर्वाधार निर्माणका .सी. लागि आवश्यक स्रोत जुटाउन सकिन्छ।
- विद्यार्थी, शिक्षक र अभिभावकमा डिजिटल शिक्षाप्रति चासो बढेको छ, जसले प्रविधि शिक्षा प्रवर्धनमा सहयोग पुऱ्याउँछ।
- आईटी पूर्वाधारले विद्यार्थीहरूलाई ईलर्निङ-, अनलाईन स्रोत सामग्री, र अन्य डिजिटल सिकाइका अवसरहरूमा पहुँच दिन सक्छ।
- स्थानीय युवालाई आईटी तालिम दिएर विद्यालयहरूमा दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ, जसले रोजगारीका अवसर समेत सिर्जना गर्दछ।
- लागत कम गर्न स्मार्ट उपकरणहरू, Low cost प्रविधि, र अन्य नवप्रवर्तनशील प्रविधि प्रयोग गरेर विद्यालयमा सूचना प्रविधिको पहुँच विस्तार गर्न सकिन्छ।

## ४.७.२ उद्देश्य

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु ।
२. सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आइ गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्नु ।
३. सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु ।
४. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.३ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।
२. सबै शिक्षकहरूको क्षमता विकास गर्ने।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।
६. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
७. सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गर्ने।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको हुनेछ
२. सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच भएको हुनेछ
३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ४८ | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ३ | विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने विद्यालय सङ्ख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| ४ | सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली लागु भएको विद्यालय सङ्ख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | संख्या | ३ | २ | २ | २ | २ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयहरुमा विद्युतको वैकल्पिक व्यवस्थाका सेवा विस्तार गर्ने | संख्या | ३ | २ | २ | २ | २ | ११ |
| ३ | शिक्षण सिकाइमा सूचना प्रविधिकको प्रयोग सम्बन्धि क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | ५० |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई ई-लर्निङ सेन्टरको रुपमा विकास | पटक | १ | 0 | १ | 0 | १ | ३ |
| ६ | साइबर कानून सम्बन्धी विद्यार्थी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | बैकल्पिक माध्यमका (भर्चुअल) कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट निर्माण, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | संख्या | २ | २ | २ | २ | २ | १० |

# परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

## परिचय

देशको बर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरू पहिचान गरिएको छ। पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ।

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ।राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्। विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ। विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ|

## ५.१.१ वर्तमान अवस्था

यस नगरपालिका भित्रका सबै विद्यालयहरूको सुशासन, व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिती रहने व्यवस्था छ। शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित ) मा व्यवस्था भए अनुसार विद्यालयहरू सञ्चालनमा रहेका छन्। विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितीकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ। व्यवस्थापन समितीले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ। विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितीको सक्रियतामा सम्पन्न गरिन्छ। विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र व्यवस्थापन गर्ने, आर्थिक सोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ।

**तालिका नं ५.१**
**विद्यालय सुशासन सम्बन्धि अवस्था**

| क्र.स. | विद्यालयको नाम | विद्यालय सुधार योजना | | सामाजिक परीक्षण भएको | शैक्षणिक योजना | | | विद्यालय व्यवस्थापन समिति | | शिक्षक अभिभावक सघ | | अभिभावक भेला वर्षमा कति पटक | बाल क्लब गठन भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण भएको | प्रत्येक वर्ष अध्यावधिक भएको | | वार्षिक शैक्षिक योजना | एकाई योजना | दैनिक पाठयोजना निर्माण | गठन भएको | नियमित बैठक बसेको | गठन भएको | नियमित बैठक बसेको | | |
| १ | नेपाल आदर्श माध्यमिक विद्यालय, शिवपूर | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १२ | छ |
| २ | सरस्वती आधारभूत विद्यालय, शिवपूर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छ |
| ३ | शिव प्राथमिक विद्यालय, भलुही | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ४ | मनकामना प्राथमिक विद्यालय, करैया | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ५ | ज्ञानज्योति प्राथमिक विद्यालय, उमरी | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ६ | जागृति प्राथमिक विद्यालय, सन्दीपनगर | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | १२ | छैन |
| ७ | वालशिक्षा माध्यमिक विद्यालय, हल्लानगर | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | १२ | छ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | जनता आधारभूत विद्यालय, मदरहवा | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | १२ | छ |
| ९ | बुद्ध प्राथमिक विद्यालय, हर्रहवा | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |
| १० | दुर्गा भगवती माध्यमिक विद्यालय, नयाँवस्ती | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छ |
| ११ | आधारभूत विद्यालय, मदवा | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १३ | छ |
| १२ | धर्मज्योति प्राथमिक विद्यालय, भितरिया | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |
| १३ | वेवरभवानी प्राथमिक विद्यालय, मैनार | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ६ | छैन |
| १४ | देविस्थान प्राथमिक विद्यालय, वलुहवा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| १५ | मदरसा दारुल उलुम मोहम्मदिया, कटुवा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| १६ | मदरसा दारुल ईस्लाह, सोनबर्सी | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| १७ | समयथान माध्यमिक विद्यालय, खरेन्द्रपूर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छ |
| १८ | राष्ट्रिय आधारभूत विद्यालय, डकहिया | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १३ | छ |
| १९ | राम जानकी प्राथमिक विद्यालय, समिति चोक | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | मदरसा दारुल अनावरुल कुरान प्रा.वि.,चनई | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| २१ | श्री वालहंस सांवेद संस्कृत पाठशाला, खरेन्दपूर | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| २२ | महेन्द्र आधारभूत विद्यालय, वरगदवा | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | १२ | छैन |
| २३ | मदरसा रहमानिया, पिपरा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| २४ | मदरसा अहले सुन्नत गरीब नवाज, पिपरा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| २५ | राष्ट्रिय माध्यमिक विद्यालय, चन्द्रौटा | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छ |
| २६ | सिद्धार्थ आधारभूत विद्यालय, खैरी | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १३ | छैन |
| २७ | मदरसा दारुल उलुम सिद्धिकिया प्रा.वि.,सौनी | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| २८ | मदरसा उसमान विन अफ्फान प्रा वि, चन्द्रौटा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| २९ | ज्ञानज्योति प्राथमिक विद्यालय, भुड्डीहवा | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ३० | मदरसा जियाउल वलूम अल सल्फिया, चन्द्रौटा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ३१ | मदरसा नूरुल हुदा, खैरी | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | ० | छैन |
| ३२ | मदरसा अहले सुन्नत गरीब नवाज, पर्सीया | छैन | छैन | छैन | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | मदरसा जामिया अहले सुन्नत मिस्बाहुल उलुम मिस्किनिया, चन्द्रौटा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ३४ | जामिया मखदुमिया उम्मे हबिया गर्ल्स कलेज, पर्सिया | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ३५ | त्रिभुवन आर्दश माध्यमिक विद्यालय, पिपरी | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छ |
| ३६ | आधारभूत विद्यालय, धर्मनगर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छैन |
| ३७ | प्राथमिक विद्यालय, मोतिनगर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छैन |
| ३८ | बालविकास प्राथमिक विद्यालय, सुगानगर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छैन |
| ३९ | मदरसा जियाउल वलूम प्रा वि, कुदरवेटवा | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छैन |
| ४० | बीरपुर बालविकास केन्द्र, बीरपूर | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | १२ | छैन |
| ४१ | शेष प्राथमिक विद्यालय, जवाभारी | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ४२ | नारायण गोपाल प्राथमिक विद्यालय, जूमिली | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |
| ४३ | मदरसा अरबिया नुरुल प्रा.बि.जावाभारी | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४४ | मदरसा दारुल किताबो सून्नह प्रा बि, रुद्रपूर | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ४५ | सूर्यलाल बालविकास केन्द्र, बालानगर | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ४६ | कुन्जविहारी बालविकास केन्द्र, निविहवा | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन |
| ४७ | हिमालय सफद प्राथमिक विद्यालय, रुद्रपुर | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन | छैन |
| ४८ | वालज्योति माध्यमिक विद्यालय, विसुनपूर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ५ | छ |
| ४९ | जनचेतना माध्यमिक विद्यालय, लक्ष्मणपूर | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १२ | छ |
| ५० | त्रिपुरेश्वर प्राथमिक विद्यालय, महुली | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |
| ५१ | लक्ष्मणपुर प्राथमिक विद्यालय, लक्ष्मणपूर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ६ | छैन |
| ५२ | भानु प्राथमिक विद्यालय, सडवा | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ७ | छैन |
| ५३ | दूर्गा प्राथमिक विद्यालय, देवीपूर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ८ | छैन |
| ५४ | मदरसा अहले सुन्नत नूरुल उलुम प्रा वि, पकडी | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ५५ | ज्योति बालविकास केन्द्र, पटपर | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५६ | अहलेसून्नत वदरुल उलूम प्रावि, विसूनपूर | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ५७ | मदरसा अहले सून्नत गौसिया प्रा.वि. महुली | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ५८ | मनोकामना वालविकास केन्द्र, कोटवा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ५९ | प्रकाश माध्यमिक विद्यालय, सून्दरीडाँडा | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | १२ | छ |
| ६० | सरस्वती माध्यमिक विद्यालय, वनियाभार | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १२ | छ |
| ६१ | ने.रा. आधारभूत विद्यालय छो.भगवानपूर | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |
| ६२ | शिवराज आधारभूत विद्यालय ढांणखोला | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ६ | छैन |
| ६३ | शिव प्राथमिक विद्यालय, रमुवादह | छ | छ | छ | छ | छैन | छैन | छ | छ | छ | छ | ७ | छैन |
| ६४ | शिवगढी प्राथमिक विद्यालय, विजगौरी | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ६५ | ने.रा. प्राथमिक विद्यालय, सितलापूर | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | छ | १२ | छ |
| ६६ | गंगापपुलर प्राथमिक विद्यालय, श्रीण्डीहवा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ६७ | किशोरआदर्श प्राथमिक विद्यालय, इस्लामनगर | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६८ | जनआदर्श प्राथमिक विद्यालय, गव्वापूर | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ६९ | जनता प्राथमिक विद्यालय, लालपूर | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |
| ७० | मदरसा मोहम्मदिया अल सल्फिया प्रा वि सिवहरवा | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ७१ | मदरसा अहले सुन्नत गौसूल उलुम प्रा वि, लालपुर | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ७२ | मदरसा जामिया अहलेसून्नत अनावारुल उलूम, ईस्लामनगर | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |
| ७३ | रंगीलाल माध्यमिक विद्यालय, सडवा | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ८ | छ |
| ७४ | ज्ञानोदय आधारभूत विद्यालय, सेमरी | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ८ | छैन |
| ७५ | दुर्गेश नन्दनी प्राथमिक विद्यालय, थून्हिया | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |
| ७६ | ब्रम्हदेव प्राथमिक विद्यालय, मरजातपूर | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छ | ५ | छैन |
| ७७ | मदरसा गौसिया आधारभूत विद्यालय, थुन्हिया | छ | छ | छ | छैन | छैन | छैन | छ | छ | छ | छैन | ५ | छैन |
| ७८ | राम लखन वालविकास केन्द्र, थुन्हिया | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छैन | ५ | छैन |

यस नगरपालिका भित्रका विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ। शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ। विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ। विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ। विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानध्यापकको रहेको छ। शैक्षिक सुशासनकालागी यस पालीकामा सवै सामुदायीक विद्यालयमा विद्यालय सुधार योजना र लेखापरिक्षण, सामाजीक परिक्षण गरेकाका छन्। यस नगरपालिकाको शैक्षिक सुशासन तथा व्यवस्थापनकोलागी संस्थागत संरचना यस प्रकार रहेको छ।

शिवराज नगरपालिकाका विद्यालयहरूमा सुशासन र व्यवस्थापन लागि केही चुनौती र अवसरहरू रहेका छन्।

**चुनौतीहरू:**

१. विद्यालय व्यवस्थापन समितिहरूमा प्रायः सदस्यहरूको प्रशासनिक ज्ञान र अनुभव कम हुँदा निर्णयप्रक्रिया प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन।
२. विद्यालयको बजेट र खर्च पारदर्शी नहुनु, तथा जिम्मेवारीमा स्पष्टता नहुनु सुशासनको चुनौती बनिरहेको छ।
३. विद्यालयको प्रगति तथा कमीकमजोरीलाई समयमै मूल्याङ्कन नगर्दा योजनाबद्ध सुधार र प्रभावकारी निर्णय लिन कठिनाई हुन्छ।
४. विद्यालय र स्थानीय तहबीचको कमजोर समन्वयले स्रोत र व्यवस्थापन सुधारका कार्यहरूमा अवरोध सिर्जना गर्छ।
५. व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति र पर्याप्त स्रोतसाधन नहुँदा गुणस्तरीय व्यवस्थापन कायम राख्न चुनौती छ।

**अवसरहरू:**

१. संघीय शिक्षा नीतिको कार्यान्वयन गर्दै स्थानीय सरकारसँग सहकार्य गरेर विद्यालयको व्यवस्थापन सुधार गर्न सकिन्छ।
२. विद्यालय व्यवस्थापनमा अभिभावक र स्थानीय समुदायलाई सहभागी गराएर उनीहरूको सक्रिय सहयोग र सुझावमार्फत शिक्षा प्रणाली सुधार गर्न सकिन्छ।
३. संघीय तथा प्रदेश सरकारका विभिन्न शिक्षा सुधार कार्यक्रम र अनुदानलाई विद्यालय सुशासन तथा व्यवस्थापन सुधारमा उपयोग गर्न सकिन्छ।
४. विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम र क्षमता विकासको अवसर प्रदान गरेर उनीहरूलाई सुशासनको प्रक्रियामा संलग्न गराउन सकिन्छ।
५. व्यवस्थापन र अनुगमनमा सूचना प्रविधि डिजिटल रिपोर्टिङ :जस्तै), ट्रान्सपेरेन्सी टूल्सप्रयोग गरेर पारदर्शिता (, जिम्मेवारी, र मूल्याङ्कन प्रक्रिया सुधार गर्न सकिन्छ।

### ५.१.२ उद्देश्यहरू

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु ।
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु ।
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु ।
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

### ५.१.३ रणनीतिहरू

१. स्थानीय तह प्रदेश र संघीय सरकार बीच समन्वय र सहकार्य गर्ने ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गर्ने ।
३. स्थानीय तहको शिक्षा ऐन नियम नियमावली तथा कार्यविधिहरु तयार गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गर्ने ।
५. संघ प्रदेश र स्थानीय,तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गर्ने ।
६. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गर्ने ।
७. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गर्ने ।
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गर्ने ।
९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने विद्यालय सङ्ख्या | विद्यालय | २ | २ | २ | २ | २ |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने विद्यालय सङ्ख्या | विद्यालय | २ | २ | २ | २ | २ |
| ३ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | पटक | १ | १ | १ | १ | १ |
| ४ | सिकाइहरुको दस्तावेज तयार हुने विद्यालय सङ्ख्या | विद्यालय | १ | १ | १ | १ | १ |

## ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | शैक्षिक व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | कार्यक्रमहरूको त्रैमासिक तथा वार्षिक प्रगती प्रतिवेदन तथा स्थिती प्रतिबेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको कार्यसम्पादन सम्पादन सम्बन्धी सामाजिक लेखापरीक्षण गर्ने मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्यय सम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | बिध्यालय | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | नगरपालिकाको शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधि गर्ने बिभिन्न Issues मा आधारित अनुसन्धान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | नगरको शिक्षा योजनाको वार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालय स्तरीय गुनासो सुनुवाई संयन्त्र समिति गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | १ | ० | ० | ० | २ |
| ८ | विद्यालयमा गुनासो पेटिका सहयोग | विद्यालय | २० | ० | ० | ० | ० | २० |
| ९ | विद्यालयमा बालिका तथा समावेशी शिक्षा संचालन गठन तथा क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय र बर्तमान अवस्था

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो रहेको छ ।

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ५ हजार रुपियाँ रहेको छ ।

